# सुवर्णप्रभाससूत्रम्

वौ. द. नं. ४८३

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
संस्कृति-विभाग

००००

चौ. द. नं. ४८३

प्रकाशक
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
काठमाडौं, नेपाल

प्रथम संस्करण—वि. सं. २०३०

Acc. 1053/9043

मुद्रक
आदर्श छापाखाना
रामशाह पथ, (थापाथली)
काठमाडौं, नेपाल

पौ.द.४८३

श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव

श्री ५ महाराजाधिराजबाट हुकुम भएको छ– 'साहित्य, कला र ज्ञान-विज्ञानको क्षेत्रमा अतीत कालदेखि हिमवत्खण्डले दिइआएका योगदानको विशेष महत्त्व छ।'

हुन पनि हिमवत्खण्डको साहित्यमा जीवनको माधुर्यमूल उन्मेष मात्र होइन कि त्यसमा रहेको अध्यात्मको प्रतिष्ठाबाट सौन्दर्यको काया संगीतपूर्ण पनि हुन गएको छ, कलामा पनि जीवनले भोग्नुपरेको द्वन्दको संख्यातीत विविधता मात्र होइन अनन्त आकाश पुरस्कृत हुने हृदयको इन्द्रधनुषी स्वीकृति पनि छ, ज्ञानमा बुद्धिको नीरस ऊहापोह मात्र होइन कि सत् र चित्को एकतामा तादात्म्य हुने आनन्दको अखण्ड आलोक पनि छ।

यसैले श्री ५ महाराजाधिराजबाट हिमवत्खण्डको गौरवपूर्ण परम्परामा आएको अवरोधलाइ हटाउन नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानको संस्थापन गरिबक्सेको हो। मौसूफ सरकारबाट हुकुम पनि भएको छ– 'ऐतिहासिक कारणहरूले गर्दा उपर्युक्त परम्परामा बीचमा आएको व्यवधानलाइ पन्छाई नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान देशको मौलिक परम्परालाइ युगानुकूल बाटोमा अग्रसर गराउन चाहन्छ।'

मलाइ आशा मात्र होइन पूर्ण विश्वास पनि छ, श्री ५ महाराजाधिराज सरकारबाट निर्दिष्ट गरिबक्सेको पथमा प्रज्ञा–प्रतिष्ठान निरन्तर अग्रसर भई त्यसले देशको बौद्धिक तथा मानसिक आवश्यकताहरूको क्रमशः परिपूर्ति गर्ने छ र देशान्तरमा पनि हाम्रो जीवनको रूप–सौन्दर्य मात्र होइन कि कर्म-सौन्दर्य र शील–सौन्दर्यको परिचय दिनमा पनि सफलता प्राप्त गर्दै जाने छ।

**केदारमान व्यथित**

२०२६ साल जेठ

कुलपति

नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान

# मन्तव्य

"सुबर्णप्रभासोत्तम सूत्रेन्द्रराज" लाई हामी छोठकरीमा "सुवर्णप्रभास" भन्ने गर्दछौं । बौद्धधर्मको यो सूत्रग्रन्थ हो । यसलाई धेरै अघि प्रकाशमा ल्याएर आफ्नो कार्य पूरा गर्नुपर्ने थियो । तर, गएका दिनलाई परवर्ती सम्झेर वर्तमानमा यो प्रकाश गर्न सकिएकोमा नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान हर्षको अनुभव गर्छ । नेपालीका अनुवादकलाई सूत्रको भाषा असजिलो पर्न जान् त्यति अस्वाभाविक पनि होइन झैं लाग्छ । भगवान् बुद्ध विश्ववन्द्य भए पनि सिद्धार्थ गौतम जन्माउने नेपाल आमा हुन् । त्यसै हुँदा बौद्ध धर्मको विषयमा हामीलाई गर्व हुनु मानवस्वभाव हो । यस अनुवादबाट पाठकलाई केही उपलब्धि भएमा हाम्रो परिश्रम सफल हुनेछ । अनुवादकप्रति धन्यवाद प्रदान गर्छु ।

चूडानाथ भट्टराय
निमित्त
का. मु. उपकुलपति

# [illegible]

[illegible]

[illegible]

[

# विषय सूची


| | | पृष्ठ |
|---|---|---|
| १) | निदानपरिवर्त | १ |
| २) | तथागतायुःप्रमाण निर्देशपरिवर्त | ४ |
| ३) | स्वप्नपरिवर्त | १० |
| ४) | देशनापरिवर्त | ११ |
| ५) | स्तवपरिवर्त | १९ |
| ६) | शून्यतापरिवर्त | २३ |
| ७) | महाराजपरिवर्त | २६ |
| ८) | सरस्वतीदेवीपरिवर्त | ४३ |
| ९) | श्रीमहादेवीपरिवर्त | ४७ |
| १०) | नामसंधारणीपरिवर्त | ५० |
| ११) | पृथिवीदेवतापरिवर्त | ५१ |
| १२) | सेनापतिपरिवर्त | ५५ |
| १३) | राजशास्त्रपरिवर्त | ५७ |
| १४) | सुसंभवपरिवर्त | ६३ |
| १५) | यक्षाश्रयरक्षापरिवर्त | ६७ |
| १६) | दशदेवपुत्रसहस्र व्याकरणपरिवर्त | ७२ |
| १७) | व्याधिप्रशमनपरिवर्त | ७५ |
| १८) | मत्स्यवैनेयपरिवर्त | ७९ |
| १९) | व्याघ्रीपरिवर्त | ८६ |
| २०) | तथागतस्तवपरिवर्त | ९९ |
| २१) | निगमनपरिवर्त | १०२ |

# विषय सूची


| क्रम | | पृष्ठ |
|---|---|---|
| १) | [illegible] | १ |
| २) | [illegible] | ४ |
| ३) | [illegible] | १० |
| ४) | [illegible] | १९ |
| ५) | [illegible] | २९ |
| ६) | [illegible] | ३९ |
| ७) | [illegible] | ४९ |
| ८) | [illegible] | ५९ |
| ९) | [illegible] | ७४ |
| १०) | [illegible] | ८२ |
| ११) | [illegible] | ९१ |
| १२) | [illegible] | ९९ |
| १३) | [illegible] | १०८ |
| १४) | [illegible] | ११९ |
| १५) | [illegible] | १२८ |
| १६) | [illegible] | १३९ |
| १७) | [illegible] | १४८ |
| १८) | [illegible] | १५९ |
| १९) | [illegible] | १६९ |
| २०) | [illegible] | १७९ |
| २१) | [illegible] | १८९ |

१

# सुवर्णप्रभासोत्तमसूत्रेन्द्रराजः

## निदानपरिवर्तः ।

ॐ श्री सर्वबुद्धबोधिसत्वहरूलाई नमस्कार ।
ॐ श्री भगवती आर्यप्रज्ञापारमितालाई नमस्कार ।
ॐ श्रुतिस्मृतिगतिविजये स्वाहा ।

जुन पुस्तकमा दश उत्तम गुणहरूछन्, ती ती नीतिहरू भएका पारमिताहरू र दश भूमिहरू जगत्को हितका लागि सर्वज्ञद्वारा बताइएका छन् , यस्तो उच्छेद र ध्रुव नभएको विमल र मध्यमार्गी भनिने स्वर्णप्रभाले भनेको सूत्र बोधिज्ञान चाहनेहरूले सुनून् ।

अघि एक समयमा तथागत (बुद्ध)ले बोधिसत्व समुच्चयमा पुगेकी महाकुलदेवी, सरस्वती महादेवी, लक्ष्मी महादेवी, दृढा महापृथिवी देवी, हारीती महादेवी, अनि यस्तै प्रमुख महादेवी र अनेकौं देव, नाग, यक्ष, राक्षस, गन्धर्व, असुर, गरुड, किन्नर, ठूला सर्प, मनुष्य र अमनुष्यका साथ बुद्धहरूको गोचर भएको गम्भीर धार्मिक भावना उत्पन्न गराउने गृध्रकूट पर्वतमा विहार गर्नुभयो भन्ने मैले सुनें ॥१॥

अनि आयुष्मान् आनन्दले 'तिनीहरूको धर्म-विनय (धार्मिक नीति) के हुनेछ ?' भनेर भगवान् बुद्धलाई सोध्नुभयो ।

भगवान्ले गाथाहरूले भन्नुभयो—

धर्मसारमा स्थित भएको अनुरागशून्य समाधि र निमित्त कारण पनि नराम्रो सोधाइद्वारा प्राप्त हुन सक्तैन भन्ने कुरा नै भगवान् बुद्धले भन्नुभयो ।

अनुरागशून्य, शुद्ध र उत्तम बोधिसत्वहरूको यो श्रेष्ठ स्वर्णप्रभासूत्र आदि कारण हो ॥२॥

यस्तो कुरा गम्भीरताका साथ सुनी गरिएको विशिष्ट परीक्षाबाट चारै दिशाका बुद्धहरू बोधि–अनुष्ठानमा रहन लागे ॥३॥

यस अनुष्ठान कार्यमा पूर्वमा अक्षोभ्यराज, दक्षिणमा रत्नकेतु, पश्चिममा अमिताभ र उत्तरमा दुन्दुभिस्वर थिए ॥४॥

संपूर्ण दुःखको नाश गर्ने, संपूर्ण पाप नाश गर्ने, सबै सुखहरू दिने, सबै दुःखहरू समाप्त पार्ने, बुद्धतत्वको मूल भएको, सबै श्रीहरूले अलंकृत र उत्तम माङ्गल्यदेशमा गर्ने सुवर्णप्रभाससूत्रको बारेमा भन्छु ॥५–६॥

जो इन्द्रिय (ज्ञानेन्द्रिय) विग्रिएका, सत्त्व नाश भएका, आयु क्षीण भएका, गरीबीले घेरिएका, देवताबाट विमुख भएका, प्रेयसीले द्वेष गरिएका, कुटुम्बहरूका माझमा हीन भएका, आपसमा झगडा गर्ने, धननाश हुनाले दुःख पाएकाहरू छन्, तिनीहरूले, अनि शोक, आयास, अनर्थ, भय, आपत्ति, ग्रह र नक्षत्रहरूबाट हुने दुःखहरू आइपरेमा पीडादायक दारूण ग्रहद्वारा भएको पीर र परिश्रमको खराब सपना जसले देख्छ, त्यसले नुहाएर पवित्र भई यो उत्तम सूत्र सुन्नुपर्छ ॥७–१०॥

प्रसन्न चित भएका, मन राम्रो भएका र पवित्र लुगाहरू लाएका ज–जसले बुद्धहरूको गोचर भएको यो गंभीर सूत्र सुन्छन्, ती सारा प्राणीहरूका भयंकर उत्पातहरू यस सूत्रको तेजले सदा शान्त हुन्छन्। सचिव र गणेश्वरहरूसाथमा भएका लोकपालहरूले कोटियौं यक्षहरूका साथ आफैं उपस्थित भई तिनीहरूको रक्षा गर्नेछन् ॥१०–१३॥

त्यस्तै सैन्यको बल र वाहनले युक्त भएका सरस्वती, महादेवी, नैरंजनवासिनी, हारीति, भूतमाता, दृढा र पृथिवीदेवताहरूले ब्रह्मेन्द्र, त्रिदशेन्द्र, ठूलो ऐश्वर्यले युक्त भएका किन्नरेश्वर, गरुडेन्द्र, यक्ष, गन्धर्व र किन्नरहरूले सहित भई सूत्र भन्नेहरूको नजीक रही रातोदिन दत्तचित्त भएर तिनीहरूको रक्षा गर्नेछन् ॥१४–१६॥

अब गम्भीर, बुद्धहरूले जानिने, सबै बुद्धहरूको रहस्य र कोटियौं कल्पहरूमा पनि पाइनसक्नु यो सूत्र प्रकाशित गर्छु ॥१७॥

जो यस सुवर्णप्रभाससूत्रलाई सुन्छन्, सुनाउँछन्, स्वीकार गर्छन् र पूजा-गर्छन् त्यस्ता तिनीहरू कोटियौं कल्पसम्म देवता, नाग, मनुष्य, किन्नर, असुर र गुह्यकहरूद्वारा पूजित हुनेछन् ॥१८–१९॥

अपार, गणना नै गर्न नसकिने र सोच्नै नसकिने पुण्यराशिस्वरूप यो सुवर्णप्रभाससूत्र त्यस्ता पुण्य गरेका मानिसहरूलाई प्राप्त हुनेछ ॥२०॥

त्यस्ता तिनीहरू चारैतिरबाट गम्भीर चरित्र भएका बोधिसत्व र बुद्धहरूले

काखि ब्यापिएका हुनेछन् ॥२१॥

चौक्ष र चीवर नामक पवित्र कपडाहरू पहिरेर सुगन्धले युक्त पवित्र जलले मिलनसारयुक्त चित्त लगाएर सावधान भएकाहरूले यसको पूजा गर्नुपर्छ ॥२२॥

यस सूत्रले चित्तलाई विशाल र विमल गराउँछ, चित्तलाई प्रसन्न गराउँछ । अतः यस्तो यो उत्तम सूत्र सुन ॥२३॥

जसले यो सुवर्णप्रभाससूत्र सुन्छन् , ती मानिसहरूमा अगुवा हुन्छन् , तिनैले मानिस भएको फल पाउँछन् र तिनै आनन्दसँग बाँच्दछन् ॥२४॥

ज–जसका कानमा यो सुवर्णप्रभासोत्तमसूत्रेन्द्रराज सुनाइन्छ सबै तिनीहरू धेरै बुद्धहरूले प्रकाशित गरिएका र ज्ञानको खानी मनमा प्रकट गरिएका हुनेछन् ।

यो श्री सुवर्णप्रभासोत्तमसूत्रेन्द्रराजमा निदानपरिवर्त नामको पहिलो परिवर्त समाप्त भयो ।

२

# तथा गतायुः प्रमाण निर्देशपरिवर्तः

त्यसै काल र त्यसै समयमा महानगरको राजगृहमा पहिल्यैका जिन (बुद्ध) हरूले अधिकार दिइएका, ज्ञानको खानी भएका, धेरै सयौं हजारौं लाखौं कोटियौं बुद्धहरूले उपासना गरिएका, रुचिरकेतु नाम भएका, बोधिसत्व महासत्त्व रहन्थे। तिनलाई यस्तो लाग्यो कि भगवान् शाक्यमुनिको केवल असी वर्षको मात्रै आयु भएको किन होला? यसमा विश्वासलायक कारण के होला मनी भन्नु भएको छ। ती दुई के हुन् भनै त्यस्तै तिनलाई अरू यस्तो पनि लाग्यो, त्यो के भने भगवान् बुद्धक लामो आयु हुना-। दुई कारण छन्— प्राणीहरूलाई नमार्नु र खानदिनु। सयौं हजारौं लाखौं कोटियौं अर्थात् असंख्यपटक भगवान् शाक्यमुनि प्राणिबधबाट विरत हुनुभएको थियो। जब दश कुशलका कर्मपथहरू दिनुभयो त्यहाँदेखि भगवान्ले प्राणीहरूका बीच आध्यात्मिक र बाहिरी चीजहरूको भोजन परित्याग गरिदिनुभएको थियो। अन्तिममा भोकाएका प्राणीहरूलाई पहिले आफ्नै शरीरको मासु, रगत, हाड र बोसोहरूले, पनि तृप्त पारीदिनु भएको थियो।

यसरी प्राणिबधबाट विरत हुँदाहुँदै र प्राणीहरूलाई भोजन प्रदान गर्दागर्दै पनि भगवान् बुद्धको असी वर्षको मात्रै आयु किन भएको होला भनेर सोच्ने र बुद्धलाई मनमा लिने ती रुचिरकेतुको घर ज्यादै ठूलो, वैदूर्य र अनेकौं दिव्य रत्नहरू जडिएको, बुद्धका आकृतिहरू भएको र स्वर्गीय बास्ना आउने भयो। त्यस घरको चारैतिर दिव्य रत्नैरत्न भएका चारोटा आसनहरू प्रादुर्भाव भए। ती आसनमाथि सुन्दर रत्न र फूलैफूल भएका काइदासाथका पलङ्हरू उत्पन्न भए। ती पलङ्माथि अनेकौं राम्रा रत्नहरू जडिएका, बुद्धका शरीर (अंकित) भएका कमलहरू निस्के। ती कमलमाथि पनि चार बुद्ध भगवान्हरू पूर्वमा अक्षोभ्य तथागत, दक्षिणमा रत्नकेतु तथागत, पश्चिममा अमिताय? तथागत र उत्तरमा दुन्दुभिस्वर तथागत प्रादुर्भाव भए। सिंहासनमा ती बुद्ध

भगवान्हरूको प्रादुर्भाव एकैक्षणमा नै भयो।

त्यसपछि महानगर र राजगृह ठूलो झलझलाहटले उज्यालिएर प्रष्ट देखिए। (त्यही उज्यालोमा) यहाँसम्म कि दशै दिशामा रहेका नदीका बालुवा जस्ता त्रिसाहस्र र महासाहस्र लोकधातुहरू र दशैदिशापर्यन्त त्यो उज्यालोले उज्यालिए। राम्रा फूलहरू वर्षे र राम्रा बाजाहरू बजे। यी सबै त्रिसाहस्र र महासाहस्र लोकधातुहरूका प्राणिहरूले बुद्धको सामर्थ्यले गर्दा स्वर्गीय सुख पनि पाए। जस्तै, जन्मान्धहरूले रूपहरू देख्न थाले, बहिरा प्राणीहरूले प्राणीबाट निस्केको शब्द सुन्न थाले, उन्मत्तहरूले पनि होश पाउन थाले, पागलहरू पनि राम्रोसंग सोच्न सक्ने भए। नांगाहरू पनि वस्त्रले ढाकिएका भए। चोट लागेका प्राणीहरू पनि जस्ताका तस्ता भए, तिर्खाएकाहरू पनि तिर्खा मेटिएका भए, रोगी प्राणीहरू निरोगी भए, अङ्गहीन भएका प्राणीहरू पनि परिपूर्ण अङ्ग भएका भए। अर्थात् संसारमा धेरै अद्भुत र आश्चर्यजनक कुराहरूको खूबसँग उत्पत्ति भयो।

अनिपछि ती भगवान् बुद्धहरूलाई देखेर रुचिरकेतु बोधिसत्वलाई महासत्वलाई आश्चर्य भयो। ओहो! यो अनौठो कसरी भयो भनी सन्तुष्ट परमानन्दित र प्रफुल्ल हृदय, हर्षित तथा प्रेमले आनन्द मन भएका रुचिरकेतुले जहाँ उनै भगवान् बुद्धहरू हुनुहुन्थ्यो त्यहाँ पुगेर ती बुद्धहरूलाई हात जोरी प्रणाम गरे। अनि तिनै बुद्ध र शाक्यमुनिका गुणहरूलाई मनमा लिंदै भगवान् शाक्यमुनिको आयुका प्रमाणका विषयमा शंका लागी त्यही चिन्तले चिन्तित हुँदै यो कसरी भयो जुन भगवान् शाक्यमुनिको केवल असी वर्षको मात्रै आयु हुनगयो भन्ने चिन्तामा डुबेर रहे।

त्यसपछि सम्झनामा अवतरित भएका ती बुद्धहरूले रुचिरकेतु बोधिसत्वलाई यस्तो भने– हे कुलपुत्र! तपाईं भगवान् शाक्यमुनिको थोरै आयु भयो भनेर चिन्ता नगर्नुहोस्। यस्तो कुरा भएको किनभने, बाबु, त्यो आयुको हामी अडकल काट्न सक्दैनौं। देवता, कामदेव, ब्रह्मा, श्रमण, ब्राह्मणिका, मानिस, देवता र असुरहरू भएको यस संसारमा भगवान् शाक्यमुनि तथागतको (बुद्धको) आयुको पछिल्लो सिमानामा पुग्न को सक्छ र? यो त धेरै तथागत अर्हत् सम्यक्-संबुद्धहरूले कोटियौं कोटियौं वर्षसम्म राखिनेछ। ती बुद्ध भगवान्हरूले तथागतका आयुका प्रमाणको निर्देशनमा तुरुन्तै यस्तो भने।

यसपछि ती बुद्धहरूको सामर्थ्यले गर्दा रुचिरकेतु बोधिसत्वको त्यस घरमा

कमावचर, रूपावचर, देवपुत्र, नाग, दत्त, गन्धर्व, असुर, गरुड, किन्नर, ठूला सर्प र शत सहस्र अयुत कोटी अर्थात् अनेकौं बोधिसत्वहरू आएका थिए। ती तथागतहरूले त्यसै सभाको अगाडि उदाहरणसहितका गाथाले भगवान् शाक्यमुनिको आयु-प्रमाणको निर्देशन भन्न भाले।

सकिएला गरी थोपा पानी गन्न समुद्रको।
सकिन्न तर कैल्यै यो आयु गन्न त बुद्धको (शाक्यमुनिको) ॥ १ ॥

सकिएलान् सबै गन्न सुमेरु गिरिका अणु।
सकिन्न तर कैल्यै यो आयु गन्न त बुद्धको (शाक्यमुनिको) ॥ २ ॥

सकिएलान् गन्नलाई पृथ्वीभरिका अणु।
सकिन्न तर कैल्यै यो आयु गन्न त बुद्धको (जिनको) ॥ ३ ॥

बरू इच्छा गरे सक्ला नापो आकाशको लिन।
सकिन्न तर कैल्यै यो आयु गन्न त बुद्धको (शाक्यमुनिको) ॥ ४ ॥

विचार बुद्धको कल्प-कल्पमा रहनेछ नै।
यसैले नै पाइँदैन संख्यामा आयु बुद्धको ॥ ५ ॥

हिंसा नगरनू कैल्यै, दिनु खान सके जति।
यिनै हुन् यसको ज्ञानज्योति औ मुख्य कारण ॥ ६ ॥

(बुद्धका हेतु र प्रत्यय दुईवटा कुरा मुख्य मानिएका छन्,
ती हुन्- हिंसा नगर्नु र प्रशस्त खान दिनु)।

अतः छैन भनी साध्य संख्यामा आयु बुद्धको (बुद्ध महात्माको)।
कैयौं कैयौं कल्पसम्म को गन्ने आयु बुद्धको ? ॥ ७ ॥

छोड्नुहोस् सबै चिन्ता निःशङ्क होऊ, सत्य हो।
गनेर बुद्धको आयु कयै गरे सकिंदैन है ॥ ८ ॥

त्यसै वेला त्यसै सभामा बसेका व्याकरणमा निष्णात कौडिन्य नामक ब्राह्मणले हजारौं ब्राह्मणहरूका साथ भगवान् बुद्धको पूजा गरेर तथागतको महापरिनिर्वाण भएको शब्द सुनेर झटपट उठी पाउमा परेर भगवान् बुद्धलाई भने– हे भगवान् ! यदि सबै प्राणीहरूलाई दया गर्ने, महाकारुणिक, सबै प्राणीहरूका हितैषी र आमाबाबु जस्ता, अमिल्दाहरूमा पनि बराबरीको व्यवहार गर्ने, आलोक दिने चन्द्रमा र महाप्रज्ञ ज्ञानरूप सूर्य जस्ता तपाईं सबै प्राणीहरूलाई आफ्नै राहुलाई झैं व्यवहार गर्नुहुन्छ भने मलाई एउटा वर दिनुहोस् ।

भगवान् बुद्ध केही उत्तर नदिई चुप लाग्नुभयो ।

बुद्धको प्रभावद्वारा त्यही सभामा बसेका सर्वसत्व प्रियदर्शन नामका लिस्सवि (लिच्छवि) कुमारको बुद्धि फुऱ्यो र उनले व्याकरणमा निष्णात कौडिन्य ब्राह्मणलाई भने– हैन हे महाब्राह्मण ! के तपाईं भगवान्बाट एउटा वर चाहनु हुन्छ ? हुन्छ, म तपाईलाई वर दिन्छु ।

ब्राह्मणले भने– म भगवान्लाई पूजा गरेर सर्स्यूका फलजत्रो धातु (लोकधातु) त्यसको धूलो फालेर अरू लोक धातु उत्पन्न गर्नलाई त्यत्रै लोकधातु चाहन्छु, जुन धातुलाई पूजा गरेर देवत्व पाइन्छ भन्ने सुनिन्छ । सुन्नुहोस्, लिस्सवि कुमार ! सारा श्रावक र हरेक बुद्धहरूले पनि मुस्किलसँग जानिने सुवर्णप्रभाससूत्र ती लक्षण र गुणहरू भएको छ, तिमी त्यसलाई सुन तर त्यो सूत्र बुझ्न र जान्न नसकिनेछ । हामी (प्रत्यन्त दीपिका)ले त सर्स्यूका फलजत्रो धातु थपक्क आफ्नो पेटारोमा हालेर राख्नु नै उचित छ । म तपाईसँग त्यो वर माग्छु जुन् वरबाट प्राणीहरूले चाँडै नै देवत्व प्राप्त गर्न सक्छन्, त्यही नै तथागतको सर्स्यूका फलजत्रो धातु दिनुहोस् । हे लिस्सवि कुमार ! त्यो धातु लिएर सबै प्राणीहरूले देवत्व पाउन् भन्ने चाहन्छु यही हो लिस्सवि कुमार मैले चाहेको वर ।

यसपछि सर्वत्वप्रियदर्शन नामक लिस्सवि कुमार व्याकरणाचार्य कौडिन्य ब्राह्मणलाई गाथाहरूले भने– जुन वेला गङ्गाको प्रवाहमा कुमुदहरू उम्रिएलान्, कागहरू राता होलान्, कोइलीहरू शंखको रङ्को (सेता) होलान् ,जामुनाको रूखमा तालको फल फल्ला र खजूरको रूखमा आँपको पालुवा लाग्ला त्यसै वेला सर्स्यूका फलजत्रो धातु व्यक्त हुनेछ ॥९–१०॥

जब कछुवा रौंहरूले टम्म ढाकिएको होला र हेमन्त शीतहरण गर्ने होला अनि बल्ल धातु व्यक्त हुनेछ ॥११॥

जब लामखुट्टेको खुट्टामा ठूलो भवन अड्याउन सकिएला र त्यस लामखुट्टेको खुट्टा बलियो र हल्लँदै नहल्लने होला, तब मात्र धातु व्यक्त हुनेछ ॥१२॥

जब सारा पानीजुकाहरूका तीखा, सेता र ठूला दाँतहरू उम्रनेछन् तब मात्र धातु व्यक्त हुनेछ ॥१३॥

जब स्वर्गमा उक्लनका लागि खरायोको सिङ्को बलियो सींढी तयार होला र जब त्यसै सींढीबाट उक्लेर गई मूसालें चन्द्रमालाई खानेछ र राहु वेपत्ता हुनेछ तब मात्र धातु व्यक्त हुनेछ ॥१४-१५॥

जब एक घैंटो रक्सी पिएर गाउँका झींगाहरू गाउँ-गाउँ डुल्दै घरमा आएर वास बस्नेछन्, तब मात्रै धातु व्यक्त हुनेछ ॥१६॥

जब गधा गोलकाँक्रीको जस्तो ओठ लिएर नाच-गानमा खूप सिपालु होला तब मात्रै धातु व्यक्त हुनेछ ॥१७॥

जब लाटोकोसेरो र कागहरू परस्परमा मिलेर सँगै हिड्नेछन्, तब मात्रै धातु व्यक्त हुनेछ ॥१८॥

जब वर्षा रोक्नका लागि पलासको पातको ठूलो छाता हुन सक्नेछ, तब मात्र धातु व्यक्त हुनेछ ॥१९॥

जब यन्त्र र पालहरू भएका सामुद्रिक नाउँहरू स्थलमा आएर कुद्नेछन्, तब मात्र धातु व्यक्त हुनेछ ॥२०॥

जब लाटोकोसेरो र चीलले गन्धमादन पर्वतलाई चुच्चाले बोकेर लैजानेछन्, तब मात्रै धातु व्यक्त हुनेछ ॥२१॥

यी गाथाहरू सुनेर व्याकरणाचार्य कौडिन्य ब्राह्मणले सर्वलोकप्रियदर्शन नामका लिच्छवि कुमारलाई गाथाले नै भने—

व्याकरण राम्रोसँग जान्ने, जुक्ती भिक्न सिपालु, वीर, ठूला-ठूला कुरा गर्न जान्ने, जिनका छोरा हे श्रेष्ठ कुमार ! तपाईंलाई धन्यवाद ! धन्यवाद !!!२२

हे कुमार ! पवित्र, लोकनाथ तथागतको महात्म्य मबाट क्रमशः सुन्नुहोस् ॥२३॥

बुद्धहरूको बारेमा सोचेरै नसकिने छ, सबै बुद्धहरू बेजोडका छन्, सबै बुद्धहरू सर्वदा कल्याणकारक मूर्तिको रूपमा रहन्छन्, सबै बुद्धहरू राम्रो आचार भएका छन् र स्थिर छन् ॥२४॥

सबै बुद्धहरूमा यी धर्म रहेका नै हुन्छन् । भगवान् बुद्ध कृत्रिम पनि हुनुहुन्न र उत्पन्न भएको पनि हुनुहुन्न ॥२५॥

वज्र हान्दा पनि केही नहुने शरीर भएका स्वयं शरीरको निर्माण गरी देखाउन सक्ने महर्षि बुध्दहरूको सर्यूं जति पनि धातु व्यक्त हुँदैन ॥२६॥

हाड र रगत नै नभएको शरीरमा कहाँबाट धातु होओस् त ? उपाय धातु त प्राणीहरूको हितका लागि राखिएको हो ॥२७॥

धर्म धातु तथागत बुध्दको धर्म रूप शरीर हो, भगवान्को शरीर नै यस्तै छ र यस्तै नै धर्मको उपदेश छ ॥२८॥

मैले यस्तै सुनेको छु, तत्वको व्याख्या गर्नको लागि मात्र बुध्दबाट यस्तो बर पाऊँ भनेर मागेको हुँ ॥२९॥

अनि बत्तीस हजार ती देवपुत्रहरूले बुध्दको आयुबारेको यो गम्भीर कुरा सुनेर सबैले अनुत्तरासम्यकसंबोधिमा मन लगाए । रमाइलो मन संकल्प भएको तिनीहरूले एकै स्वरले यो गाथाले भने–

न बुध्द निर्माणमा प्राप्त हुन्छन् न त यो धर्म नै खिइन्छ । प्राणीहरूलाई परिपक्व तुल्याउनका लागि मात्रै निर्वाण देखाइएको हो ॥३०॥

नित्यकाय (अमर) तथागत भगवान बुध्द अचिन्त्य हुनुहुन्छ, प्राणीहरूको हितका लागि मात्रै विभिन्न कुराहरू निर्देशन गर्नु हुन्छ ॥३१॥

यसपछि रुचिरकेतु बोधिसत्व ती बुध्द भगवान्हरूको र ती दुईवटा सत्यपुरुषको समीपबाट भगवान् शाक्यमुनिका आयुका प्रमाणको निर्देशन सुनेर खुशी, परमानन्दित, आनन्दमन भएका, हर्षित, प्रीतिले सन्तुष्ट मन भएका, उदारतायुक्त खुशीले उज्याला भए । यो तथागतका आयुको प्रमाण निर्देश देखाइएपछि अप्रमेय असंख्य प्राणीहरूको अनुत्तरासम्यक्संबोधिमा चित्त उत्पन्न भयो । ती तथागतहरू पनि अन्तर्धान भए ।

यो श्री सुवर्णप्रभास सुगेन्द्रराजमा तथागतायुःप्रमाणनिर्देश परिवर्तन नामक दोस्रो परिवर्त समाप्त भयो ।

३

# स्वप्नपरिवर्त

यसपछि सुतेका रुचिरकेतु बोधिसत्वले सपनामा सूर्यले झैं चारै दिशा उजिल्याउने राम्रो, सुनको नगरा देखे। त्यस्तै रत्नैरत्नको रूखको फेदमा वैडूर्यमय सिंहासनमा बसेका र अनेकौं सयौं, हजारौं अर्थात् अनेकौं परिषद्हरूले घेरिएका र तिनीहरूले अगाडि लगाइएका धर्मको उपदेश गरिरहेका सबै दिशाहरूतिर रहेका असंख्य बुद्धहरूलाई देखे। त्यहीं त्यो नगरा बजाइरहेका एक ब्राह्मणलाई पनि देखे। त्यो नगराको स्वरबाट तल लेखिएका यस्ता प्रकारका गाथाहरू निस्किरहेका सुने।

अनि त विम्झनेबित्तिकै रुचिरकेतु बोधिसत्वले धर्मपूर्वकका ती गाथाहरू सम्झे।

त्यो रात बितेपछि ती गाथाहरू सम्झंदै महानगरको राजगृहबाट अनेकौं प्राणीहरूका साथ निस्केर गृध्रकूट पर्वतराजमा रहनु भएका भगवान् बुद्धकहाँ गई उहाँको पाउलाई शिरले ढोगेर तीनपटक प्रदक्षिणा गरेपछि एकान्तमा गएर बसे।

यति गरेको केही समयपछि रुचिरकेतु बोधिसत्वले हात जोरेर सपनामा नगराका शब्दहरूले निर्देशन भरिएका गाथाहरू भगवान् बुद्धलाई भने।

यो श्री सुवर्णप्रभास सूत्रेन्द्रराजमा स्वप्नपरिवर्त नामको तेस्रो परिवर्त समाप्त भयो।

४

# देशना परिवर्त

एक रात मजासँग सुतेको मैले सपनामा जतातते सुनेकै कान्ति भएको राम्रो नगरा देखें ॥१॥

मानो त्यो नगरा जतातते उज्यालो पार्ने बल्दो सूर्य जस्तो थियो। त्यसकै प्रकाशमा रत्नवृक्षको फेदमा देदीप्यमान वैडूर्यमणिका आसनहरूमा हजारौं परिषद्हरूले घेरिएका जतातते उज्यालो पार्ने बुद्धहरूलाई चारैतिर देखें ॥२,३॥

एउटा ब्राह्मणले बजाइएको नगरा पनि देखियो। ती ब्राह्मणले बजाएको नगराबाटै यी कुराहरू सुनिए ॥४॥

सुवर्णप्रभास नामको उत्तम दुन्दुभिद्वारा त्रिसहस्र लोकधातुभरिका आइपरेका संकटहरू, यमलोकका संकट र गरीबीका दुःखहरू शान्त होऊन् ॥५॥

यही नगराको शब्दले संसारका सबै आपतहरू मन्थर होऊन्, हे-मुनीन्द्र ! भित्र चोट परेका बुद्ध मार्गीप्राणीहरू पनि नीडर होऊन् या डर शान्त भएका होऊन् ॥६॥

सबै आर्यगणहरूले युक्त, संसारका बारेमा सर्वज्ञ महामुनीन्द्र जस्तो हुनुहुन्छ, समाधि, र बोधिका अंग र अन्य गुणहरू भएका सारा मानिसहरू पनि त्यस्तै होऊन् ॥७॥

यही दुन्दुभिको शब्दद्वारा सबै प्राणीहरू ब्रह्मस्वर होऊन्, बुद्धत्वको श्रेष्ठ अङ्ग भएको बोधिको स्पर्श गरून्, शुभ धर्मचक्रको प्रवर्तन पनि गरून् ॥८॥

(यी दुन्दुभिका स्वरहरू) अनन्त कल्पसम्म रहून्, जगत्को हितका लागि धर्मको निर्देशन गरून्, क्लेशहरुलाई नाश गरून्, र राग, दोष र मोह शान्त होऊन् ॥९॥

प्रकाशमान् बल्दो आगो जस्तो शरीर भएका जो प्राणीहरू यस नाशवान् भूमिमा रहन्छन्, तिनीहरूले दुन्दुभि बजाएको सुनून् र बुद्धलाई नमस्कार, भन्ने बचन पाऊन् ॥१०॥

सबै प्राणीहरू पूर्वजन्मको कूरो सम्झने होऊन्, सयौं, हजारौं, कोटियौं जन्मसम्म निरन्तर बुद्धलाई सम्झने ती प्राणीहरुले बुद्धहरूको उदार वचन सुनून् ॥११॥

यही दुन्दुभिको शब्दद्वारा बुद्धमा सधैँ समागत हुन पाऊन्, पापकर्म छोडून् र राम्रा राम्रा कामहरू गरून् ॥१२॥

मानिस, असुर र सारा प्राणीहरूले बुद्धधर्मको उपदेश भन्नका लागि प्रार्थना गरून् र यही दुन्दुभिको शब्दद्वारा त्यो सबै पूर्ण होओस् ॥१३॥

प्रकाशमान् बल्दो आगोको जस्तो शरीर भएका र घोर नरकमा परेका जो प्राणीहरू छन्, तिनीहरू यस दुन्दुभिको शब्दद्वारा शोक नाश भएर घुमफिर गर्नेछन् र निर्वाणमा प्राप्त हुनेछन् ॥१४॥

घोर नरकमा, प्रेतलोकमा र मनुष्य लोकमा भयंकर दुःख पाएका जो प्राणीहरू छन्, तिनीहरूका सबै दुःखहरू पनि यस दुन्दुभिको शब्दद्वारा नाश होऊन् ॥१५॥

रक्षा र शरण नपाउने बनाइएकाहरूका लागि शरण लिनेहरूमा उत्तम (शरणोत्तम्) शरण दिन समर्थ हुनुहुनेछ र तिनीहरूको रक्षक पनि हुनुहुनेछ ॥१६॥

चित्तमा कृपा र करुणा भएका बुद्धहरूले र दशै दिशामा रहेका प्राणीहरूले पनि मलाई ग्रहण गरून् ॥१७॥

मैले पहिल्यै जुन भयंकर पापकर्महरू गरें ती सबै दशबल (बुद्ध) का अगाडी रहेर देखाउँछु (भन्छु) ॥१८॥

आमाबाबुलाई जान्न नसक्ने, बुद्धलाई नचिन्ने र कुशलहरू (बुद्धज्ञानहरू नजान्ने यस्तो मैले जो पापहरू गरें, ऐश्वर्यको शेखिले कुल र रूपको अभिमानले र जवानीको जोशले गर्दा मात्तिएको मैले जे पापहरू गरें, खराब विचार, खराब बोली र खराब कामले र अज्ञानको दृष्टिले मैले जे पापहरू गरें, केटाकेटी बुध्दिले अज्ञानै अज्ञानले घेरिएको चित्तले, पापी साथीको कारणले र क्लेशले व्याकुल भएको चित्तले गर्दा त्यस्तै खेलवाड र रतिक्रीड़ाको कारणले, शोक र रोगले, र धन कमाएर नअघाउने दोषले मैले जे पापहरू गरें, खराब मानिसको संसर्गले, ईर्खले, मात्सर्यले, मूर्खता र गरीबीले गर्दा मैले जो पाप गरें

दुःख आइपर्नें वेलामा कामभवले र गरीब भएर मैले जो पाप गरें, चित्त चञ्चल हुनाले, काम र क्रोधको बशमा परेर या भोक र तीर्खाले भुतुक्क भएर मैले जो पाप गरें, पिउने, खाने र लाउने कुरा र स्वास्नी खोज्ने मैले अनेक दुःख र तापले गर्दा जे पाप गरें, शरीर, वचन मन यी तीन थोकले त्यस त्रिधातुभा यस्तै अनेक किसिमबाट जे जे पाप गरें, ती सबै देखाउँछु (भन्छु) ॥१९-२८॥

जो बुध्दमा, धर्ममा र श्रावकमा जसले गर्न नहुने काम (तिरस्कार) गरेको छ, त्यो सबै म देखाउँछु ॥२९॥

फेरि प्रत्येक बुध्दमा र बोधिसत्वमा जसले गर्न नहुने काम गरेको छ, त्यो सबै देखाउँछु ॥३०॥

नजानेर मैले सघैं सध्दर्म छोडिएको होओस् या आमाबाबुलाई हेलाँ गरिएको होस् म त्यो सबै देखाउँछु ॥३१॥

मूर्खपनाले, केटाकेटीपनाले या मान र शेखीले ढाकिनाले राग द्वेष र मोहले (मैले) जे गरें त्यो सबै देखाउँछु ॥३२॥

संसारमा दशबल जिनहरूलाई पूजा गरेर सबै प्राणीहरूलाई चारैतिरका यी सबै दुःखबाट म उध्दार गर्नेछु ॥३३॥

चिताउनै नसकिने सारा प्राणीहरूलाई दश भूमिमा राख्नेछ, त्यहीं रहेर नै सबै प्राणीहरू तथागत होऊन् ॥३४॥

त्यहाँका ती एक-एक प्राणीहरूले कोटियौं कल्पसम्म दुःखको समुद्रबाट छुटकारा पाउनका लागि जति गर्न सकिन्छ त्यति त्यो अनुष्ठान म गर्दछु ॥३५॥

तिनै प्राणीहरूलाई सम्पूर्ण पापकर्मलाई नाश गर्ने सुवर्णप्रभास नामको यो उत्तम र गम्भीर उपदेश म भन्दछु ॥३६॥

जसले हजारौं कल्पमा भयङ्कर पापहरू गऱ्यो, ती सबै एकैपटक निस्कियून् र नाश भै हालून्॥३७॥

यो धार्मिक र उत्तम अनुत्तर सुवर्णप्रभास नामक सुगेन्द्रराज बताउँछु जसले यो कल्याणदायी सुवर्णप्रभास सुगेन्द्रराज सुन्छन्, तिनीहरूका पाप नाश होऊन् ॥३८॥

तिनीहरूलाई श्रेष्ठ दशरत्नहरूको दशभूमिमा राख्नेछु, बुध्दका गुणहरूले प्रकाशित भएका तिनीहरूलाई यो संसारसमुद्रबाट तार्नेछु ॥३९॥

गम्भीर र गुणैगुणको समुद्र जस्तो भएको जुन बुध्दरूपी समुद्रको समुदाय छ सर्बज्ञत्व प्राप्तिका लागि गुणी विद्वान्ले (त्यसको) चिन्तना गरून् ॥४०॥

सयौं हजारौं धारणीहरूले समाधिद्वारा विचार गरिएका इन्द्रिय बज र

बोध्यङ्गद्वारा उत्तम दशबल (बुद्ध) होऊन् ॥४१॥

हे बुद्ध ! मलाई चारैतिरबाट खिचिएको चित्तले हेर्नुहोस् र राम्रैसँग ग्रहण गर्नुहोस् र डरबाट छुटकारा दिलाउनुहोस् ॥४२॥

मैले पहिलेका सयौं कल्पहरूमा जे जे पाप गरें, त्यसमा दुःखी भएको म तृष्णाले ज्यादै पिरिएको छु (उखर्मौलिएको छु) ॥४३॥

सधैं हीन मन भएको यस्तो पापी म डराउँछु । म जताजता जान्छु त्यहाँ कतै पनि मङ्गल पाउँदिन ॥४४॥

यस्तो मलाई सबै कारुणिक बुद्धले र प्राणीहरूको डर हरिदिने जिनहरूले मलाई राम्रैसँग आफ्नो बनाएर ग्रहण गरून् र डरबाट छुटाऊन् ॥४५॥

तथागतहरूले मेरो क्लेशकर्मबाट भएको फललाई बगाई दिऊन् र मलाई बुद्धहरूले करूणारूप निर्मल जलले स्नान गराऊन् ॥४६॥

मैले पहिल्यै जे जति पाप गरें ती सबै पापहरू बताउँछु, यस्तै अरू जे जति पापहरू छन् ती सबै बताउँछु ॥४७॥

हात बढाएर होस् वा आपतमा परेर होस् खराब कामले भएका मेरा जे जति पापहरू छन् ती ढाकछोप गर्दिनँ ॥४८॥

शरीरले गरेका तीन प्रकारका, वचनले गरेका चार प्रकारका र मनले गरेका तीन प्रकारका अर्थात् यी दश प्रकारका जे पापहरू मैले गरें, ती सबै बताउँछु ॥४९॥

शरीर र वचनले गरेको र मनले चिताएको, यस्ता दश प्रकारका जो पाप मैले गरें ती सबै भन्दछु ॥५०॥

अनि म दश शकुशल (खराब काम वा अज्ञान)हरूलाई छोडेर र दश कुशल (ज्ञान) हरूलाई लिएर दश भूमिमा रहन्छु र उत्तम दश बललाई हेर्दछु ॥५१॥

अनिष्टफल बोकेका जो मेरा पापकर्महरू छन्, बुद्धका अगाडि रही ती सबै भन्दछु ॥५२॥

जसले यही जम्बुद्वीपमा या अरू लोकहरूमा कुशलकर्महरू गर्छन्, ती सबै अनुमोदन गर्छु ॥५३॥

शरीर, वचन र मनले मैले जुन पुण्य कमाएको छु त्यसै ज्ञानले यो उत्तमबोधिको स्पर्श गर्दछु ॥५४॥

संकटमा परेर वा केटाकेटी बुद्धिले भगवान् उपर मैलै जो दारुण पाप-कर्महरू गरें, दश बलका संमुख रहेर नै ती सबै भन्दछु ॥५५॥

जन्मको संकट, अनेक कामभावको फैलावटले भएको संकट, लौकिक संकट, सांसारिक संकट, सारा मूर्खहरूले गरेको क्लेशबाट भएको संकट, कामदेवको चपलता चित्तमा हुँदा भएको संकट, पापी मित्रको संगतमा पर्दाको संकट, सांसारिक तथा रागबाट उठेको संकट, द्वेष मोहको अन्धकारले परेको संकट, कहिल्यै नाश नहुने संकट, समयले ल्याएको संकट र पुण्य नकमाउँदाको संकटमा जुन पाप-संग्रह गरियो, त्यो सबै तुलनातीत जिनका सम्मुख रहेर बिन्ती गर्छु ॥५६-५८॥

सुवर्णका जस्तो वर्ण भएका, दिशाका कुनाकाप्चासम्म नाम चलेका र गुणका सागरसदृस बुद्धहरूलाई वन्दना गर्छु, तिनै जिनको (बुद्धको) शरणमा जान्छु र शिरले ती सबै बुद्धहरूलाई ढोग्छु ॥५९॥

सुवर्णका जस्तो वर्ण भएका, सुनकै पर्वतको जस्तो कान्ति भएका, निर्मल वैडूर्य मणिका जस्तो पवित्र आँखा र शरीर भएका, करुणा भएका र अज्ञानरूपी अन्धकार नाश गर्ने तेज र बुद्धिले गर्दा सूर्य जस्ता बुद्धलाई नमस्कार गर्छु ॥६०॥

निर्मल राम्रा सुशोभित अङ्ग भएका, ज्ञानरुप सूर्य वा निर्मल सुनको जस्तो कान्ति पवित्रतापूर्वक शरीरबाट निस्किरहेका क्लेशरूप आगाले पोलिएका चित्त भएकाहरूको तापलाई नाश गर्नमा बल्दो आगोजस्ता चन्द्रकिरणले झैं बुद्धकिरणले आह्लाद दिने बुद्धमुनिलाई नमस्कार गर्छु ॥६१॥

(बुद्ध) बत्तीस लक्षण धारणा गर्ने, इन्द्रिय र शरीर राम्रा भएका, अर्थात् राम्रा र सुशोभित अङ्ग भएका पूर्ण तेजले गर्दा किरणैकिरणले युक्त, अन्धकार-पूर्ण तीनै लोकका सूर्य झैं रहेका छन् ॥६२॥

निर्मल विशाल र विचित्रवर्ण भएको वैडूर्यको रक्तिमाले गर्दा रजत-स्फटिक झैं लोहित अङ्ग भएका अनेक चित्र-विचित्रका रश्मिजालहरूले पूर्ण सूर्य-सदृश महामुनि बुद्ध प्रकाशमान छन् ॥६३॥

संसाररूपी नदीका संकष्टको बीच परेको वेला शोकले आकुल भएको वेला, मृत्यु र बूढ्याइँरूपी पानीको तरङ्ग आएको वेला, दुखःको समुद्रमा परेको बखत र भयङ्कर आपत ओइरिएमा बुद्धरूपी सूर्यका किरणजालले उद्धार गर ॥६४॥

सुनजस्ता उज्याला र सुनै झैं अङ्गहरू चंकिएका, ज्ञानका खानी, संपूर्ण-तीनै लोकका सार, विचित्ररूप र शुभलक्षणका अङ्ग भएका बुद्धहरूलाई नमस्कार गर्छु ॥६५॥

जस्तो समुद्रमा पानी अप्रमेय छ, पृथ्वीमा अणुका कणहरू अनन्त छन्,

मेरुमा चट्टानहरू अनन्त छन् र आकाश अनन्त छ, त्यस्तै बुद्धका गुणहरू पनि अनन्त छन्, संपूर्ण प्राणीहरूले पनि जान्न सक्तैनन्, अनेकौं कल्पसम्म विचार गरिरहे पनि बुद्धका गुणहरूको टुप्पोसम्म पनि जान्न सकिंदैन ॥६६–६७॥

डाँड़ा, पर्वत र समुद्रहरू भएको पृथ्वीका सबै कुराहरू कल्प–कल्प लगाएर जान्न सकिएलान् र तृणमा पर्ने शीतका थोपाको प्रमाण पनि जान्न सकिएला तर बुध्दको गुणको टुप्पैसम्म पुग्न सकिंदैन ॥६८॥

गुण, वर्ण, कीर्ती, राम्रा लक्षण र असीवटा गौण लक्षणले युक्त भएको शरीर धारण गर्ने बुध्द जस्तै सबै प्राणीहरू होउन् ॥६९॥

कुशलकर्महरूद्वारा म पनि चाँडै नै होऊ, जगतको हितका लागि धर्मको उपदेश गरूँ र धेरै दुःखले पीडित प्राणीहरूलाई (त्यो दुःखबाट) छुटाऊँ॥ ७०॥

दशबल सहितको कामवेवलाई जितूँ, शुभ धर्मचक्रको प्रवर्तन गरूँ, कैय्यौं कल्पसम्म रहूँ र अमृतमय हातले प्राणीहरूलाई तृप्त पार्न सकूँ ॥७१॥

पहिलेका जिन (बुध्दका) आदिहरूले झैं मुख्य अनुत्तर छ पारमिताहरू पूर्ण गरूँ, क्लेशहरूलाई नाश गरूँ, दुःखहरूलाई डढाइदिऊँ, राग द्वेष र मोहहरूलाई शान्त गरूँ॥ ७२॥

सयौं हजारौं कोटियौं जन्मसम्म पहिले भएका, हजारौं कोटियौं जन्महरू संझने भइरहूँ, सधैं मुनीन्द्र (बुध्द) लाई संझूँ र उनकै उदार वचन सुनूँ॥७३॥

यिनै कुशलकर्महरूद्वारा म सधैं बुध्दहरूका साथ समागत हुन पाऊँ, पापकर्म छोड्नूँ र कल्याण गर्ने पुण्यकर्महरू गरूँ ॥७४॥

संसारका सबै क्षेत्रहरुमा, सबै मानिसहरूमा रहे–भएका सबै पापहरू शान्त होऊन् र जो प्राणीहरू इन्द्रिय बिग्रिएका वा कुनै अङ्ग नभएका छन् ती सबै यस वेला कुशल इन्द्रिय भएका होऊन् ॥७५॥

जतातते जो प्राणीहरू रोगले गर्दा दुर्बल र क्षीण शरीर भएका छन् र खिन्न मन भएका छन्, ती सबै रोगबाट चाँडै नै छुटून् र स्वस्थ र बलिया इन्द्रिय भएका होऊन् ॥७६॥

खराब राजा र चोरद्वारा मार्न आँटिएका अनेक थरीका सयौं आपत्तिमा परेका र आपत्तिले गर्दा दुःखित भएका सबै प्राणीहरू यस्ता ज्यादै डरलाग्दा सयौं आपत्तिबाट मुक्त होऊन् ॥७७॥

जो बन्धनमा बाँधिनाले पीडित छन्, विभिन्न संकटमा परेका छन्, अनेकौं हजारौं दुःखले गर्दा व्याकुल भएका छन् र विचित्र डर र भयङ्कर शोकमा परेका छन्, ती सबै बन्धनबाट छुटून्, ताडना गरिएकाहरू ताडनाबाट छुटून्,

मर्न आँटेका बाँचून् र डरले भुतुक्क पारिएका सबै डरवाट छुटी निर्भय होऊन् ॥७८-७९॥

जुन् प्राणीहरू भोक र तिर्खाद्वारा सताइएका छन् तिनीहरूले विचित्र प्रकारको (उत्तम) कुरा खान पिउन पाऊन्, अन्धाहरूले विचित्रका रूपहरू देखून् र बहिराले राम्रा स्वरहरू सुनून् ॥८०॥

नाङ्गाहरूले राम्रालुगाहरू पाऊन्, गरीवहरूले धनहरू पाऊन्, प्रशस्त धन धान्य र विचित्रका रत्नहरूले युक्त भएका सबै प्राणीहरू सुखी होऊन्, ॥८१॥

कसैलाई पनि दुःखवेदनाले न सताओस्, सबै प्राणीहरू राम्रा होऊन्, प्रसन्न र सदा अनेकौँ सुखको सञ्चय गरेका होऊन् ॥८२॥

नागरिकहरू मन शान्त भएका र प्रशस्त पुण्य भएका होऊन्, वीणा, मृदङ्ग र पटह (ढोलक) हरू असल स्वर भएका होऊन्, ताल तलाउ र पोखरीहरू सुनौला कमल, राती फुल्ने कमल र सूर्यकमलका बोटहरूले युक्त तथा मूलबाट पानी आउने पनि होऊन् ॥८३॥

तिनीहरूका अन्न, पानी, लुगा, धन, हिरण्य, मणि, मोती, गहना, सुवर्ण वैडूर्य मणि र अनेक किसिमका रत्नहरू पनि चिताउनासाथै उत्पन्न होऊन् ॥८४॥

संसारमा कहीँ पनि दुःखी शब्द न होओस्, एउटै प्राणी पनि प्रतिकूल (बूढो बाँच्ने, बालक मर्ने आदि) देख्नु पर्ने नहोस्, सबै उदार होऊन् र परस्परमा सहयोग गर्ने होऊन् ॥८५॥

मनुष्यलोकमा जति पनि सम्पत्तिहरू छन् ती तिनीहरूका निमित्त मनले सोच्नासाथै उत्पन्न होऊन्, सबै अभिप्रायहरू सोच्ने बित्तिकै पुण्य-फलले गर्दा परिपूर्ण गर्न सक्ने होऊन् ॥८६॥

चन्दन माला, लेपन, धूप, चूर्ण, फूल र रूखहरूले तीनैकाल (बिहान दिउसो र वेलुका) वर्साऊन्, त्यस्ता ती फूलहरू प्राणीहरूले लिऊन् र खुशी होऊन् ॥८७॥

दशैदिशामा रहेका, चिताउनै नसकिने श्रावक र बोधिसत्वसहित भएका तथागतहरूलाई र बोधिधर्ममा रहनेहरूलाई पनि सबैले पूजा गरून् ॥८८॥

सबैले नीचमार्ग छोडून्, अष्टाङ्गिकरूपी छालको घेरालाई तरून्, बुद्धको मूर्ति प्राप्त गरून् र सधैं बुद्धमा समागत हुन पाऊन् ॥८९॥

(सबै प्राणीहरू) उच्च कुलीन् होऊन् प्रशस्त धनधान्यले भरिपूर्ण ढुकुटी भएका होऊन, रूप शूर्याइँ र कीर्तिले अनेकौँ कल्पसम्म अलङ्कृत भएका होऊन् ॥९०॥

सबै स्त्रीहरू सधवा वा लोग्ने मानिस जस्ता शूरा, वीर, विद्वान् र पण्डित होऊन्, ती सबै ज्ञानका निंति सधैं डुलीरहून् र छ पारमिताको बाटोमा हिंड्नून् ॥९१॥

(सबैले) उत्तम रत्नवृक्षमुनि वैडूर्य सिंहासनमाथि सुखसँग रहेका बुद्धहरूलाई दशैदिशामा देखून्, तिनीहरूले प्रकाश गरेको धर्मलाई सुनून् ॥९२॥

पहिलेको संसारको संकटबाट मैले कमाएका पापकर्महरू मैले जितें (नाशगरें) त्यस्तै प्रकारका पाप बोकेर हिंड्ने जो पापीहरू छन् ती सबैका पापहरू पनि कत्ति बाँकी नरही जम्मै सखाप होऊन् ॥९३॥

सांसारिक बलियो पासोले बलियोसँग कसिएका सबै प्राणीहरू ज्ञानद्वारा प्रकाशित होऊन् र दुःखबाट निस्केका बन्धनबाट छुटून् ॥९४॥

जुन् प्राणीहरूले यस जम्बुद्वीपमा र अरू ठाउँहरूमा पनि जति गंभीर र विचित्र पुण्यहरू गरे ती सबलाई अनुमोदन गर्छु ॥९५॥

शरीर, वचन र मनले कमाइएको त्यही अनुमोदित पुण्यले मेरो प्रणिधानसिद्धि (समाधि) सफल भयो र मैले श्रेष्ठ र अनुरागशून्य अनुत्तर बोधिज्ञानको स्पर्श गरूँ ॥९६॥

त्यही बोधिज्ञान प्राप्तगर्नका लागि प्रसन्न, शुद्ध र निर्मल मनले जसले दशबलहरूलाई स्तुति र बन्दना गर्छ त्यो साठीकल्पसम्म दुःखहरूबाट छुट्दछ ॥९७॥

जुन् ब्राम्हण क्षत्री आदि पुरुष र स्त्रीहरूले माथि बताइएका अर्थात् वर्णन गरिएका यी श्लोकहरूले श्रद्धाञ्जलिपूर्वक बसेर बुद्धलाई खुशी पार्छन् ती सयौँ जन्मसम्म पूर्वजन्मको कुरा सम्झने हुन्छन् ॥९८॥

(त्यसरी खुसी पार्ने त्यो पुरुष वा स्त्री) त्यस्तै सँधैं सबै इन्द्रिय अर्थात् सबै अङ्ग राम्रा भएको, विचित्र गुणले पूर्ण र जहाँ गयो जहाँ त्यहीं त्यहीं अरूले सहित राजाले पनि पूजा गरिने हुनेछ ॥९९॥

जुन प्राणीहरूको कानमा यो उपदेश पर्छ तिनीहरूले एक, दुइ, तीन, पाँच दश बुद्धहरूका नजीकमा मात्रै असल काम गरेका हैनन् कि हजारौँ बुद्धका अगाडि कुशल काम गरेका हुन् ॥१००–१०१॥

यो सुवर्णप्रभासोत्तम सूत्रेन्द्रराजमा देशना परिवर्तन नामको

चौथो परिवर्तन समाप्त भयो

५

# कमलाकरसर्वतथागतस्तव परिवर्त

यसपछि भगवान्ले बोधिसत्वहरूले युक्त कुलदेवतालाई यस्तो भन्नुभयो (भनेको कुरा अर्को परिवर्तमा आउँछ) त्यही काल र समयले ती कुलदेवता सुवर्ण-भुजेन्द्र नामका राजा थिए। यिनले कमलाकरसर्वतथागत नामक स्तुतिद्वारा अतीत, अनागत र प्रत्युत्पन्न बुद्ध भगवान्हरूलाई स्तुति गरे।

जुन् पहिल्यैका र अब हुने जिन (बुद्ध) हरू छन्, जो संसारका दशै-दिशालाई धारणा गर्छन् ती जिन (बुद्ध) हरूलाई म प्रणाम गर्छु र त्यस जिन संघलाई प्रशंसा गर्छु ।१।

शान्त, ज्यादै शान्त र शुद्ध सुवर्णको वर्ण झैं उज्यालो शरीर भएका सबै देवता असुर ब्रह्माको असल स्वरले गुन्जायमान भएको ध्वनिद्वारा स्तुति गरि-एका मुनीन्द्र बुद्धलाई भज्छु ।।२।।

भ्रमरा झैं काला रूखका पालुवा झैं नरम घुङ्गरिएको नीलो कपाल भएका काँसको समूह, शंख र तुषारो जस्तै सेता दाँत भएका, सुन रहेको हुनाले उज्वल नाभि भएका, काला ठूला शुद्ध (रागद्वेष आदि केही नभएका) र नील कमल जस्तो कान्तियुक्त आँखा भएका, रत्नकमल जस्तो राम्रो विशाल जिब्रो भएका फक्रिएको कमल झैं हिस्सी परेको अनुहार भएका, शंख र कमलको तन्तु झैं गोरो अनुहार भएका, दाहिनेतिर फर्केको वेरुलि जस्तो वर्ण भएका, क्षीण चन्द्रमा वा बालचन्द्र जस्ता (टुब्ला तर उज्वल) तर बल्दो आगोले भ्रमरालाई झैं मानिसलाई आकृष्ट गर्न सक्ने शरीर भएका, सुन जस्ता राम्रा, सुन्दर छाती भएका, पहिले सानो भई पछि मोटो किसिमले उठेर उपल्लो ओठतिर वा मुखतर्फ झुकेको विशिष्ट नाक भएका तथा सारा शरीर नै राम्रो या कोमल भएका, एकैनासका र दाहिनेतिर घुमेका रौँ भएका, नीलमणिसदृश र उज्वल कुण्डल भएका र नीलमणि लाएको शिर र सुन्दर घाँटी भएका, जताततै उस्तै किसिमको तेजले युक्त शरीर भएका, संसारका दशैदिशामा साराले पूजिएका, संसारका अनन्त दुःखहरूलाई शान्ति

गराउने र प्राणीहरूलाई सारा सुखबाट तृप्त पार्नें, नरकमा परेकाहरूमा अनि दुःख पाएका पशु, चरा चुरुङ्गी, प्रेत, देवता, असुर, मनुष्यहरू र सबै प्राणीहरू सुख र शान्ति दिने तथा अधोगतिमा प्राप्त भएका सबैलाई शान्ति दिने, सुवर्णका वर्ण जस्तो स्वर्गीय आभाले युक्त, तातेको सुन झैं प्रभासित शरीर भएका, शान्त र चन्द्रमा झैं निर्मल अनुहार र फुनेको कमल जस्तो हँसिलो मुख भएका, भर्खरको बिरूवाको झैं कोमल शरीर भएका, सिंह जस्ता विक्रमी र हात्तीको जस्तो हिँडाइ भएका, हावाले हल्लाएका शालका लहरारूपी बाहु झैं हल्लने लामा हात भएका,

आकाशमा प्रकाशमान किरण छोड्ने हजार सूर्य जस्ता निर्मल र श्रेष्ठ शरीरले अनन्त क्षेत्रलाई नै उज्यालो पार्ने मुनीन्द्र (बुद्ध) लाई (नमस्कार गर्छु) ॥३-१२।

सयौँ, हजारौँ, अर्थात् अनन्त क्षेत्रमा उज्यालो गराउने चन्द्र र सूर्यका किरणहरू पनि बुद्धको तेज सुन्दर पार्नका लागि बुद्धमा अलंकार भएर रहे ।

लोकलाई प्रदीप्त गराउने सूर्य जस्ता सयौँ हणारौँ तथागत शत सहस्र र अनन्त क्षेत्रमा रहेका बुद्धहरूलाई प्राणीहरूले देखून् ।

सयौँ हजारौँ, पुण्यहरूले बनेको र सारा गुणहरूले सुशोभित शरीर भएका, शुद्ध र राम्रा लक्षण भएका बाहु र मत्ता हात्तीका सूंड जस्तो हात भएका (यस्ता जिनलाई नमस्कार गर्छु) ।

पृथिवीका धूलाहरू (अनन्त) तुल्य र मसीना धूलाका कणहरू जस्ता जति बुद्धहरू गए त्यस्तै प्रकारका जति अहिले छन् र जति पछि हुनेछन् ती सारा जिन (बुद्ध) हरूलाई फूल, असल सुगन्ध र धेरै थरीका चन्दनहरू चढाएर स्वस्थ शरीर, मीठो बोली र प्रसन्न चित्त लिएको म प्रणाम गर्छु ॥१६-१७॥

बुद्धका गुणहरू कुशल सयौँ जिभ्राहरूले हजारौँ कल्पसम्म भने पनि सकिदैनन् । त्यस्ता ती जिनहरूका गुणको यथार्थ निवृत्ति त उत्तम अनेक अग्र (अग्रबोधि) का निमित्त पनि विचित्र लाग्ने हुन्छन् । एउटै जिन (बुद्ध) का गुणहरू पनि सयौँ जिभ्राहरूले भने पनि कहिल्यै सकिंदैनन् भने सबै जिनको (बुद्धको) त एकैगुण पनि विस्तारपूर्वक भन्न सकिंदै सकिंदैन ॥१६॥

संसारमा रहेको संपूर्ण जलजे भिजेका सबै देवकुलोक्त समूहका सारा रौँहरू बरू एकएक गरी गन्न सकिएलान्, परन्तु बुद्धको एकैगुणको पनि व्याख्या गर्न सकिंदैन ॥२०॥

शरीर, वचन र प्रसन्न मनले मैले सबै बुद्धहरूसाई स्तुति गरेँ, वर्णन गरेँ, यसबाट मैले जति पुण्यफलहरू कमाएँ, त्यसद्वारा सबै प्राणीहरू जिन (बुद्ध)

होऊन् ॥२१॥

(सुवर्ण भुजेन्द्र) राजाले बुद्धलाई यसरी स्तुति गरिसकेपछि यस्तो निवेदन गरे-

जहाँ जन्मे पनि पछि हुने अनन्तकल्पसम्मका जुनसुकै जातिका जन्महरू पनि (मैले) सपनामा यस्तै नगरा देखूँ, त्मसबाट यसतै उपदेश सुनूँ र यही कमलाकरसर्वतथागतस्तुति सम्झिरहूँ ॥२२-२३॥

बुद्धका अनन्त र वेजोडका गुणहरू हजारौँ कल्पमा पनि पाइनसक्दा छन्, ती गुणहरू यसै नगराद्वारा सपनामा सुनूँ र दिनमा उपदेश गरूँ ॥२४॥

प्राणीहरूलाई दुःख समुद्रबाट उतारूँ र छ पारमिताहरूले पूर्ण गरूँ, त्यसपछि श्रेष्ठ बोधि प्राप्त गरूँ र मेरो क्षेत्र असीमित होओस् ॥२५॥

भेरी प्रदान गरेको र सबै बुद्धहरूलाई स्तुति गरेको (विपाक) फलद्वारा शाक्य मुनिलाई अगाडि नै देखूँ र म व्याकरण (व्याख्या गर्ने शक्ति) पनि पाऊँ ॥२६॥

त्यस समय, वा ठाउँमा कनकेन्द्र र कनकप्रभावस्वर नामका मेरा दुई छोराहरू तथा उत्तम बोधि र व्याकरण (व्याख्या गर्न सक्ने शक्ति) पनि प्राप्त गरूँ ॥२७॥

आश्रय नपाएका, रक्षा र शरण पनि नपाएका तथा वियोगमा परेका जो जति प्राणीहरू छन्, तिनीहरूमा अनागत बुद्धको रूपले रक्षा र शरण दिन सक्ने हुन सकूँ ॥२८॥

दुःखको उत्पत्ति हुने ठाउँ नै नाश गर्ने र सबै सुखको खानी हुन सकूँ, पहिल्यै भएका कोटियौँ कल्प तथा अनागत (पछि हुने) कल्पसम्म पनि बोधि (बुद्ध धर्म) गर्न सकूँ ॥२९॥

उत्तम स्वर्ण प्रभा उपदेश गर्नका लागि मेरो पाप समुद्र सुकोस्, कर्म समुद्र छरियोस् र क्लेश समुद्र काटियोस्। अनि मलाई पुण्य समुद्रले भरिभराउ पारोस्, ज्ञान-समुद्रले शोधन (शुद्ध) गरोस् र विमल ज्ञानको उज्ज्वलताले सबै गुणका समुद्रहरू ममा होऊन् ॥३०, ३१॥

स्वर्ण प्रभाको उपदेश बलले गर्दा बोधि-गुण रत्नहरूले परिपूर्ण भएको मेरो पुण्य जाज्वल्यमान होओस्। मेरो पुण्य प्रभास होओस्, र मलाई बोधि प्रकाशले पनि शुद्ध पारोस् ॥३२॥

मेरो शरीर तेजयुक्त, पुण्य भएको र राम्रो पनि होओस्, तथा म सबै लोकमा विशिष्ट होऊँ र सदा पुण्य बलले युक्त भएको पनि होऊँ ॥३३॥

दुःख समुद्रबाट पार लगाउने संपूर्ण सुखको सागरतुल्य भएको म पहिले सएका कोटियौँ कल्प जस्तै पछि आउने कोटियौँ कल्पसम्म पनि बोधि (बुद्ध धर्म) गरिरहूँ ॥३४॥

सबै जिनहरूको (बुद्धहरूका) अनन्त गुणले गर्दा संसारमा जति विशिष्ट क्षेत्रहरू छन्, अनन्त गुण भएका अनागत बुद्धका त्यस्ता ठाउँहरू मेरा प्रशस्त हुनेछन् ।

श्री सुवर्ण प्रभास सूत्रमा कमलाकरसर्वतथागतस्वत परिवर्त नामको
पाँचौँ परिवर्त समाप्त भयो ।

६

# शून्यता परिवर्त

अनि भगवानले त्यसै बेलामा यी गाथाहरू भन्नुभयो–

अरू चिताउनै नसकिके ठूलठूला सूत्रहरूमा शून्य धर्म (शून्यवाद) ज्यादै विस्तारपूर्वक उपदेश गरिएको छ, यसैले यस उत्तम सूत्रद्वारा तिमीहरूलाई संक्षेपमा शून्य धर्म उपदेश गर्छु ॥१॥

अल्प बुद्धि भएका र ज्ञान शून्य प्राणीहरू सबै धर्मका कुराहरू जान्न सक्दैनन्, त्यस्ताले यहाँ आएर हेर, यो उत्तम सूत्रले शून्य धर्म संक्षेपमा बताएको छ ॥२॥

नीति र अरू उपायद्वारा प्राणीमा दया जगाउनका लागि यो उत्तम सूत्रेन्द्र प्रकाशित गरिएको हो, जसलाई सबै प्राणीहरू जान्न सक्छन् ॥३॥

यो शरीर शून्य ६ ओटा गाउँहरू जस्तै छ, यी एकएक गाउँमा, चोर जस्ता ६ वटा इन्द्रियहरू एक एक गरी बस्छन् र यिनीहरू आपसमा एक अर्कालाई चिन्दैनन् ॥४॥

जस्तो आँखा रूपतिर मात्रै दगुर्छ, कान शब्दतिर, नाक गन्धतिर, जिब्रो स्वादतिर, छाला स्पर्शतिर र मन धर्म बिचार गर्नपट्टि दौडन्छ, अर्थात् यी ६ इन्द्रियहरू आ–आफ्ना विषयतिर मात्रै लाग्छन् ॥५,६॥

कुनै मानिस चोरहरूबाट र रणसंग्रामबाट उत्पन्न भएको डरबाट शून्य गाउँको आश्रय गर्छ त्यस्तो माया जस्तो चंचले चित्त पनि ६ ओटा इन्द्रियलाई आश्रय गरी विषयतिर आश्रय गर्छ ॥७॥

चित्त ६ ओटै इन्द्रियमा आश्रित भएकोले रूप, शब्द, गन्ध, रस, स्पर्श तथा धर्मगोचर गुण भएका इन्द्रियका बारेमा जान्दछ पनि ॥८॥

चित्त चंचल चरो जस्तै भएर ६ ओटा इन्द्रियहरूमा प्रवेश गरेको छ; त्यसो हुँदा जति पनि इन्द्रिय गोचर वस्तुहरू छन् ती सबैको भित्री तत्त्व मनले मात्र थाहा पाउँछ, स्वयं इन्द्रियहरूले ज्ञान गर्न सक्तैनन् ॥९॥

शून्य ग्राममा रहेको कर्मयन्त्र जस्तो शरीर निश्चेष्ट, निर्व्यापार, निःसार प्रत्यय संभव र अभूत विकल्प समुत्थित छ ॥१०॥

पृथ्वी, जल, तेज, वायु शरीरका कुनाकाप्चासम्म रहेका छन् । एउटै घरमा बसेका सर्प झैँ यी सर्वदा परस्परमा नमिल्ने छन् ॥११॥

चार किसिमका ती धातुरूप सर्पहरूमध्ये दुइटा माथि जाने र दुइटा अनुकूल दिशातिर जानेछन् । ती चारै दिशा र सबै उपदिशा (विदिशा) मा छन् र ती धातुरूप सर्पहरू नाश पनि हुन्छन् ॥१२॥

जस्तो पृथ्वी र पानीरूपी सर्पको नाशै हुन्छ त्यस्तै तेज, आगो र हावा रूपी सर्प पनि माथि आकाशको छेउसम्म जान्छन् ॥१३॥

पूर्व जन्ममा गरेको कर्मअनुसार विशेष ज्ञान भएको चित्त तिनीहरूको बीचमा गएर बस्छ अर्थात् प्राणीहरूको पूर्वकर्मअनुसारको मन हुन्छ । पूर्व जन्मको कर्मअनुसार नै देवता र मनुष्यमा पनि तीन अपाय पनि नाशका तीन कुरा (जन्म जरा मरण) रहिरहेका हुन्छन् ॥१४॥

यो शरीर कफ, वात र पित्तले ग्रस्त भएर क्षय भइहाल्न लागेको, दिशा र पिसावले भरिभराउ भएको, विश्राम रहित, क्षुद्र कीटाणुहरूले भरिएको र मसानमा फ्याँकिएको सुकेको काठ जस्तै छ ॥१५॥

तिमी हेर त, त्यस्तो स्थिति नभएको प्राणी, पुग्दगल वा कुनै देवता नै छ ? त्यस्तो (कोही छैन) अरू सम्पूर्ण धर्महरू शून्य (हुँदै नभएका) र नभएर पनि हुन् कि भने जस्तो भान पर्ने मात्र हुन् ॥१६॥

यी संपूर्ण महाभूतहरू भएकै होइनन् , किनभने महाभूतहरू स्वभावैले नहुने खालका हुन् । त्यसकारण यी महाभूतहरू हुन्छन् भन्नु असंभव कुरो हो, किनभने रहँदै नरहने कुराको कहीँ पनि स्थायित्व हुँदैन ॥१७॥

यी नाम र रूपले सहित भएका संस्कार विज्ञान भन्ने कुरा नभएर पनि भए जस्तै हुन्छन् , त्यसै कारण मैले यिनलाई अविधा भनेको हूँ ॥१८॥

षडायतन स्पर्श, वेदना, तृष्णा, उपादन र संसार, जन्म, जरा मरण शोक र उपद्रव यी सबै चिताउने नसकिने दुःखका संस्कार मात्र हुन् । जस्तो यो संसार चक्रमा हुँदै नभएका, त्यसै भएका र संभावना नै नभएका (असंभव) कुराहरू रहेका छन् , त्यस्तै जुनी नभईकन पनि दिनरात चित्त डुलिरहेकै हुन्छ, अतः त्यसलाई आत्माको दृष्टि (बुद्ध दृष्टि) ले आफैंले काट ॥१९, २०॥

ज्ञानरूपी खड्गले क्लेशको समूहलाई छिनाल, शून्यमय भएको दुःखादि स्कन्ध (दुःखस्कन्ध रूपस्कन्ध आदि) समूहलाई हेर, उदार बोधिगुणको स्पर्श

गर र अमृतमय शहरको ढोका उघार ॥२१॥

त्यसै अमृतपुरमा पस र त्यसमा असल शहरका कस्ता कस्ता पत्रहरू छन् ती सबै हेर, आत्मालाई अमृतमय रसले तृप्त पार र मेरो उत्तम धर्मरूपी नगरा बजाऊ। मेरो उत्तम धर्मरूपी शंख बजेको छ, उत्तम धर्मरूपी ज्योति बलेको छ, उत्तम धर्मरूपी दृष्टि वर्षेको छ र मेरा अत्यन्त क्लेशदायी शत्रुहरू पराजित भएका छन् ॥२२, २३॥

मेरो उत्तम धर्मरूपी ध्वजा फहराइएको छ, मेरो संसाररूपी प्राणी समुद्रहरू तरिएका छन्, मेरा तीनओटा अपाय मार्गहरू समाप्त भएका छन् र प्राणीहरूका क्लेशरूपी अग्निवाट उत्पन्न भएको डाह शान्त भएको छ ॥२४॥

किनभने मैले सद्धर्मयुक्त शरीर प्राप्तिका लागि दृढव्रती भएर बोधि (बोधि धर्मको) आचरण गरेर अनेक कल्पसम्म चिताउने नसकिने नायकलाई पूजा गरेको छु ॥२५॥

फेरि मैले त्यही सद्धर्मयुक्त शरीर प्राप्तिका लागि हात-गोडाको पनि वास्ता नगरेर, धन, हिरण्य, मणि, मोती र अरू गहनाहरू पनि छोडेर, आँखाका नानी जस्ता प्यारा स्वास्नी र छोराछोरीहरू तथा सुवर्ण वैदुर्य मणि र विचित्र रत्नहरूको पनि परित्याग गरेको थिएँ ॥२६॥

त्रिसाहस्र (लोक धातु) का संपूर्ण वृक्ष तथा वनस्पति काटेर सबैलाई धूलो पारेर त्यसको मसिनू धूलो (परमाणु) बनाउनु ॥२७॥

धूलोको त्यो थुप्रो आकाश ढावने समान त्यति अग्लो होओस् मानौं भाग लाउनै नसकिने पृथ्वीका धूलाका कणहरू जस्तै होओस् ॥२८॥

ज्ञान प्राप्त गरेका संपूर्ण प्राणीहरू र त्यस्तै अरू ज्ञानीहरू मिलेर धूलाका ती जम्मै कणहरू गन्न सक्नेछन्, तर तिनको (बुद्धको) ज्ञानको गणना गर्न सक्नेछैनन् ॥२९॥

एकै छिनबाट प्राप्त भएको महामुनि (बुद्धको) जुन ज्ञान (बोधिज्ञान) छ त्यो ज्ञान अनेक कोटिथौँ कल्प लगाएर गन्दा पनि सकिंदैन ॥३०॥

यो श्री सुवर्णप्रभाससूत्रेन्द्रराजको शून्यता परिवर्त नाम गरेको छैठौँ

**परिवर्त समाप्त भयो**

# सातौं

## चतुर्भुज महाराज परिवर्तः

आसनबाट उठी एककाँधमा चीवरनामक वस्त्रहरू हालेर र दाहिने घुँडा मारेर त्यसले पृथ्वीमा टेकेर वैश्रवण, धृतराष्ट्र, विरूढक र विरूपाक्ष महाराजहरूले हातजोडी प्रणाम गरिसकेपछि जहाँ भगवान रहनु भएको थियो त्यहाँ पुगेर भगवानलाई यस्तो भन्न थाले :- हे भगवान् ! यो सुवर्णप्रभास उत्तम सुत्रेन्द्रराज सबै तथागतहरूले भनिएको, हेरिएको, अनुसरण गरिएको सबै बोधिसत्वका गणहरूले नमस्कार गरिएको, सबै देवताका गणहरूले पुजिएको, संपूर्ण देवेन्द्रगणहरूलाई हर्षित पार्ने, संपूर्ण लोकपालहरूले स्तुति, प्रार्थना, वर्णन र प्रशंसा गरिएको, संपूर्ण देवभवनमा प्रकाशमान भएको, संपूर्ण प्राणीहरूलाई परम सुख दिने, संपूर्ण नरक र तिर्यग्योनि या दुःखलाई शोधन गर्ने यमलोकको संपूर्ण दुःख नाश गर्ने संपूर्ण डरलाई शान्त गर्ने शत्रुका सबै कपटलाई निवारण गर्ने, अनिकालरूपी जंगललाई समन गर्ने, रोगरूपी जंगल-नाश गर्ने, ज्ञान दिने, ज्यादै शान्ति दिने, शोक र दुःखहरू समाप्त पार्ने, अनेक प्रकारका र विभिन्न किसिमका सयौँ हजारौँ उपद्रहरू नाश गर्ने हो। हे भदन्त भगवान् ! यो उत्तम सुवर्णप्रभाससूत्रेन्द्रराजलाई विस्तारपूर्वक संभाला प्रकाश पार्ने हामी बल र परिवारसहितका महाराजहरूको यस धर्मरूप अमृतको रसले गर्दा दिव्यतेज बढनेछ। हाम्रो शरीरमा वीर्य र बल उत्पन्न हुनेछ, तेज, शोभा र लक्ष्मी पनि हाम्रो शरीरमा प्रवेश गर्नेछन्। हे भदन्त भगवान् ! धार्मिक धर्मवादि र धर्मराज हामी चार महाराजहरूले देवता, नाग, यक्ष, गन्धर्व, असुर, नर महोरगहरूलाई राजत्वमा पुऱ्याउने छौं। हे भगवान् ! त्यस्ता हामी चार महाराजहरूले साढे-अट्ठाइस यक्ष सेनापति र कैयौँ यक्षहरूका साथ जम्मा भएर सारा जंबुद्वीपलाई विशुद्ध मानवीय दृष्टिभन्दा विशिष्ट दिव्य ( दैवी ) दृष्टिद्वारा हेर्नेछौं, रक्षा गर्नेछौं र परिपक्वतुल्याउने छौँ। हे भदन्त भगवान् !

यसै कारणले नै हामी चारमहाराजलाई लोकपाल भन्ने संज्ञा दिइएकों छ ।

हे भदन्त भगवान् ! जो कोही यस जंबुद्वीपमा बिल्यासमा परेका र अर्काले दुःख दिइएका हुनेछन् , यद्वा अनिकाल या हजारौँ उपद्रवहरूले तथा सयौँ हजारौँ उपद्रवहरूले पिटिएका हुनेछन् , सूत्रेन्द्रधारी त्यस्ता भदन्त भिक्षुहरूलाई र यस सुवर्णप्रभाससूत्रेन्द्रराजलाई पनि हामी चार महाराजहरूले शक्ति प्रदान गर्नेछौं । हे भदन्त भगवान् ! जुन वेला धर्मप्रवचन गर्ने यी भिक्षुहरू हामी चार महाराजहरूको प्रेरणाले र बुद्धमा आस्था राख्नाले जुन जुन विषयमा ध्यान दिनेछन् त्यो त्यो विषयमा तिनीहरू यस सुवर्णप्रभाससूत्रेन्द्रराजको विस्तारसँग प्रकाश गरून् । यसो गर्नाले यिनीहरूले हरेक विषयसम्बन्धी अनेक किसिमका सयौँ हजारौँ उपद्रवहरूलाई शान्त पार्नेछन् ।

हे भदन्त भगवान् ! यो श्रेष्ठ सूत्रेन्द्र जानेका र धर्मप्रवचन गर्ने भिक्षुहरू जुन मानिसतिर फर्कन्छन् , त्यस्तो त्यो मनुष्यराजले यो सुर्वणप्रभाससूत्रेन्द्रराज सुन्छ र सुनेर ती सूत्रेन्द्रधारी भिक्षुहरूको संपूर्ण शत्रुहरूबाट हरेक किसिमले चारैतिरबाट रक्षा परित्राण परिग्रह र परिपालना गर्छ भने हे भदन्त भगवान् ! त्यस श्रेष्ठ मानिसलाई र त्यसमा लागेका (त्यहाँ भएका) अरू सबै प्राणीहरूलाई पनि हामी चार महाराजहरूले हरेक किसिमले रक्षा, परित्राण, परिग्रह, परिपालन र शान्ति स्वस्ति गर्नेछौं । हे भदन्त भगवान् ! जोसुकै उत्तम मानिसले यस सूत्रेन्द्र धारणा गर्ने भिक्षु, भिक्षुणी, उपासक र उपासिकालाई सबै सुखका सामग्रीले सुख दिन्छ भने हे भदन्त भगवान् ! त्यस मनुष्यराजलाई हामी चारै महाराजले सबै राजाहरूबाट सत्कार, गुरुकार मान र पूजा पाउने गराउनेछौं र सबै विषयका प्रशंसा गरिने पनि गराउनेछौं ।

यसपछि भगवानले चार महाराजहरूलाई हे महाराज ! तपाईं महाराजहरू धन्य हुनुहुन्छ भनेर धन्यवाद दिनुभयो । अनि भन्नुभयो जस्तो कि तपाईंहरू पहिल्यैका बुद्धहरूले अधिकार दिइएका, ज्ञान प्राप्त गरिसकेका, धेरै शत सहस्र नियुतकोटि बुद्धहरूले उपासना गरिएका र धर्मले धार्मिक र धर्मवादी हुनुहुन्छ । यस्ता तपाईंहरूले धर्मद्वारा देवता र मानिसहरूलाई सुशोभित पार्नु होला । हुनत तपाईंहरू पहिलेका दीर्घरात्रहरूमा सबै प्राणीहरूको हित चिताउने, सुख र मैत्रीपूर्ण चित्त भएका सबै प्राणीहरूको हितहरूलाई नाश गर्न खोज्ने संपूर्ण प्राणीहरूको सबै हितलाई नाश गर्नमा नियुक्त हुनुहुन्छ तैपनि अब यस्ता तपाईं चार महाराजहरूले ती श्रेष्ठ मानिसहरूको र यो सुवर्णप्रभास उत्तम सूत्रेन्द्रराजको पूजा र सत्कार द्वारा रक्षा, परित्राण, परिग्रह र परिपालना गर्नु हुनेछ र शान्ति स्वस्ति पनि गर्नु

हुनेछ। यसै कारणबाट यस्ता अनेक बल परिवार र सयौँ हजारौँ यक्षहरूले युक्त भएका तपाईंहरूद्वारा अतिथी अनागत र प्रत्युत्पन्न बुद्ध भगवानहरूका धर्म-नेत्रीको रक्षा, परिपालना र परिग्रहण हुनेछ। ( सुवर्णप्रभास उत्तम सूत्रेन्द्रराजको पूजा गरिएको कारणले ) बल परिवार र सयौँ हजारौँ यक्षहरू साथमा भएका तपाईं चार महाराजाहरूद्वारा नै देवता र दैत्यको लडाईंमा दैत्यहरूको हार हुनेछ र देवताहरूको जीत हुनेछ। संपूर्ण शत्रुको व्यूह समाप्त पार्ने सुवर्णप्रभास उत्तम सूत्रेन्द्रराजको रक्षाका लागि नै यस सूत्रेन्द्रलाई धारणा गर्ने भिक्षु भिक्षुणी उपासक र उपासिकाहरूको रक्षा परित्राण परिग्रह परिपालना र शान्तिस्वस्ति गर्नु हुनेछ।

यसपछि वैश्रवण धृतराष्ट्र विरूढक र विरूपाक्ष महाराजहरूले आसनबाट उठी एउटा काँधमा चीवर (वस्त्रविशेष) हालेर र दाहिने घुँडा टेकेर जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ पुगी हात जोडी प्रमाण गरिसकेपछि भगवान् (बुद्ध)लाई भनेः— हे भदन्त (बुद्ध) भगवान्! त्यो पछि आउने समयमा यो सुवर्णप्रभास सूत्रेन्द्रराज जुन जुन मनुष्यराजको राष्ट्रमा पुग्नेछ र जुन जुन गाउँ नगर निगम जनपद राष्ट्र राजधानीमा प्रचार हुनेछ, हे भदन्त भगवान्! कुनै मनुष्यराजले जुन यो सूत्रेन्द्रद्वारा देवेन्द्रकै समयानुसारको राजशास्त्रअनुसार राज्य गर्नेछन्। अनि यस सुवर्णप्रभास उत्तम सूत्रेन्द्रराजका श्रोता भएका सूत्रेन्द्रलाई धारणा गर्ने भिक्षु भिक्षुणि उपासक र उपासिकाहरूलाई सत्कार गुरुकार संमान र पूजा गर्नेछन् अनि यस सुवर्णप्रभासोत्तमसूत्रेन्द्रराजलाई सुन्नेछन्। यही धर्म सुन्नाले यसकै प्रेरणाले धर्मरूप अमृतले प्रेरित पुण्यात्मा हामी चार महा-राजहरूको संपूर्ण परिवारहरूको र अनेकौँ सयौँ हजारौँ यक्ष राक्षसहरूको दिव्य आत्मभावको साथै ठूलो तेज बढ्नेछ। हाम्रो शरीरमा ठूलो वीर्य, श्याम, बल, तेज, शोभा र कान्ति पनि बढ्नेछ र धन पनि बढ्नेछ। त्यसैले हे भदन्त भगवान्! बल परिवार र नदेखिने शरीर भएका अनेकौँ सयौँ हजारौँ यक्षहरूका साथ हामी चार महाराजहरू पछि आउने समयहरूमा जुन गाउँ, शहर निगम, जनपद, राष्ट्र वा राजधानीहरूमा जाउँला त्यहाँ यो सुवर्णप्रभास उत्तम सूत्रेन्द्रराज प्रचार हुनेछ। यो सुवर्णप्रभाससूत्रेन्द्रराजलाई सुन्ने, आमा-बाबुको पूजा गर्ने त्यहाँका ती राजाहरूको रक्षा पनि गर्नेछौँ। त्यस्ता तिनी-हरूको परित्राण परिग्रह परिपालन दण्डपरिहार शस्त्रपरिहार र शान्तिस्वस्ति पनि गर्नेछौँ। त्यस्ता राजकुल राष्ट्र र प्रदेशहरूका विषयमा रक्षा पनि गर्नेछौँ। तिनीहरूको परित्राण, परिग्रह, परिपालन, दण्डपरिहार, शस्त्रपरिहार र शान्ति-

स्वस्ति पनि गर्नेछौँ। त्यस्तो गर्ने देशका संपूर्ण भयहरू छुटाउनेछौँ र परचक्रलाई पनि हटाउनेछौँ।

सुवर्णप्रभास उत्तम सूत्रेन्द्रराजलाई सुन्ने, मान गर्ने, पूजा गर्ने कुनै मनुष्यराजाका उपर अर्को कुनै सामन्तीराज शत्रु होओस्। हे भदन्त भगवान्! अनि त्यसले आफ्नु मनमा यस्तो विचार गरोस्। के भने—म आफ्नु चतुरङ्ग सेनाको बलले यसलाई नाश गर्न यसका राज्यमा हमला (चढाई) गर्छु। हे भदन्त भगवान्! त्यही काल र त्यही समयमा यस सुवर्णप्रभास उत्तम सूत्रेन्द्र-राजको तेजले गर्दा त्यस शत्रु सामन्ति राजाको अर्कै राजासँग युद्ध हुनेछ। अनि त्यसका देशका चीजहरूको नाश हुनेछ र भयङ्कर राज्य संकष्ट पर्नेछ। त्यो देशमा ग्रहरोगहरू उत्पन्न हुनेछन्, अनेकौँ प्रतिरोधहरू आइपर्नेछन्। हे भदन्त भगवान्! जुन वेला त्यस शत्रुराजाको देशमा यस्ता अनेक उपद्रव र अनेक प्रतिरोधहरू हुनेछन् अनि हे भदन्त भगवान्! त्यस वेला त्यो सामन्ती शत्रुराजा आफ्नु घोडचढी सेना लिएर शत्रुलाई जित्नका लागि आफ्नु देशबाट निस्कोस्। अनि जहाँ यो सुवर्णप्रभास सूत्र छ त्यहाँका राजालाई त्यस शत्रुराजासँग लड्न-का लागि आफ्ना घोडचढी सेनाका साथ त्यसको देशमा आक्रमण गर्न मन लागोस् र विध्वंश गर्न मन लागोस्। अनि हे भदन्त भगवान्! बल परिवार र सयौँ हजारौँ अनेकौँ यक्ष र राक्षसहरूका साथ नदेखिने भएर हामी चार महाराजहरू पनि त्यहीं जानेछौँ र शत्रुलाई हान्न बाटो लागि सकेका तिनीहरूमा विघ्न पार्नेछौँ। अनेक प्रतिरोधहरू र यतातर्फका अनेकौँ बाधाहरू पनि उतै फर्काइदिनेछौँ। यतातर्फका अनेकौँ बाधा हटाई दिनेछौँ। यसरी देशमा आक्रमण गर्ने त्यो शत्रुराजाको योजनापर्यन्त सफल हुँदैन भने अनि त्यसले नाश त कसरी गर्न सक्ने?

अनि भगवान् (बुद्ध) ले तपाईँ चारै महाराजलाई धन्यवाद छ, फेरि पनि धन्यवाद छ भनी धन्यवाद दिनुभयो। तपाईँहरूले पछि आउने असंख्य शतसहस्र आयुत कोटि कल्पसम्म यो अनुत्तर सम्यक् संबोधिका लागि र ती मनुष्यराज र यस सुवर्णप्रभाससुत्रेन्द्रराजका श्रोताहरूको पनि रक्षा गर्नु हुनेछ। तथा परित्राण, परिग्रह, परिपालना र शान्तिस्वस्ति पनि गर्नु हुनेछ। ती ती राजकुल, नगर राष्ट्र र देशका त्रिरत्नको रक्षा, ग्रहण र परिपालना गर्नु हुनेछ। तिनीहरूको दण्डपरिहार, शस्त्रपरिहार, शान्तिस्वस्ति पनि गर्नु हुनेछ। ती देशहरूलाई सबै उपद्रव, रोग र संकष्टबाट छुटाउनु हुनेछ। परचक्रहरूलाई पनि हटाउनु हुनेछ। जंबुद्वीपमा रहेका सबै मनुष्यराजाहरूको कलह, भाँडमेलो, शत्रुता, तर्क, झगडा गर्न-

उत्सुकतालाई मात्रै पनि समाप्त पार्नु होला । बल परिवारका साथ तपाईं चार महाराजहरू यो जंबुद्वीपका सबै चारैतिरका ती चार हजार नगरहरूमा र ती चौरासी हजार शहरको (राजाको) अप्रमेय तत्तद् विषयमा ती अप्रमेय राज्य सुखका धन र अभिमानले जसोगरी परस्परमा विद्रोह गर्नेछैनन्, तथा विद्रोह गराउने पनि छैनन् र आफ्नू पूर्वकर्मानुसार राज्यप्राप्त गर्नेछन् र आफ्नू राज्यको ऐश्वर्यमा सन्तुष्ट हुनेछन् र विनाशका लागि आक्रमण गर्नेछैनन् त्यस्तो गराउनु हुनेछ ।

यस जंबुद्वीपका ती चौरासी हजार नगरका चौरासी हजार राजाहरू परस्परमा हितचित्त मिलेका मैत्रीयुक्त र सुखी भएका, परस्परका मित्रताले गर्दा कलह, भनाभन तथा झगडा नगरी आ–आफ्ना देशमा रमाएका तिनीहरूको र चार महाराजहरूको यो जंबुद्वीप पुण्यले गर्दा उज्ज्वल रहनेछ । सहकाल भएको, राम्रो, धेरै मानिसहरू भएको, ओजयुक्त र समृद्धशाली हुनेछ । पक्ष, महीना, ऋतु र संवत्सरहरू संपूर्ण असल आचारले युक्त भएका हुनेछन् । दिन र रात ग्रह, नक्षत्र, चन्द्र र सूर्यले अंगाली रहनेछन् । पृथ्वीमा (समय) समयमा जलधाराको वर्षा हुनेछ । जम्बुद्वीपभरीका सबै प्राणीहरू धन र धानका धनी हुनेछन् । महाभोगहरू मात्सर्यले रहित हुनेछन् । दश कुशलका कर्मपथ छोड्नेले पनि फेरि ग्रहण गर्नेछन् । यसरी त्यो स्वर्गलोक नै हुनेछ । देवपुत्रहरूले देवभुवन (त्यो जंबुद्वीपका सबै शहर) हरू ढाकिएका हुनेछन् ।

कुनै महाराजले यस्तो यो सुवर्णप्रभास उत्तम सूत्रेन्द्रराजलाई सुन्छ, आदर र पूजा गर्छ, यस सूत्रेन्द्र धारणा गर्ने भिक्षु, भिक्षुणी, उपासक र उपासिकाहरूलाई उत्सुकतापूर्वक सत्कार आदर मान र पूजा गर्छ तथा बल परिवार अनेकौं सयौं हजारौं यक्षहरू भएका तपाईं चार महाराजहरूको अनुकम्पाका लागि सधैं यस सुत्रेन्द्रराजलाई सुनेर यस धर्मश्रवणरूप जलले तपाईं चार महाराजहरूलाई आत्मीय भावबाट तृप्त पार्छ, महातेजले तपाईंहरूको यो शरीर वृद्धि गराउँछ, शरीरको वीर्य र बल बढाउँछ र तेज, लक्ष्मी र शोभा बढाउँछ भने त्यस मनुष्यराजले अर्हत सम्यक् संबुद्ध म तथागत शाक्यमुनिको ठूलो, महान्, विपुल र विस्तीर्ण पूजा गरेको ठहरिनेछ । त्यस्तै त्यो मनुष्यराजले अतीत अनागत र अनेक अचिन्त्य शतसहस्र अयुतकोटि प्रत्युत्पन्न बुद्धहरूको सबै उपकरणहरू द्वारा महान् ठूलो पूजा गरेको ठहरिनेछ । त्यस्तो कुशल त्यो मनुष्यराजको ठूलो रक्षा हुनेछ; परित्राण, परिग्रह, परिपालना, दण्डपरिहार, शस्त्रपरिहार शान्ति-स्वस्ति गरेको पनि हुनेछ । पटरानीको, राजपुत्रहरूको अन्तःपुरको र राजकुलको

नै ठूलो रक्षा गरिएको हुनेछ, त्यसले तिनीहरूको परित्राण, परिग्रह परिपालन, शान्तिस्वस्ति गरेको पनि हुनेछ। राजकुलमा वास गर्ने तेजवान् सबै देवताहरू पनि ओजयुक्त भएका, तथा सुखसन्तोषको मनले युक्त भै रतिको अनुभव गर्नेछन्। देशहरू र तिनका विषयहरू पनि रक्षित हुनेछन्। ती देशहरू परिपक्व भएका, कसैले पीडा गरिएका र शत्रुहरू नभएका हुनेछन्।

यति भनिसकेपछि भगवान्लाई महाराज वैश्रवण, धृतराष्ट्र, विरूढक र विरूपाक्षले भनेः— हे भगवान्! ती मनुष्यराजले नुहाएर नयाँ राम्रा र सुगन्धित लुगा लगाउनुपर्छ र विभिन्न किसिमका गहना पहिरिनुपर्छ। अनि आफ्नु आसन तल बनाउनुपर्छ, त्यस आसनमा बस्दा राज्यमदले मातेको हुनुहुन्न) र बेसरी कराएर राजा आफैले आज्ञा दिन पनि हुन्न। स्वाँठ, मान खोज्ने, मद भएको र सेखी गर्ने खालको चित्त नलिईकन यो सुवर्णप्रभास उत्तम सूत्रेन्द्रराज सुन्नुपर्छ। धर्मको उपदेश गर्ने ती भिक्षुलाई शास्तृ (शासक वा बुद्ध) संज्ञा दिनुपर्छ। ती मनुष्यराजाले त्यस वेला त्यो मौकामा पटरानी, राजपुत्र, राजपुत्री र अन्तःपुरमा रहने सबैका उपर प्रिय र हितको दृष्टि राख्नुपर्छ। तिनीहरूमा राम्रो बोलि वचन गर्नुपर्छ। विचित्र प्रकारका धर्मश्रवण पूजा गर्न आज्ञा दिनुपर्छ। सुखेन्द्रिय हुनुपर्छ र आफू खूब बलियो हुनुपर्छ। (आफैलाई) परम प्रेमले तृप्त गर्नुपर्छ। ठूलो हर्षले हर्षित हुनुपर्छ। ठूलो प्रेमले धर्म भन्नेलाई उठाउनुपर्छ।

यति भनिसकेपछि ती चार महाराजहरूलाई भगवानले यस्तो भन्नुभयोः— हे महाराज हो! त्यस वेला त्यो मौकामा त्यो मनुष्यराजाले सबै सेतो भएको, मनपर्ने पाण्डुर वस्त्र लगाउनुपर्छ। विभिन्न गहनाहरूले आफूलाई सिंगार्नुपर्छ। अनि महान् राजकीय सजधजसँग महान् राजव्यूह र विभिन्न चित्रविचित्रका रत्न र मङ्गल बस्तुहरू लिएर ती धर्म प्रवचन गर्ने भिक्षुलाई पुज्याउनका लागि राजकुल (राजभवन) बाट निस्कनुपर्छ, जानुपर्छ। यसरी पुज्याउन निस्कनाले के हुन्छ भने राजा राजभवनबाट जति पहिला पर पुग्दछ त्यति शतसहस्र अयुत कोटि कल्पसम्म त्यो राजा सांसारिक विषय (सुखदुःख) बाट पराङ्मुख हुनेछ, त्यसले त्यति नै शतसहस्र नियुत कोटि चक्रवर्त्ति राजकुल प्राप्त गर्ने हुनेछ। जति पहिला पर पुग्नेछ त्यति नै अचिन्त्य राज्यको ऐश्वर्य बढ्नेछ। हजारौँ लाखौँ करोडौँ उत्तमोत्तम स्थानहरू र सातरत्न जडिएका दिव्य विमानहरू पाउनेछ। त्यस्तै उदार सयौँ हजारौँ राजकुलपुत्रहरू पनि पाउनेछ। जुनसुकै जन्ममा पनि ठूलो ऐश्वर्य पाउनेछ। लामू आयु भएको र चिरञ्जीवी हुनेछ। विशाल प्रतिभा-

सम्पन्न, मान्न नपर्ने (धनी) यशस्वी र विशाल कीर्ति भएको पनि हुनेछ। देवता, मनुष्य र असुर भएको लोकमा सुखी हुनेछ। उदार दिव्य (स्वर्गीय) र मानवीय सुख पनि प्राप्त गर्नेछ। खूब बलियो धेरै अद्वितीय वेग भएको, राम्रो, प्रसन्न, दर्शनीय, र असल वर्णले युक्त भएको पनि हुनेछ। सबै जन्महरूमा तथागतका हाराहारी (तुल्य) मा गएको हुनेछ। सबै कल्याणमित्रहरू र अपरिमित पुण्यराशी पनि पाउनेछ।

यस्ता खालका यी महाराजहरूका गुणका प्रशंसाहरूका कुरा देखेर त्यो राजा धर्मको उपदेश गर्नेका अगाडी उठ्नुपर्छ। त्यो धर्म भन्नेलाई शास्तृ (शासक वा बुद्ध) संज्ञा दिनुपर्छ। चित्तमा यस्ता कुराहरू राख्नुपर्छ, ती कुरा के हुन् भनेः—"आज पूज्य तथागत अर्हत सम्यक् संबुद्ध शाक्यमुनि यो (मेरो) राजकुलमा (राजभवनमा) प्रवेश गर्नु हुनेछ र यहाँका मेरा मानिसहरूलाई धर्म प्रवचन गर्नु हुनेछ। आज म सबै लोकले पत्याइएको धर्मश्रवण गर्छु। यो धर्म सुनेर आज म अनुत्तर सम्यक् संबोधिमा पुगी फेरि नफर्कने हुनेछु। आज मद्वारा सयौँ हजारौँ लाखौँ करोडौँ तथागतहरू आरागित (आराधित वा पूजित हुनेछन्। आज मैले अतीत अनागत र प्रत्युत्पन्न बुद्ध भगवानहरूको महान् ठूलो विपुल पूजा गरेको मानिनेछ। आज मेरा नरकगति तिर्यग्योनि र यमलोकका दुःखहरू संपूर्णरूपले छिन्नभिन्न हुनेछन्। आज मैले अनेक शत-सहस्र नियुत कोटि ब्रह्मेन्द्रराजत्व आत्मभाव पाइने कुशलमूल (बोधिज्ञान) का बीऊहरू रोपिएका हुनेछन्। आज मैले शतसहस्र नियुत कोटि आत्मभाव (बोधिभाव) प्राप्त गरेका शक्तहरू बोधिज्ञान प्राप्त गराइएका हुनेछन्। आज मैले आत्मभाव प्राप्त गरेका अनेक शतसहस्र नियुत कोटि चक्रवर्ती राजाहरूमा बोधिज्ञानका बीऊहरू रोपिएका हुनेछन्। आज मैले सयौँ हजारौँ लाखौँ करोडौँ प्राणीहरूलाई संसारबाट मुक्त गरेको हुनेछु। मैले अचिन्त्य विपुल विस्तीर्ण अपार र अमित पुण्यराशि ग्रहण गरेको हुनेछु। आज मैले मेरो सारा अन्तः पुरको ठूलो रक्षा गरिएको हुनेछु। आज मेरो राजकुलमा अचिन्त्य अद्वितीय विशिष्ट अनुत्तर ठूलो शान्तिस्वस्ति गरिएको हुनेछ। आज मेरा सबै विषयहरू रक्षित तथा परिपालित, पीड़ारहित, शोकरहित, शत्रुका संपूर्ण योजनाहरू समाप्त भएका, उपद्रवरहित र संकष्टरहित हुनेछन्। हे महाराज हो! यस्ता सद्धर्म नै गौरव ठान्ने (भएको) त्यो मनुष्यराजले यस सुवर्णप्रभास उत्तम सूत्रेन्द्रराज धारणा गर्ने भिक्षु, भिक्षुणी, उपासक उपासिकाहरूलाई सत्कार आदर र संमान गर्छ तथा उहाँ चार महाराजहरूलाई बल र परिवारसहितका देवताहरूलाई

र सयौँ हजारौँ यक्षहरूलाई पूजा, सत्कार; गुरुकार र संमान गरी (तथा) महा-धर्माङ्ग प्रत्यक्षै दिन्छ भने त्यो राजाको यही आफ्नू पुण्य र कुशल (शान) हरूको संस्कारले र अचिन्त्य दृष्ट धार्मिक आत्मभावले गर्दा राज्यको ऐश्वर्य बढ्नेछ। अचिन्त्य दृष्ट धार्मिक भावले ठूलो राजतेज भएको हुनेछ। श्री तेज र लक्ष्मीले अलंकृत हुनेछ। (त्यस्तो गर्ने त्यसका) सबै प्रतिद्वन्दी र शत्रुहरू भने जस्तै गरी काबूमा आउनेछन्।

यति भनिसकेपछि चार महाराजहरूले भगवान्लाई यस्तो भनेः– हे भदन्त भगवान्! कुनै मनुष्यराजा होओस्। त्यस राजाले धर्मको गौरवपूर्वक यस उत्तम सुवर्णप्रभाससूत्रेन्द्रराजलाई सुनोस् र यस सूत्रेन्द्रराजलाई धारणा गर्ने भिक्षु भिक्षुणि, उपासक र उपासिकाहरूलाई सत्कार, आदर, संमान र पूजा गरोस्। हामी चार महाराजहरूका लागि त्यस राजकुललाई हाम्रोसँग शोभ्न गरोस्। विभिन्न सुगन्धित जलले सेचन गरोस्। अनि आफ्ना लागि हामी चार महाराजहरूका साथ साधारणतया धर्मको श्रवण गरोस्। सबै देवताहरूलाई केही न केही प्रत्यक्ष कुशल प्रदान गरोस्। यस्को पछि केही छिन् बसेर हे भदन्त भगवान्! हामी चार महाराजहरूका लागि त्यो मनुष्यराजाले भिक्षु भन्दा माथिल्लो आसनमा रहेका हामी-हरूलाई विभिन्न सुगन्धित धूप हाल्नुपर्छ। हे भदन्त भगवान्! यसरी धूप हालेपछि त्यो सुवर्णप्रभास उत्तम सूत्रेन्द्रराजको पूजा गर्नाका लागि विभिन्न सुगन्धित धूपका लहराहरू निस्कन्छन्। उत्तिखेरैको क्षणलव मुहूर्तमा नै हामी चार महाराजहरूका आ-आफ्ना भवनका माथि आकाशमा विभिन्न सुगन्धित धूपका लहराहरू छाता जस्ता भइरहनेछन्। (उदार) मनोहर गन्धहरू फैलनेछन्। सुवर्णमय प्रकाशहरू निस्कनेछन्। त्यसैबाट हाम्रा भवनहरू उज्यालिनेछन्। हे भदन्त भगवान्! त्यस्तै ब्रह्मा, सहापति शक्र, देवराज इन्द्र, सरस्वती महादेवी, दृढा महादेवी, श्रीमहादेवी, महायक्ष सेनापति सजय, अट्ठाईस महायक्ष सेनापति, महेश्वर, देवपुत्र, वज्रपाणि, महायक्ष सेनापति मणिभद्र, महायक्ष सेनापति हारीती, पाँच छोरा र सयौँ परिवार भएका अनवतप्त नागराज यी सबैका आ-आफ्ना भवनहरू पनि उज्यालिनेछन् र माथि आकाशमा उस्तै तरीकाले उत्तिखेरै, मुहूर्तमा नै विभिन्न सुगन्धित धूपका लहराहरू छाता जस्ता भइरहने छन्। मनोहर गन्धहरू फैलिनेछन्। सुवर्ण-मय प्रकाशहरू निस्कनेछन् र त्यही प्रकाशले सपूर्ण भवनहरू उज्यालिनेछन्।

यसपछि चार महाराजहरूलाई भगवानले यस्तो भन्नुभयोः– "तपाईँ चार महाराजहरूको भवनमाथिको आकाशमा मात्रै विभिन्न सुगन्धित धूपका लहराहरू छाता जस्ता भएर रहने होइनन् किन्तु हे महाराज हो! त्यो मनुष्यराजाले

धूप हालेपछि सुवर्णप्रभास उत्तम सूत्रेन्द्रराजको पूजा गर्नका लागि विभिन्न धूपहरू लिएर धूपका लहराहरू निस्कनेछन् । त्यसपछि ती धूपका कुण्डहरू र हातिले समातिएका अनेक प्रकारका सुगन्ध दिने धूपका लहराहरू निस्कनेछन् । त्यसै बेला यो त्रिसाहस्र र महासाहस्र लोकधातुका सयौँ कोटियौँ चन्द्रमा, सयौँ कोटिकौँ पर्वतराज सुमेरु, सयौँ कोटियौँ चक्रवाड र (ल) पर्वतराजहरू सयौँ कोटियौँ महाचक्रवाड द्वीप, चार चार महाराजसहित सयौँ कोटियौँ तेत्तिस कोटी देवता र संज्ञा भएका र संज्ञा नभएका देवताहरूका भवनका माथि र त्यहाँ भएका ती सयौँ कोटियौँ त्रिसाहस्र महासाहस्र लोकधातुका तेत्तिस देवनिकाय र देवता, नाग, यक्ष, गन्धर्व, असुर, गरुड किन्नर तथा महोरगहरूका भवनका अन्तरिक्षमा माथि पनि विभिन्न सुगन्धित धूपका लहराहरू छाता जस्ता भइरहनेछन् । मनोहर उत्तम सुगन्धहरू फैलिनेछन् । सुवर्णमय प्रकाशहरू प्रादुर्भाव हुनेछन् । त्यही प्रकाशले सबै भवनहरू उज्यालिनेछन् । रत्न छत्रहरू रहनेछन् । उत्तमोत्तम सुगन्धहरू फैलिनेछन् । संपूर्ण देवभवनमा सुनौला प्रकाशहरू प्रादुर्भाव हुनेछन् । त्यो प्रकाशले संपूर्ण देवभवनहरू उज्यालिनेछन् । ती त्रिसाहस्र महासाहस्र लोकधातुमा संपूर्ण देवभवनका माथि अन्तरिक्षमा ती अनेक सुगन्धित धूपका लहराहरू मानौं छाता जस्ता भएर रहनेछन् । त्यस्तै हे महाराज हो ! यो सुवर्णप्रभास उत्तम सूत्रेन्द्रराजको तेजले कुण्डहस्तले ती मनुष्यराजाले धुँवाइएका अनेकौँ सुगन्धहरू यो सुवर्णप्रभास उत्तम सूत्रेन्द्रराजको पूजाका लागि अनेक प्रकारका सुगन्धि धूपका लहरा र छाताहरू पनि प्रादुर्भाव भइरहनेछन् । त्यस्तै त्यही क्षणलव मुहूर्तमा चारैतिर दशै दिशामा अनेक नदीका बालुवा झैँ करोडौँ शतसहस्र नियुत कोटी बुद्ध क्षेत्रका अनेकौँ गङ्गानदीका बालुवा जस्ता शतसहस्र नियुत कोटी तथागतहरू माथि ती सुगन्धित धूपका जराहरू रहनेछन् । ती बालुवा जस्ता शतसहस्र नियुत कोटी बुद्धहरूका माथि उत्तमोत्तम अनेक प्रकारका सुगन्धि धूपहरू हालिनेछन् । सुवर्णमय प्रकाशहरू निस्कनेछन् । ती अनेक गङ्गानदीका बालुवासमान शतसहस्र नियुत कोटी ती बुद्धक्षेत्रहरू त्यस उज्यालोले उज्याला हुनेछन् । हे महाराज हो ! यसपछि चारैतिर निस्केका यस्ता प्रकारका श्री महाप्रतिहारी र ती अनेक गङ्गानदीका बालुवा जस्ता अनेकौँ बुद्धक्षेत्रमा रहेका शतसहस्र नियुत कोटी तथागतहरू त्यस धर्म भन्नेलाई परिग्रहण गर्नेछन् र "राम्रो गऱ्यौ सत्पुरुष" भनेर धन्यवाद दिनेछन् । यस्तो गम्भीर गम्भीर, अर्थ भएको, गम्भीर प्रकाश भएको अचिन्त्य गुण र धर्म भएको यस सुवर्णप्रभासोत्तम सूत्रेन्द्रराजलाई विस्तारपूर्वक प्रकाश गर्न खोज्ने सत्पुरुष भनेर झैँ झैँ धन्यवाद दिनेछन् । प्राणीहरू, अरू

ज्ञानद्वारा ठीक बाटोमा आउँदैनन् । जसले यस उत्तम सुवर्णप्रभाससूत्रेन्द्रराजलाई पूरै सुन्नेछन्, सर्वप्रथम धारणा गर्नेछन्, लेख्नेछन् लेखाउनेछन् र पाठ गर्न लगाउनेछन, विस्तारपूर्वक सभामा प्रकाश गर्नेछन्, उपदेश गर्नेछन्, भन्नेछन्, स्वाध्याय गर्नेछन् र सधैं मनमा लिनेछन् । यो कुरा किनभने त्यस्ता ती प्राणीहरू यो ज्ञान (बोधिज्ञान) भन्दा अरू ज्ञानले युक्त (योग्य वा लायक) हुनेछैनन् । यस्ता यी प्राणीहरू र यीनीहरूसँग सँगसँगै बसेर यो सुवर्णप्रभास उत्तम सूत्रेन्द्रराज सुन्ने शतसहस्र नियुत कोटी बोधिसत्वहरू फेरि फर्कननपर्ने अनुत्तर सम्यक् संबोधिमा प्राप्त हुनेछन् ।

अनिपछि वरिपरि अर्थात् दशैंदिशामा गङ्गानदीकाः बालुवा झैं धेरै शतसहस्र नियुत कोटी आ-आफ्ना बुद्धक्षेत्रहरूमा बसेका शतसहस्र नियुत कोटी अनेकौं तथागतहरूले त्यही बेला र त्यही मौकामा एकै चोटी एकै बोली र एकै स्वरले धर्मासनमा बसेका ती धर्म भन्ने भिक्षुलाई यस्तो भने- "हे सत्पुरुष ! तपाईं पछि आउने समयमा बोधिमण्डमा पुग्नुहुनेछ र बोधिमण्डमा अग्रगामी तपाईं वृक्षराज (बोधिवृक्ष) को फेदमा बसेको देखिनुहुनेछ । तपाई तीन लोकका सबैको आधार बनेर संपूर्ण प्राणीहरूलाई तीन कालमा रहने अनेकौं व्रत, तपश्चर्या, बलाधान, अधिष्टान आदि बसैले गर्न नसकिने यस्ता कुराहरू गर्दै (गराउँदै) शतसहस्र नियुत कोटी कल्पसम्म त्यो बोधिमण्डलाई अलङ्कृत गर्नुहुनेछ, संपूर्ण त्रिसाहस्र र महासहस्र लोकधातुहरूलाई तपाईं सत्पुरुषले रक्षा गर्नुहुनेछ । द्रुमराज (बोधिवृक्ष)को फेदमनि बसेको तपाईंले वीभत्सरूप देखाउने विभिन्न कृत्रिम विकृत रूप देखाउने (तथा धारणा गर्ने) चिताउने नसकिने कामदेवका सेनाहरूलाई विजय गर्नुहुनेछ । उत्तम बोधिमण्डका अग्रगामी तपाईंले नै अनुपम, ज्यादै शान्त, अनुरागशून्य गंभीर र अनुत्तर सम्यक् संबोधि अनुभव गर्नुहुनेछ । आर्यहरूले मानिएको वज्रासनमा बस्न सत्पुरुष तपाईंले सबै मानिसहरूको स्तुत्य, परम गम्भीर द्वादशाकार अनुत्तर धर्मचक्र प्रवर्तन गर्नुहुनेछ । सत्पुरुष तपाईंले धर्मरूपी गर्ज्ज नाम गरेको बाजा बजाउनुहुनेछ, अनुत्तर महाधर्मरूपी शङ्ख फुक्नुहुनेछ, धर्मरूपी महाध्वजालाई फहराउनुहुनेछ । धर्मरूपी अनुत्तर (श्रेष्ठ) उल्कालाई प्रज्वलित पार्नुहुनेछ । धर्मको वर्षा वर्षाउनुहुनेछ, पाईंले नै सयौं हजारौं क्लेशहरूलाई पराजित पार्नुहुनेछ, सत्पुरुष तपाईंले शतसहस्र नियुत कोटी प्राणीहरूलाई भयङ्कर भयरूपी समुद्रबाट तार्नुहुनेछ, शतसहस्र नियुत कोटी प्राणीहरूलाई संसारचक्रबाट छुटाउनुहुनेछ । तपाईं सत्पुरुषले नै शतसहस्र नियुत कोटी तथागतहरूलाई (बुद्धत्वले) रङ्गाउनु-

हुनेछ (पूजा गर्नु हुनेछ)।

यस्तो भनेपछि तौ चार महाराजहरूले भगवानलाई यस्तो भनेः—हे भदन्त भगवान् ! सुवर्णप्रभास उत्तम सूत्रेन्द्रराजका यस्ता माथि बताइएका, दृष्टधार्मिक, मार (कामदेव)लाई जिने (आ द) गुणहरू बुद्धका हजारौँ ज्ञान पाएका, मनुष्यराजाको अनुकम्पाबाट (तपाईंको धर्मप्रवचन सुनेपछि) अपरिमित पुण्य हुन्छ भन्ने देखेका, बल र परिवारहरू भएका हामी चार महाराजहरू हजारौँ यक्षहरूका साथ विभिन्न चन्दन, धूप-लता र छत्रहरू लिएर प्रेरित भैभई समानरूपले आफ्नू भवनबाट निस्की नदेखिने भएर संस्कारहरूले शोधन गरिएको, गन्धोदकहरू सेचन गरिएको र अनेक अलङ्कारहरूले झकिझकाउ भएको, उनै मनुष्यराजाका आत्मभावले युक्त भएको तिनको राजभवनमा धर्मश्रवण गर्नका लागि पस्नेछौँ। त्यस्तै ब्रह्मा, सहांपति, शक्र, देवराज इन्द्र, सरस्वती, महादेवी र श्रीमहादेवी, दृढापृथिवी देवी, संजय, महापक्ष सेनापति र अट्ठाईस अरू महायक्ष सेनापति, महेश्वर, देवपुत्र, वज्रपाणी, गुह्यकाधिपति मणीभद्र, महान् यक्षसेनापति, हारीति पाँच छोरा र सय परिवार भएका अनवतप्त नागराज, सागरनागराज र सयौँ हजारौँ कोटियौँ देवताहरू नदेखिने (आत्मभावलें युक्त) भएर विभिन्न अलङ्कारहरूले सजीसजाउ भएको उनै मनुष्यराजाको राजभवनभित्र जहाँ फुलहरू छरिएको भूमिमाथि पवित्र र अलङ्कारहरूले सिंगारिएको, जहाँ धर्म भन्ने भिक्षुको आसन छ त्यहीँ धर्म सुन्नाका लागि रहनेछन्।

हे भदन्त भगवान् ! हामी चार महाराजहरू सयौँ हजारौँ यक्ष र यी माथि भनिएका सबैका साथ रहनेछौँ। अनि कल्याणमित्रका साथी भएका कल्याणदायक, अनुत्तर महारस उदार दानी यी मनुष्यराजाको धर्मरूप अमृतरसले तृप्त भएका हामीहरूले ती मनुष्यराजलाई तृप्तपारी तिनको रक्षा गर्नेछौँ। तथा परित्राण, परिग्रह, परिपालन शान्ति र स्वस्ति पनि गर्नेछौँ। तिनको राजकुल, नगर र देशको रक्षा पनि गर्नेछौँ। परित्राण, परिग्रह, परिपालन, शान्तिस्वस्ति पनि गर्नेछौँ। तिनको त्यो देशलाई सबै उपद्रवहरू, सङ्कट र दुःखबाट पनि हटाउनेछौँ।

हे भदन्त भगवान् ! छुनै मनुष्यराजा होओस्। तिनको त्यो मुलुकमा यो सुवर्णप्रभाससूत्रेन्द्रराजको प्रचार त होओस् तर त्यसले यस सुवर्णप्रभास उत्तम सूत्रेन्द्रराजको धारणा गर्ने भिक्षु, भिक्षुणी उपासक र उपासिकाहरूलाई सत्कार, गुरुकार, संमान र पूजा नगरोस्, शतसहस्र नियुत कोटी अनेकौँ यक्ष-

हरूसहितका हामी चारै महाराजहरूलाई धर्मश्रवणरूप अमृतरसले तृप्त पारी, संमान पनि नगरोस् र हामीहरूको शरीरमा धर्मश्रवणरूप दिव्य ठूलो तेजले बल, स्याम, र वीर्य, तेज, श्री र लक्ष्मी पनि नबढाओस् त त्यसलाई भने बल र परिवार-सहित भएका तथा सयौँ हजारौँ करोडौँ यक्षहरूका साथ हामीहरू त्यसका देशको रक्षा गर्नेछैनौं। हे भदन्त भगवान्! जुन देशमा हाम्रा विषयमा उपेक्षा गरिन्छ त्यस देशमा बस्ने सबै देवगणहरूले त्यसलाई उपेक्षा गर्छन्। हे भदन्त भगवान्! तिनीहरूले त्यो देशका सबै विषयहरूको पनि उपेक्षा गर्छन्।

त्यस देशमा विभिन्न विषयहरूको लोप हुनेछ। दारुण राजसंकष्टहरू आइपर्नेछन्। देशका सबै प्राणिहरू कलहगर्ने हुनेछन्। त्यो देशका प्राणिहरू भाँडभैलो मच्चाउने, एक अर्कासँग सम्बन्ध विच्छेद गर्ने र विवाद आइपरेका हुनेछन् र देशमा विभिन्न ग्रहरोगहरू उपन्न हुनेछन्। विभिन्न दिशाबाट आएका उल्कापातहरू उत्पन्न हुनेछन्। ग्रह र नक्षत्रहरू पनि परस्परमा विरोधि (ठक्कर खाने) हुनेछन्। चन्द्रमाले सूर्यले झैँ किरणहरू निकाल्नेछ (सूर्य जस्ता चन्द्रमा उदाउनेछन्)। निरन्तर चन्द्रग्रह (चन्द्रग्रहण) हुनेछन्। सूर्यग्रहण पनि वारम्वार भइरहनेछन्। बारम्वार आकाशको बीचमा रहेका सूर्य र चन्द्रमाहरू देखिनेछैनन्। बेला मौकामा आकाशको बीचमा उल्कापातसदृश वर्णहरू र परिवेश मण्डल (सूर्य र चन्द्रमामा लाग्ने सभा वा सप्तरंगी घेरा) हरू उत्पन्न हुनेछन्। भैंचालो गइरहनेछ। पृथिवीका सबै कुवाहरू सुक्नेछन्। विषम वायु बहनेछ। विषम वर्षा हुनेछ। देशभरी अनिकालरूपी जंगल हुनेछ। त्यस देशमा शत्रुको दृष्टि पर्नेछ। धेरै दुःख हुनेछ। हे भदन्त भगवान्! अनेकौँ सयौँ हजारौँ अनेकौँ बलपरिवारसहित हामी चार महाराजहरू र त्यो देशमा रहने देवता र नागहरूका विषयमा उपेक्षा गरिन्छ भने त्यस देशमा यस्तै खालका सयौँ उपद्रवहरू भनेछन् अथवा हजारौँ उपद्रवहरू हुनेछन्।

हे भदन्त भगवान्! कुनै मनुष्यराजा होओस्। त्यसले आफ्नू ठूलो रक्षा गर्न चाहोस्। धेरै समयसम्म विभिन्न किसिमका राजसुखहरू अनुभव गर्न चाहोस्। आनन्दपूर्वक धेरै समयसम्म राज्य गर्न इच्छा गरोस्। देशभरीका संपूर्ण प्राणीहरूलाई सुखसुविस्ता दिएर परिपालन गर्न चाहोस्। धर्मपूर्वक राज्य गर्न चाहोस्। आफ्ना राज्यका सबै डर, उपद्रव, उत्पात र दुःखबाट देशलाई छुटाउन चाहोस्।

हे भदन्त भगवान्! उपरोक्त प्रकारको इच्छा गर्ने त्यस मनुष्यराजाले यो सुवर्णप्रभास उत्तम सूत्रेन्द्रराज सुन्नुपर्छ। सुनेर पनि यो सूत्र धारणा गर्ने भिक्षु,

भिक्षुणी, उपासक र उपासिकाहरूलाई सत्कार, आदर सम्मान र पूजा गर्नुपर्छ। बल र परिवारसहित भएका हामी चार महाराजहरूलाई धर्मश्रवणरूपज्ञान (बोधिज्ञान) को वृद्धिरूप धर्मरूपी अमृतरसले तृप्त पार्नुपर्छ। हाम्रा यी दिव्य आत्मभाव शरीर) लाई तेजले बढाउनुपर्छ। हे भदन्त भगवान्! यस्तो गर्नालाई के गर्नुपर्छ त भने त्यो मनुष्यराजाले यो सुवर्णप्रभास उत्तम सूत्रेन्द्रराज नै सुन्नुपर्छ।

हे भदन्त भगवान्! जस्तो लौकिक र लोकोत्तर अनेक प्रकारका शास्त्रहरू ब्रह्माले र इन्द्रले उपदेश गर्नुभयो त्यस्तै अनेक प्रकारका जति पनि शास्त्रहरू देवराज शुक्रले देखाउनुभयो र जति पनि लौकिक र लोकोत्तर शास्त्रहरू प्राणीहरूको प्रयोजनको लागि सयौँ, हजारौँ, अनेकौँ ब्रह्मा, इन्द्र, शतसहस्र नियुत कोटी शक्र तथा शतसहस्र नियुत कोटी पञ्चाभिज्ञ ऋषिहरूले उपदेश गर्नुभयो ती संपूर्ण शास्त्रहरूभन्दा अग्रणी र विशिष्ट भएको यो सुवर्णप्रभास उत्तम सूत्रेन्द्रराजलाई तथागतले प्राणीहरूका लागि विस्तारपूर्वक प्रकाश गर्नुभयो।

जसरी यो सपूर्ण जंबुद्वीपमा रहने मनुष्यराजाको राज्य रहन्छ। जसरी संपूर्ण प्राणीहरू आनन्दमग्न (सुखी) हुन्छन्। जसरी संपूर्ण विषयहरू अकण्टक र कसैले पीडा नगरिएका हुन्छन्। जसरी शत्रुका पक्षहरू हार्दछन् र पीठ्यूँ फर्काउने हुन्छन्। जसरी ती विषयहरू उपद्रवरहित हुन्छन्। जसरी संपूर्ण विषयका धर्महरू दुःख र उपद्रवरहित हुन्छन्। जसरी ती मनुष्यराजाहरूले आफ्नू विषयमा (देशमा) ठूला धर्मका ज्वाला दीप्त पार्दै बाल्न सक्छन्। जसरी संपूर्ण देवपुत्रसहित सबै देवभवनहरू प्रकाशमान हुन्छन्। जसरी हामी चार महाराजहरू बलपरिवारयुक्त अनेकौँ सयौँ हजारौँ यक्ष र संपूर्ण जंबुद्वीपमा रहने देवगणहरू पनि खुसी र तृप्त भएका हुन्छन्। जसरी हामीहरूको शरीरमा ठूलो वीर्य बल र ओजहरू उत्पन्न हुनेछन् तथा हाम्रो शरीरमा जसरी तेज, श्री र लक्ष्मी प्रशस्तमात्रामा प्रवेश गर्दछन्। जसरी यो संपूर्ण जम्बुद्वीप सहकाल-युक्त, रमणीय र धेरै जन र मनुष्यहरूले भरीभराउ भएको हुनेछ। जसरी संपूर्ण जम्बुद्वीपका प्राणीहरू संपूर्ण सुखले युक्त हुनेछन्। अनेक प्रकारका रति (क्रीडा) को अनुभव गर्ने हुनेछन्। जसरी अनेक शतसहस्र नियुत कोटी कल्पसम्म प्राणी-हरूले अचिन्त्य उत्तमोत्तम सुखहरूको अनुभव गर्नेछन्। बुद्ध भगवानका साथ संबन्धमा पुगेका हुनेछन्! पछि आठने समयमा अनुत्तरा सम्यक् संबोधि अनुभव गर्नेछन्। त्यो सबै कुरा त्यस्तै हुन सकोस् भनी भगवान् तथागत अर्हत

सम्यक् संबुद्धले छूनो, काश्यपबाटको अधिष्ठानले शतसहस्र नियुत कोटी शक्र, दिव्यातिरेकतर अनुत्तर तथागत ज्ञानमा (लागेका) अनेक प्रकारका भेरी संपूर्ण शतसहस्र नियुत कोटी प्रज्ञाभिज्ञ ऋषिगण र अतिरिक्त सम्यक् संबुद्ध भएका शतसहस्र नियुत कोटी ब्रह्मा इन्द्रादिलाई अतिरिक्त व्रत तपस्यामा स्थित हुने भएको उनै भगवान् तथागत अर्हत सम्यक् संबुद्धले यो सुवर्णप्रभास उत्तम सूत्रेन्द्रराज विस्तारपूर्वक संपूर्ण प्राणीहरूको (हितको) प्रयोजनका निमित्त यो जम्बुद्वीपमा प्रकाश गर्नुभयो ।

उनै मनुष्यराजले जम्बुद्वीपमा भएका संपूर्ण अलौकिक र लौकिक राजकार्य तथा राजशास्त्रहरू तथा राजाले गर्नुपर्ने कुरा पनि निर्माण गरिए । जसबाट यी प्राणीहरू सुखी हुनेछन् । ती सबै कुरा भगवान् तथागत अर्हत सम्यक् संबुद्धले यो सुवर्णप्रभासोत्तमसूत्रेन्द्रराजद्वारा प्रष्ट पारियो, देखाइयो र प्रकाशमा ल्याइयो । त्यसै कारण हे भदन्त भगवान् ? त्यही प्रत्ययले गर्दा ती मनुष्यराजले यो सुवर्णप्रभासोत्तमसूत्रेन्द्रराज अवश्य पनि सत्कारपूर्वक सुन्नुपर्छ, र सत्कारपूर्वक संमान गर्नुपर्छ र संमानपूर्वक पूजा पनि गर्नुपर्छ ।

यति भनिसकेपछि भगवान्ले ती चार महाराजहरूलाई यस्तो भन्नुभयो- हे महाराज हो । संपूर्ण बल र परिवारले युक्त भएर अवश्य पनि यो सुवर्णप्रभास उत्तम सूत्रेन्द्रराजलाई श्रवण गर्ने, पूजा गर्ने ती मनुष्यराजाहरूको रक्षाका लागि महान् उत्सुकता उत्पन्न गर्नेछन् । यस सूत्रेन्द्रराजलाई धारणा गर्ने यी महाराजहरू, भिक्षु, भिक्षुणी, उपासक र उपासिकाहरू पनि बुद्ध क्षेत्र ढाढा नगीच (जतातते) देखा पर्दै देवता र मनुष्यले युक्त भएका लोकमा बुद्धले गर्नुपर्ने कुरा गर्नेछन् । यो सुवर्णप्रभास उत्तम सूत्रेन्द्रराज विस्तारपूर्वक राम्रा तरीकाले प्रकाश गर्नेछन् । तिमी चार महाराजहरूले अवश्य पनि सूत्रेन्द्रलाई धारणा गर्ने ती भिक्षु, भिक्षुणी, उपासक र उपासिकाहरूको रक्षा गर्नु । तिनीहरूको परिपालन, परित्राण, परिग्रह, दण्डपरिहार, शस्त्रपरिहार शान्ति र स्वस्ति पनि गर्नु । जसो गर्नाले ती सूत्रेन्द्र धारणा गर्ने भिक्षु, भिक्षुणी, उपासक र उपासिका अत्यन्त सुरक्षित, र पीडा नभएका, उपद्रवहरूले रहित र सुखैश्वर्यले युक्त भएका हुनेछन् त्यसो गर्नु । (यी सबै कुरा) यही सुवर्णप्रभास उत्तम सूत्रेन्द्रराजलाई प्राणीहरूमा विस्तारपूर्वक असल तरीकाले प्रकाश गर्नका लागि हो ।

यसपछि वैश्रवण, धृतराष्ट्र, विरूढक र विरूपाक्ष चारै महाराजहरू आसनबाट उठेर एउटा काँधलाई चीवर (बुद्धहरूको विशेष प्रकारको वस्त्र) ले ढाकेर दुवै घुटा गरी शाहिने जानुमण्डलहरूलाई पृथिवीमा टेकाएर जहाँ भगवान्

हुनुहुन्थ्यो त्यहाँ पुगी अञ्जलिपूर्वक प्रणाम गरी संमुखमा नै त्यो वेलामा सारूप्यमय भएका यी गाथाहरूले भगवान्‌लाई चारैतिरबाट स्तुति गर्न लागे।

निर्मल शरीर भएका जिन चन्द्रमा, हजारौँ किरणले शोभित जिन चन्द्रमा, निर्मल नेत्र भएका जिन कमल, कत्ति तुसारो नभएको अग्रभाग भएका जिन कुमुद १

समुद्र तुल्यगुण भएका जिन, अनेकौँ रत्नाकर जस्ता, ज्ञानरूपी जल र अम्बुयुक्त सयौँ हजारौँ समाधिले युक्त भएका २

चरणका चक्रले चित्रविचित्र भएका, समन्तनेमि र सहस्राभ, हात र पाउमा चित्रविचित्र जाल (रेखा) युक्त र रजहाँसका जस्ता पाउ भएका ३

सुमेरू पर्वतका जस्ता प्रकाशमान भएका, राम्रो कनक गिरीन्द्र जस्तै निर्मल भएका, संपूर्ण गुणले सुमेरूतुल्य बुद्धरूपी पर्वतराज जिनलाई नकस्कार गर्छौं। ४

आकाश र जलमा टल्कने चन्द्रमाको जस्तो कान्ति भएका, तथा गतरूपी चन्द्रमा, मायामरीचीतुल्य निर्मल जिनलाई नमस्कार गर्छौं। ५

यसपछि भगवान्‌ले ती चारै महाराजहरूलाई यी गाथाहरूले भन्नुभयोः — दशबलमा इन्द्र महाराज जस्तै उत्कृष्टरूपले रहेको यो उत्तम सुवर्णप्रभास-सूत्रेन्द्रराज तिमी लोकपालहरूले 'परिपालन गर्नु।' ६

ज्यादै फैलिएको, गम्भीर, संपूर्ण प्राणिहरूलाई सुख दिने यो सूत्र (सुवर्ण-प्रभास सूत्र) सपूर्ण प्राणिहरूको हित र सुखका लागि यो जम्बुद्वीपमा चाँडै नै प्रचार होओस्। ७

त्रिसाहस्र महासाहस्र लोकधातुमा रहने जो प्राणिहरू छन् तिनका नाशबाट र नरकबाट हुने जो दुःखहरूछन् ती सबै शान्त पारी (तिमी लोकपालहरूले पालना गर्नुपर्छ)। ८

यो जम्बुद्वीपमा रहने संपूर्ण राजाहरू खूब हर्षित होउन्। आफ्नु त्यस मुलुक (विषय) लाई धर्मपूर्वक पालन गरून् जुन् गर्नाले यो जम्बुद्वीपको पनि कल्याण होओस्। ९

जुन जम्बुद्वीपका राजाको विषयमा आफ्नू र राज्यको पनि प्रेम (मोह) छैन त्यस्तो संपूर्ण जम्बुद्वीप, सहकालयुक्त र रमणीय हुनेछ। त्यहाँका सबै प्राणीहरू सुखी हुनेछन्। १०

ऐश्वर्य प्यारो लाग्ने ती राजाहरूले संपूर्ण शत्रुहरू समाप्त गर्नें, परचक्रको निवृत्ति भर्नें, ठूलो डरलाई समूले नाशगर्नें परम कल्याणकारक यो सूत्रेन्द्रराज

(सुवर्णप्रभास उत्तम सूत्रेन्द्रराज) सुन्नुपर्छ । ११

जस्तो राम्रो कान्ति भएको, संपूर्ण गुणले परिपूर्ण भएको अडल (ठूला-बडाको) घरमा रहेको रत्नवृक्ष हेर्दा राम्रो लाग्ने हुन्छ त्यस्तै यो सूत्रेन्द्रराज राजगुण आदिले हेर्नुपर्दछ । १२

जस्तो हिउँ पगालेर बनाइएको पानीले उस्को स्वाभाविक धर्मबाट शीतल गरी तातो (गर्मी ) को अपहरण गर्दछ त्यस्तै यो उत्तमसूत्रेन्द्रराज राजाका लागि गुणदायक र सुखकार छ । १३

जस्तो सर्वरत्नाकर रत्नकाण्ड (मणि) आफ्ना हातमा नै रहँदा सर्वोत्तम हुन्छ त्यस्तै यो सुवर्णप्रभासउत्तमसूत्रेन्द्रराज पनि राजगणका लागि उत्तम छ । १४

यो सूत्रेन्द्र देवगणले पूजा गरिएको, देवेन्द्रले नमस्कार गरिएको, महान् ऋद्धि प्राप्त गरेका चारै लोकपालहरूले रक्षित पनि छ । १५

यो सूत्रेन्द्र दशै दिशामा रहेका बुद्धहरूले नित्य अत्यन्त आदर गरिएको छ, र यो सूत्र उपदेश गर्नेलाई शंबुद्धहरूले धन्यवाद दिन्छन् । १६

(जुन राजा वा प्राणिहरूले) खुसी र हर्षित भएर यो सूत्रेन्द्रलाई सुन्दछन् भने त्यस्ता तिनीहरूका विषय (व्यवहार वा राष्ट्र) लाई दशै दिशामा रहने सयौँ हजारौँ यक्षहरूले रक्षा गर्छन् । १७

जम्बुद्वीपमा रहेका विभिन्न जो देवगणहरू छन् ती संपूर्ण देवगणहरूले ज्यादै खुशी भएर यो सूत्र सुनून् । १८

त्यस्तो धर्मश्रवणले गर्दा तिनीहरूले (देवताहरूले) तेजोबल र वीर्यबल प्राप्त गर्छन् तथ तिनीहरूले ठूलो ओज (शक्ति विशेष) को प्राप्तिबाट आफ्नू शरीरलाई बढाउँछन् । १९

यसपछि ती चारै महाराजहरू भगवान्बाट यस्ता प्रकारका यी गाथाहरू सुनेर आश्चर्य अद्भुत र औद्विल्य (हर्ष र आश्चर्यको अवस्था, चकित हुनु) मा प्राप्त भएर त्यो धर्मका आवेगले गर्दा एक क्षण मा । मानों रोये जस्ता बने । ती सबै एकैनासका शरीर भएका अचिन्त्य प्रफुल्लतायुक्त अङ्गप्रत्यङ्ग भएका र प्रेम र सन्तोष मन भएका भै फेरि पनि भगवान्लाई दिव्य (स्वर्गीय) मान्दारव फूलले वर्षा गरे । यसरी पुष्पवृष्टि गरेर फूलको वर्षा गरेर आसनबाट उठेर एउटा काँध चीवरले ढाकेर दाहीने घुँडाको एण्डल (घुँडा) पृथ्वीमा टेकाएर जहाँ भगवान् भएका ठाउँमा पुगी अञ्जलिपूर्वक प्रणाम गरी भगवान्लाई यस्तो भन्न थाले:- हे भगवन्त भगवान् । हामी चारै महाराजमध्ये प्रत्येक महाराज र पाँच सय

वह परिवारहरू धर्मको प्रवचन गर्ने भिक्षुको संमान र परिपालनका लागि सदा अनुयायी हुनेछौँ ।

इती श्री सुवर्णप्रभास उत्तम सूत्रेन्द्रराजको चतुर्महाराज परिवर्तनामक सातौँ परिवर्तः समाप्त भयो ।

८

# सरस्वतीदेवी परिवर्त

यसपछि सरस्वती महादेवीले एक काँधमा चीवर (कपडा) ओढेर दाहिने घुँडा (घुँडाको मण्डल)मैमा राखी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ पुगी भगवान्लाई प्रणाम गरेर भनिन्-हे भदन्त भगवान् ! म सरस्वती महादेवी पनि ती धर्मप्रवचन गर्ने भिक्षुको वचन सुशोभित गर्न त्यसको प्रतिस्पर्धालाई परास्त गर्न मद्दत गर्नेछु । धारणी पनि प्रदान गर्नेछु । राम्रोसँग भनिएका सबै कुराको भाव विचार गर्नेछु ।धर्म भन्ने महान ती भिक्षुलाई ज्ञानरूप प्रकाश भएको गराउनेछु । कुनै कुनै पद र व्यञ्जनहरू सुवर्णप्रभाससूत्रका भन्दा बेग्लै हुन खोजेमा र बिर्सिएमा पनि धर्म भन्ने भिक्षुलाई ती सबै राम्रा राम्रा पद र व्यञ्जनहरू दिनेछु । संझनाका लागि धारणी (स्मरण-शक्ति) पनि दिनेछु । किनभने कुशलमूल (ज्ञान) रोपेका हजारौँ बुद्धहरूका लागि यस जम्बुद्वीपमा यो सुवर्णप्रभाससूत्र प्रचार होओस् , चाँडै नै अन्तरध्यान नहोवोस् , अनेकौँ प्राणीहरू यस सुवर्णप्रभाससूत्र सुनी विचारेर तीक्ष्ण प्रज्ञा अर्थात् तीखो बुद्धि भएका होऊन् । उत्तम ज्ञान पाऊन् । छोटो आयु नपाउन् । सम्पत्ति पाऊन् । जातिलाई प्रेम गर्ने कुरा र अपरिमित पुण्यराशि पाऊन् । सबै शास्त्रमा सिपालु होऊन् र विभिन्न शिलाविधि जान्ने पनि होऊन् ।

ती धर्म भन्ने भिक्षु र धर्म सुन्ने प्राणीहरूका लागि यो स्नानकर्म भन्छु । जुन पण्डितहरूले तल बताइएको औषधिले मन्त्रसहित स्नान गर्छन् तिनको ग्रह, नक्षत्र, जन्म र मरणबाट हुने सबै पीडा, कलिकालको कलह, पापको थुप्रो, उमर, खराब सपना, विष र पानीका क्रियाकलापबाट हुने पीडा र संम्पूर्ण काखोर्द वेतालहरू पनि शान्त हुनेछन् ।

बोझो, गोरोचन, स्पृका (कपूरपाती) शिरीष श्यार्भ्यक (श्यामाक तृण विशेष), शमी, इन्द्रहस्ता, महाभागा, व्यामक, अगुरु, त्वक् (वेतलहुरी) नीवेष्टक, सालधूप, सिह्लक(लोवास सुगन्धी धूप)गुल्गुलरस,तगर, पत्रशैलेय चन्दन, मनशिला, समोचक,

तुरुष्क, कुंकुम, मोथे, सर्ल्यू, नरद, चावो, सुकुमेल, उशीर, र नागकेशर बराबर भाग भएका यिनीहरूलाई पुष्यनक्षत्रमा पिसोस् र यस धूलोलाई तलको मन्त्रले सय-पटक मन्त्रणा गरोस् ॥१-४॥

त्यो चूर्ण मन्त्रने मन्त्रः- "सुकृते करजातभागे हंसरण्ये इन्द्रजाल माललक उपसदे अत्रतासिके कुत्र कुकलविमलमति शीलमति सविबुधमति शिशिरि सत्यस्थित स्वाहा,, ।

गोवरको मण्डल बनाएर मुक्त फूलहरू राखोस्, सुन र चाँदीका भाँडाभा मह राखोस्, ॥५॥

वरण गरिएका चार पुरुषहरू त्यहाँ राखोस् ॥६॥

हरवखत गोकुलधूप हालोस् र पाँचओटा तूर्य (बाजा) राखोस्, छाता, ध्वजा र पताकाले ती (सरस्वती देवीलाई अलङ्कृत गरोस् ॥७॥

नजरले देखिने ठाउँसम्म शरशक्तिलाई राखोस् । त्यसपछि सीमाबन्ध गरोस र अनि मात्र काम थालोस् । यस मन्त्रले सीमाबन्ध गरोस् ॥८॥

मन्त्रः- अने नपने हिलिहिलि गिलि खिले स्वाहा । भगवानका पछाडि यो मन्त्र जप्दै स्नान-शान्ति गरोस् । त्यो मन्त्र यस प्रकारको छः- सुगते विगते विगतावति स्वाहा ।

प्रस्थान गरिरहेका नक्षत्रहरूले चार दिशामा नै आयु रक्षा गरून्,नक्षत्रबाट हुने पीड़ा अथवा भयावह, राशिबाट हुने डर,, धातु-संक्षोभबाट हुने दारुण भयहरू शान्त होऊन् ॥९॥

समे विषमेलाई स्वाहा, । सुगतेलाई स्वाहा । सागरसंभूता (सागरबाट पैदा भएका)लाई स्वाहा । स्कन्ध मारुतलाई स्वाहा । नीलकण्ठलाई स्वाहा, । अपराजितवीर्य भएकालाई स्वाहा । हिमवत्संभूत ( हिमबाट पैदा भएका )लाई स्वाहा । अनि मघचक्रलाई स्वाहा । भगवतीलाई नमस्कार, ब्रह्माणीलाई नमस्कार, सरस्वतीदेवीलाई नमस्कार, मन्त्रहरू सिद्ध होऊन्, उनै ब्रह्मालाई नमस्कार स्वाहा ।

यस स्नानकर्मद्वारा ती धर्म भन्ने भिक्षु र धर्मश्रवण गर्ने धर्म लेख्नेहरूका निमित्त म आफैँ गगण, सिद्ध, यक्ष, देवगणहरूका साथ गाउँ, नगर र निगम वा विहारमा अर्थात् जतातते रोगनाश गर्नेछु । सबै ग्रहको कलिको पाप नक्षत्रमा जन्मेको पीड़ाहरू वा खराव स्वप्नको पीडा, विनायकबाट हुने पीडा र संपूर्ण कालोर्द वेतालहरूलाई पनि शान्त गर्छु, जसबाट ती सूत्रेन्द्र धारणा गर्ने भिक्षु भिक्षुणी उपासक र उपासिकाहरू बाँच्न सकून् । संसारबाट निर्वाण प्राप्त गरून् । अनुत्तर सम्यक संबोधिमा पुगी फेरि नफर्कने होऊन् ।

अनि भगवान् (बुद्ध)ले सरस्वती महादेवीलाई धन्यवाद दिनुभयो। (कसरी भने) "बहुजनको हित र बहुजनको सुखका लागि लागेकी तपाई'ले यी मन्त्र र औषधीहरू बताउनुभयो" भनी धन्यवाद दिनुभयो। ती महादेवी सरस्वती पनि भगवान्लाई पाऊमा ने वन्दना गरेर एकान्तमा बसिन्।

अनि व्याकरणाचार्य ब्राह्मणले ती सरस्वतीलाई आवाहन गरे– पूजनीया, महत्तपा, सबै लोकमा विख्यात भएकी, वरदिने, महागुणा भएकी,। शिखरमा रहेकी, मनोहरा, कुश र चीवरमा बस्ने, शुभवस्त्र पहिरने, एक खुट्टाले उभिने हे सरस्वती महादेवी! सबै देवताहरू आएर प्राणीहरूको जिभ्राको टुप्पामा रहेका यो शुभसूत्रवचनहरूलाई राम्रोसँग भनून ॥१०-१२॥

ती शुभवचन यस प्रकार छन् जस्तैः सुरे विरे अरजे अरजवति हि गुले पिङ्गले नतिमुखे मरीचि सुमति दिशमति अग्रामग्रितलवितले च वडि विचरी मरिणिपाणाये लोक ज्येष्ठके प्रियसिद्धिव्रते भीममुखी शचिवरी अप्रतिहत अप्रतिहते बुद्धि नमुचि नमुचि महादेवी प्रतिगृह्ण नमस्कार"। "सर्वसत्वानां बुद्धि रप्रतिहतो भवतु विधामे सिध्यतु शास्त्रलोकतन्त्र पिटक काव्यदिषु" सबै प्राणिहरूको बुद्धि अकुण्ठित होओस् शास्त्रलोक, तन्त्र पिटक र काव्यादिमा मेरो विद्या सफल होओस्) त्यो मन्त्र यस प्रकार छ जस्तै "महाप्रभावे हिलि मिलि भिलि मिलि। विचरतु मम विचरतु मे माया सर्वसत्वानां च भगवत्या देव्याः सरस्वत्या अनुभविन कदारेक युवति हिलि मिलि आवाहयामि महादेवी बुद्धसत्येन, धर्मसत्येन, संघसत्येन, इन्द्र-सत्येन वरुण सत्येन ये लोके सत्यवादिन सन्ति। तेन तेषां सत्यवनेन आवाहयामि महादेवी। हि ल हिलि भिलि विचरतु मम मन्त्रिनो माया सर्वसत्वानाम्। नमो भगवत्यै सरस्वत्यै सिध्यन्तु मन्त्र पदाः स्वाहा"

यसपछि व्याख्यातामा आचार्य पदवी प्राप्त भएका कौडिन्य महाब्राह्मणले सरस्वती महादेवीलाई यी गाथाहरूले स्तुति गर्न लागेः–

देवता र गन्धर्वले सहित भएको सुरेन्द्र लोकमा र मातृग्राममा पनि अग्रणि भएकी ज्यादै सुन्दर अत्यन्त राम्रो अनुहार भएकी यस्ती (सरस्वती) देवीलाई म स्तुति गर्दछु संपूर्ण प्राणीहरूले सुनून्। १३

अनेक चित्र विचित्र (वस्तु वा गहना) हरूले अङ्गहरू अलंकार गरिएकी, विशाल नेत्र भएकी, सरस्वती नाम भएकी, पुण्यले उज्वल भएकी, ज्ञानययी गुणले सर्वत्र व्याप्त भै छरिएकी, अनेक चित्र विचित्र (वस्तु) ले युक्त भएकी अति दर्श-नीय भएकी। १४

सिद्धि दिने भएकी, उत्तम (देवीहरू) मा पनि उत्तम भएकी, गुणका

खानीहरू प्रशस्त भएको निर्मलहरूमा अग्रणी र कमल जस्तै उज्वल भएकी यस्ती ती सरस्वतीलाई विशिष्ट गुणहरूले युक्त भएका वचनहरूले स्तुति गर्दछु । १५

सुन्दर लोचन भएकी, उत्तम नयन भएकी, शुभस्थानमा आश्रय गर्ने भएकी, शुभ-उपदेश गर्ने भएकी, चिताउनै नसकिने गुणहरूले अलंकार गरिएकी, चन्द्रमाको जस्तो निर्मल कान्ति भएकी, निर्मल प्रभा भएकी । १६

ज्ञानकी खानी भएकी, संपूर्ण स्मृतिहरूले युक्त भएकी, उत्तम सिंह जस्ती, नरवाहन भएकी, रत्न र मणिले बाहुलाई अलंकृत गरिरहेकी र पूर्णचन्द्रमा जस्तै दर्शनीय भएकी । १७

मनोहर वचनका लागि नरम स्वर भएकी, गम्भीर प्रज्ञाले युक्त भएकी, कार्यको अग्रसाधनाका लागि असल सत्वले युक्त भएकी र देवता र असुरहरूले पनि वन्दना र पूजा गरिएकी संपूर्ण देवता र असुरहरूका घरमा वन्दना गरिएकी, भूतगणहरूले सधैं पूजा गरिएकी । (१८) यस्ती (सरस्वती) लाई नमस्कार र स्वाहाकार छ ।

हे देवी ! म तिमीलाई नमस्कार गर्छु । त्यस्ती तिनले मलाई गुणको समूह प्रदान गरून् । संपूर्ण विशिष्ट प्राणीहरूका संपूर्ण कार्यहरूमा सिद्धि प्रदान गरून् । शत्रुका माझमा मलाई र संपूर्ण प्राणीहरूलाई पनि सधैं रक्षा गरून् ! (१९)

(जसले) यी संपूर्ण अक्षरपूर्ण वाक्यहरू सवेरै उठेर असल तरीकाबाट पढोस् (वा पढ्छ) त्यसले संपूर्ण अभिप्राय (इच्छा) धन धान्य र उत्तम कल्याण-कारी सिद्धि पनि प्राप्त गर्छ ।

**यो श्री सुवर्ण प्रभासोत्तम सुत्रेन्द्रराजको श्री महादेवी परिवर्त नामक नवौं परिवर्त समाप्त भयो ।**

९

# श्री महादेवी परिवर्त

त्यसपछि श्री महादेवीले भगवानलाई प्रणाम गरी यो कुरा भनिन्:-हे भदन्त भगवान् ! म भगवती श्री महादेवी पनि ती धर्म उपदेश गर्ने भिक्षुको उत्सुकता बढाउनेछु जसद्वारा ती धर्मोपदेश गर्ने भिक्षु वस्त्र, भोजन, शयन, आसन ग्लानिहरण हुने औषधि र परिष्कृत अन्य उपकरणहरूले सम्पन्न हुनेछन् । दृढता प्राप्त गर्न सकनेछन् । स्वस्थ चित्तका हुनेछन् । सुखी चित्त लिएर रात र दिन बिताउन सक्नेछन् र यस सुवर्णप्रभास उत्तम सूत्रेन्द्रराजका पद र व्यञ्जनहरू लिनेछन् । विशेष राम्ररी परीक्षा गर्न सक्नेछन् । जसले गर्दा यस सुवर्णप्रभाससूत्रेन्द्र-राज ज्ञानको बीज रोपेका,ज्ञानप्राप्त गर्न खोज्ने हजारौं प्राणीहरूका लागि धेरै कालसम्म जम्बुद्वीपमा प्रचार हुनेछ । चाँडो लुप्त हुनेछैन । यहाँका प्राणीहरू सबै सुवर्ण-प्रभाससूत्रेन्द्रराज सुनून् । अनेकौं देवताहरू र मानिसहरूले उपभोग गर्ने सुखहरू अचिन्त्य शत सहस्र नियुत कोटी कल्पसम्म खूब अनुभव गरून् । अनिकाल देखा नै नपरोस् । सहकाल होओस् ।प्राणीहरू मानिसहरूले पाउन सकने सुखका सामग्रीहरू-द्वारा सुखी होऊन् । तथागतमा चित्त लाएका होऊन् । आउने समयमा अनुत्तर सम्यक् संबोधि प्राप्त गरून् र नरक, संपूर्ण तिर्यक् योनी, यमलोकका अत्यन्त ठूला सबै दुःखहरू छिन्नभिन्न होऊन् ।

रक्तकुसुमगुणासागरवैदूर्यकनकगिरिसुवर्णकाञ्चन प्रभास श्री नाम गरेका तथागत अर्हत सम्यक् संबुद्धले भन्नुभयोः- मैले र ती श्री महादेवीले ज्ञानको मूल जहाँ रोप्यौं अतः जसले गर्दा श्री महादेवीको प्रभावद्वारा प्राणीहरू जुन दिशामा विहार गर्छन् , जुन दिशामा हेर्छन् जुन जुन दिशामा पुग्दछन् त्यस दिशाका शत सहस्र नियुत कोटी प्राणीहरू सबै सुखका सामग्रीहरूद्वारा सुखी हुनेछन् । दृढता पनि प्राप्त गर्नेछन् । अन्न, पान,धन,धान,हिरण्य,सुन,मणि,मोती, वैदूर्य, शङ्ख, शिला, मुगा, जातरूप, चाँदी आदि अरू सबै उपकरणले युक्त भई

धनी हुनेछन् । त्यहाँ ती तथागतको पूजा पनि गर्नुपर्छ । चन्दन, फूल, धूप र दीप दिनुपर्छ । तीन पटक पुऱ्याएर श्री महादेवीको नाम उच्चारण गर्नुपर्छ । तिनलाई चन्दन, फूल धूप, दीप दिनुपर्छ । रस (फलफूल आदि) चढाउनुपर्छ । (अनि) त्यसको द्रव्यराशि बढ्छ । त्यै चढाउँदा यसो भनिन्छ, सुखी भएकी पृथ्वीको धारणी रस बढ्छ, देवताहरू सधैं फल र धानको थुप्रो जस्ता नै हुन्छन्, वृक्षदेवताहरू र शस्यहरू असल चरित्र धारी मै बेसरी उम्रन्छन् । ॥१॥

अनि सुवर्णप्रभासोतमसूत्रेन्द्रराजको नाम लिनुपर्छ । यस्तो गर्ने प्राणीहरूलाई श्री महादेवीले देखभाल गर्दछिन्, तिनीहरूको संपत्ति पनि खूब बढाउँछिन् ।

अलकावती राजधानीको पुण्य कुसुभप्रभा उद्यानको बीच रहेको सुवर्णवर्ण ध्वज नामको सात रत्नले बनेको भवनमा श्री महादेवी बस्तछिन् । जो मान्छे आफ्नू धानको रास बढाउन चाहन्छ भने त्यसले आफ्नू घर शोधन गर्नुपर्छ । पवित्र सेतो कपडा लगाउनुपर्छ । रत्नकुसुम गुणसागरवैदूर्यकनकगिरिसुवर्ण-काञ्चन प्रभास श्री तथागत अर्हत्-सम्यक् संबुद्धलाई नमस्कार गर्दै तीन पटक उनको नाम उच्चारण गर्नुपर्छ । श्री महादेवी र तिनको आपना हातैले पूजा गर्नुपर्छ । अनि सुवर्णप्रभासोत्तमसूत्रेन्द्रराजको अनुग्रहले त्यसै वेला श्री महादेवी त्यस मानिसको घरमा आउलिन् । अनि त त्यसको धानको राश बढ्नेछ । त्यस्ती श्री महादेवीलाई आवाहन गर्न चाहने त्यसले यी विद्यामन्त्रहरू सम्झनुपर्छ । ती विद्यामन्त्रहरू यस प्रकार छन् जस्तैः-

"नमः सर्वबुद्धानामतीतानागत प्रत्युत्पन्नानाम् । नमः सर्वबुद्ध बोधि-सत्वानाम् । नमो मैत्रेय प्रभृतीनां बोधिसत्वानाम् । तेषां नमस्कृत्य विद्यां प्रयोजयामि । इयं मे विद्या समृध्यतु । स्पादयेदम् । प्रतिपूर्णवरे समन्त गते । महाकार्य प्रति प्रापणे सत्वार्थ समतानुप्रपूरे । आयान धर्मिता महाभागिने । महातेजोपमं हिते । ऋषि संगृहीते । समयानुपालाने" ॥

यिनीहरू मूर्धाभिषेक गर्दा पढ्ने धार्मिक मन्त्रपदहरू हुन् । एउटा शशिपद र अरू अविसंवादन मन्त्रपदहरू हुन् । यी मन्त्रपदहरू धारणा गर्ने ज्ञानको बीउ रोपेका (बुद्ध) हरूले सात वर्षसम्म यिनीहरूलाई गुप्तरूपले ढाकेर, अष्टाङ्गयुक्त भएर सपञ्चासिन (पाँच प्रकारको भोजन मात्र गर्ने) भई पूर्वाह्न र अपराह्नमा स्नान गर्दा भन्ने धार्मिक यी मन्त्रपदहरू हुन् । संपूर्ण बुद्ध भगवानहरूलाई फूल चन्दन र धूपले पूजा गरेर आफू र अरू संपूर्ण प्राणीहरूको सर्वज्ञ ज्ञान (बोधि ज्ञान) को परिपूर्णताका लागि (यी मन्त्रपदहरू रहेका छन् ) । त्यसो गर्नाले संपूर्ण

अभिप्रायहरू समृद्धिशाली होऊन्। चाँडै होऊन्। यसो गरिने त्यस घरलाई चौत्र बनाएर विहार जंगल वा घरलाई गोवरले मण्डल बनाई चन्दन फूल र धूप पनि दिनू (चढाउनू) हिंड्नाको लागि फूलहरू छर्नू। यसो गर्नाले उत्तिखेरै श्रीमहादेवी त्यहाँ प्रवेश गरी बस्तछिन्। यस प्रकारले तिनलाई पाएर त्यो घर, गाउँ, नगर, निगम, विहार, जंगल वा घरमा जहाँ भए पनि कहिल्यै कसैले पनि (यस्तो पाउनेलाई) विकल्प गर्नेछैनन्। यस्तो गर्ने ती प्राणीहरू हिरण्य सुवर्ण रत्न अथवा धन धान्यादि संपूर्ण उपकरणहरूले समृद्धिशाली हुँदै संपूर्ण सुखका सामग्रीहरूले सुखी हुनेछन्। ज्ञानको अंकुर धारण हुनेछ। यस्तो गर्नेहरूको त्यसै कारणले जो जति छ त्यो सबै श्रीमहादेवीको प्रेमका प्रभावको प्रेरणा हो। जीवन रहेसम्म (पूजा) दिंदैरहनु। त्यसो गर्नाले उनी विलम्ब नगरीकनै त्यहाँ बसिरहन्छिन्। यस्तो गर्ने यिनीहरूका संपूर्ण अभिप्रायहरू पनि परिपूर्ण गरिदिन्छिन्।

यो श्रीसुवर्णप्रभासोत्तमसूत्रेन्द्रराजको श्रीमहादेवी परिवर्त नामक नवौं परिवर्त समाप्त भयो

१०

# सर्वबुद्धबोधिसत्वनामसंधारणि परिवर्त

भगवान् रत्नशिखि तथागतलाई नमस्कार। सुवर्ण रत्नाकर छत्रकूट तथागतलाई नमस्कार। सुवर्ण पुष्पोज्वल रश्मिकेतु तथागतलाई नमस्कार। महाप्रदीप तथागतलाई नमस्कार। रूचिरकेतु नाम भएका बोधिसत्व सुवर्ण-प्रभासोत्तम नाम भएका बोधिसत्व, सुवर्ण गन्ध नाम भएका बोधिसत्व सदा प्ररुदित नाम भएका बोधिसत्व धर्मोद्गत नाम भएका बोधिसत्व पूर्वका पुरस्थिमेना-क्षोभ्य नाम भएका तथागत, दक्षिणका रत्नकेतु नाम भएका तथागत, पश्चिमका अमितायु नाम भएका तथागत, उत्तरका दुन्दुभिस्वर नाम भएका तथागत, सुवर्ण-प्रभाससूत्रेन्द्रराजका यी बोधिसत्वहरूका नामहरू जो बोधिसत्वले धारणा गर्छन्, पढ्छन् ती बोधिसत्वहरू सदा जन्म जन्मका कुराहरू संझने हुन्छन्।

यो श्रीसुवर्णप्रभाससूत्रेन्द्रराजमा सर्वबुद्ध बोधिसत्व
नाम संधारणि परिवर्त नामक दशौं परिवर्त
समाप्त भयो



११

# दृढापृथिवीदेवता परिवर्त

अनि दृढापृथिवीदेवता (पृथिवीदेवी) ले भगवानलाई भनिन्:– हे भदन्त भगवान्! आउने समयमा यो उत्तम सुवर्णप्रभास उत्तम सूत्रेन्द्रराज जुन गाउँ, नगर, निगम, जनपद, अरण्य प्रदेश, गिरीकन्दरा वा राजकुलमा पुग्ला, जहाँ यो सुवर्णप्रभासोत्तमसूत्रेन्द्रराजको प्रकाश विस्तारपूर्वक होला, जुन जुन पृथिवीका भागहरूमा नम्र शरीर भएर अर्थात् शरीर निहुराएर धर्मभन्ने भिक्षु धर्मासनमा रहलान् र जुन जुन आसनमा बसेर धर्मभन्ने भिक्षु यस उत्तम सुवर्णप्रभासोत्तमसूत्रेन्द्रराजलाई विस्तारपूर्वक प्रकाशित गर्लान्, ती ती ठाउँमा म दृढापृथिविदेवता आईपुग्नेछु र नदेखिने भएर उत्तम अङ्गले ती धर्मभन्ने धर्मासनमा रहेका भिक्षुका पाउहरू ग्रहण गर्नेछु। आफूलाई त्यही धर्मरूप (बोधि धर्मरूप) अमृतरसले तृप्त पार्नेछु। यसैबाट आफ्नू संमान र पूजा भएको सम्झनेछु। यसरी आफूलाई तृप्त संमानित र खुसी गराएर अठसट्ठी हजार योजन भएको यो पृथ्वी र आफूलाई पनि धर्मश्रवणरूप धर्महरू अमृतरसले तृप्त पारेर बज्रमय समस्त पृथिवीतललाई पार्थिव रस बढेको बनाउनेछु सम्मानित पार्नेछु र परिपूर्ण पार्नेछु। अथवा समुद्रभन्दा माथि रहेको यस महापृथिवीलाई स्निग्ध पार्थिवरसले पूर्ण पार्नेछु। यो ठूलो पृथ्वीलाई ओजपूर्ण बनाउनेछु। जसले गर्दा यस जम्बुद्वीपमा विभिन्न किसिमका तृण, गुल्म, औषधि र वनस्पतिहरू खूब ओजस्वीभएर उम्रनेछन्। सबैकिसिमका वन, उपवन, वृक्ष र धानहरू अनेक प्रकारका ओजले परिपूर्ण हुनेछन्। यिनीहरू सुगन्धित खूब चिल्ला स्वादिला हेरिरहूँ जस्ता अर्थात् श्रेष्ठ खालका हुनेछन्। त्यहाँका ती प्राणीहरूले ती विभिन्न किसिमका पान र भोज हरू खाएर आयु, बल, रूप र इन्द्रियहरू बढाउनेछन् (तिनीहरूका इन्द्रियहरू मोटाउनेछन्) (तिनीहरू) तेज, बल, वर्णयुक्त राम्रा भई संसारका अनेक किसिमका सयौँ हजारौँ अनेकौँ कामहरू गर्नेछन्,

विकास गरी माथि उठाउनेछन् , पारलगाउनेछन् । बललेगर्नें कामहरू पनि गर्नेछन् ।

हे भदन्त भगवन् ! यसैकारणले गर्दा सारा जम्बुद्वीप कल्याणमय हुनेछ अर्थात् सहकाल भएको, समृद्ध, रमणीय र धेरै मान्छेहरू छयाप् छयाप्ती भएको हुनेछ । संपूर्ण जम्बुद्वीपका सबै मान्छेहरू सुखी हुनेछन् । अनेक किसिमको आनन्द अनुभव गर्नेछन् । ती प्राणीहरू तेज, बल, वर्ण र रूप भएका हुनेछन् । यो सुवर्णप्रभाससूत्रेन्द्रराजका खोजमा धर्मासनमा बसेका यस सूत्रेन्द्रलाई धारण गरेका भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरू नजीक जाऊन् । गएर प्रसन्नचित्त भएका तिनीहरूले सबै प्राणीहरूको हित र सुखका निंति सुवर्णप्रभास उत्तम सूत्रेन्द्र प्रकाश गर्नें ती धर्म भाणकको टहल गरून् । म पृथिवीदेवता परिवार र ओज भएकी पनि हुनेछु । हे भदन्त भगवन् ! त्यसै कारणले हामीहरूका शरीरमा ठूलो बल र बीर्य तथा स्थाम पैदा हुनेछ । हामीहरूका शरीरमा तेज, श्री र लक्ष्मी पनि आउनेछन् । हे भदन्त भगवन् ! म दृढापृथ्वीदेवता पनि यो धर्मरूपी अमृतले सन्तर्पित भएमा र ठूलो तेज, बल, बीर्य, स्थाम, दृढता र वेग प्राप्त भएमा यो ठूलो पृथ्वी, सात हजार योजन भएको यो जम्बुद्वीप ठूलो पृथ्वी–रसले बढ्नेछ । विशाल पृथिवी अत्यन्त ठूलो ओजयुक्त हुनेछ । हे भदन्त भगवन् ! पृथिवीमा बस्ने यी सबै प्राणीहरू वृद्धि हुँदै विरुढिवैपुल्यमा प्राप्त हुनेछन् । ठूला पनि हुनेछन् । महान् भएपछि पृथिवीका सबै प्राणीहरूले विभिन्न उपभोगहरू भोग गर्नेछन्, सुख अनुभव गर्नेछन् । ती सबैले पृथिवीमा रहेका विभिन्न खालका अन्न, पान, खाइने अरू चीज, वस्त्र, शयन, आसन, लुगा, भवन, विमान, उद्यान, नदी, पोखरी, जलाशय, तलाऊ, रह आदि गरिएका पृथिवीमा रहेका, प्रादुभाव भएका, सदा रहिरहेका सुखका उपकरणहरू भोग गरून् । यसै भएर नै हे भदन्त भगवन् ! सबै प्राणीहरूले मउपर कृतज्ञ हुनुपर्छ । अवश्य नै यो उत्तम सुवर्ण-प्रभाससूत्रेन्द्रराज सत्कार गरेर सुन्नुपर्नें, सम्मान राख्नुपर्नें, आदर गर्नुपर्नें, मान्नुपर्नें, र पूजा गर्नुपर्नें खालको छ ।

हे भदन्त भगवन् ! जो जो सम्पूर्ण प्राणीहरू विभिन्न कुल र घरबाट धर्मभन्ने कहाँ जानका लागि निस्कलान् त्यसरी निस्केर गएर यस उत्तम सुवर्ण-प्रभासोत्तमसूत्रेन्द्रराजलाई सुन्छन् सुनेर फेरि ती प्राणीहरू आ-आफ्ना कुल, घर, गाउँ, नगर र निगममा पसेर आ-आफ्ना घरमा आएर तिनीहरूले यस्तो भनून्:– आज हामीले गम्भीर धर्मश्रवण गऱ्यौं । आज हामीले पाइनशक्नु धर्मराशि पायौं, आज हामीले पशुयोनिमा पुग्नुपर्नें, यमलोकमा जानुपर्नें र प्रेत हुनुपर्नें कुरा

छुटायौँ । यो धर्म सुन्नाले आउने सयौँ हजारौँ जन्ममा हामीहरू देवता र मनुष्यकुलमा जन्मने कुरा लिएका हुनेछौँ । ती सबैले आ-आफ्ना घर पुगेर त्यहाँका प्राणीहरूलाई यस सुवर्णप्रभासउत्तमसूत्रेन्द्रराजबाट रोजेको केवल एउटा दृष्टान्त, एउटा परिवर्त, एउटाको शुरूको कुरो, पूरा चतुष्पादिका, गाथा अथवा एउटै पद भए पनि पूरा अरूलाई सुनाऊन् , त्यस्तै सुवर्णप्रभासोत्तम-सूत्रेन्द्रराजको पूरा नाम पनि अरूलाई सुनाउन् ।

हे भदन्त भगवन् ! त्यस्ता अनेक प्रकारका ती प्राणीहरू पृथिवीका अनेकौँ प्रदेशमा यसरी यस्ता प्रकारका यी सुवर्णप्रभासोत्तमसूत्रेन्द्रराजका मुख्य कारणहरू परस्परामा रुचाउलान् , सुनाउलान् र यसबारेका कथा भन्लान् हे भदन्त भगवन् ! ती सबै ठाउँहरू अत्यन्त ओजयुक्त हुनेछन् , अत्यन्त स्निग्ध हुनेछन् । ती ती ठाउँमा मानिसहरूको लागि विभिन्न पृथिवीमा पाइने पृथिवीका रस र सबै उपकरणहरू प्रशस्तमात्रामा उब्जिनेछन् , बढ्नेछन् , फैलिनेछन् । ती सबै प्राणीहरू खूब धनी, ठूला भोगी र धेरै दान गर्ने पनि हुनेछन् । तीन रत्न (बुद्ध, धर्म, संघ) मा प्रसन्न हुनेछन् ।

यति भनिसकेपछि भगवानले दृढापृथिवीदेवतालाई भन्नुभयो - हेः–पृथिवी देवता ! जो कोही प्राणीहरू यस सुवर्णप्रभासोत्तमसूत्रेन्द्रराजबाट पूरा एकै पद भने पनि सुन्छन् भने तिनीहरू यस मनुष्यलोकबाट छुटेर तेत्तीस देवनिकायमध्ये कुनै एकबाट फेरि अर्कोमा अनि फेरि अर्को देवनिकायमा जन्म लिन पुग्नेछन् । हे पृथिवीदेवता ! कोही प्राणीहरू यस सुवर्णप्रभासोत्तमसूत्रेन्द्रराजका लागि ती स्थानहरू अलंकृत बनाउँछन् र केवल त्यहाँ एउटा छाता दूध्य चढाउँछन् र अलंकृत देव(बुद्ध) स्थान बनाउँछन् भने ती प्राणीहरू सात कामावचर देवनिकायमा सप्त रत्नमय, दिव्य र संपूर्ण अलंकारले अलंकृत भएको विमानमा सबै अलंकारयुक्त भएर रहनेछन् । त्यस्ता जोसुकै प्राणीहरू पनि यस मनुष्यलोकबाट छुटेर ती सप्तरत्नमय दिव्य विमानमा पुग्छन् । हे पृथिवीदेवता ! फेरि ती प्रत्येक प्राणीहरूले ती सप्तरत्नमय दिव्य विमानमा सात वर उपलब्ध गर्नेछन् र अपूर्व दिव्य सुखहरू अनुभव गर्नेछन् ।

यस्तो भनिसकेपछि भगवानलाई दृढापृथिवीदेवताले भनिन् हे भदन्त भगवन् ! त्यसैले म दृढापृथिवीदेवता धर्मको माथिल्लो आसनमा बसेका धर्मभन्ने ती भिक्षुलाई ती पृथिवीका प्रदेशहरूमा बसाउँछु । अनि नदेखिने शरीरकी भएर ती धर्मभन्ने भिक्षुका पाउ उत्तम अङ्ग (शिर)ले ग्रहण गर्छु (ढोग्छु) । किनकी यो सुवर्णप्रभासउत्तम सूत्रेन्द्रराज ज्ञानको बीउ रोपेका हजारौँ बुद्धहरूका लागि र अरू प्राणीहरूका लागि धेरै समयसम्म यस पृथिवीमा प्रचार होओस् । चाँडै नबिलाओस् ।

प्राणीहरू यो सुवर्णप्रभासोत्तमसूत्रेन्द्रराजलाई सुनून् ।, अनि पछि आउने समयमा अचिन्त्य शतसहस्र नियुतकोटी मानिसहरूले स्वर्गीय र मानवीय अपूर्व सुखको अनुभव गरून् । तथागतमा चित्त लगाएका होऊन् । पछि आउने समयमा अनुत्तर सम्यक संबोधि प्राप्त गरून् (तिनीहरूका) सबै नरक तिर्यग्योनि र यमलोकका दुःखहरू पूरै छिन्न भिन्न होऊन् ।

यो श्रीसुवर्णप्रभासोत्तम सूत्रेन्द्रराजमा दृढापृथिवीदेवता
परिवर्त नामको एघारौं
परिवर्त समाप्त भयो

१२

# संज्ञेयमहायक्ष सेनापति परिवर्त

यसपछि संज्ञेय नामक महायक्ष सेनापतिले अट्ठाईस महायक्ष सेनापतिका साथ आसनबाट उठेर एक काँध चीवरले ढाकेर र दाहिने घुँड़ा भैंमा टेकाएर अञ्जलिपूर्वक प्रणाम गरी भगवान् जहाँ हुनुहुन्थ्यो त्यहाँ पुगी भगवानलाई यस्तो भनेः– हे भदन्त भगवान् ! यही पछि आउने समयमा यो सुवर्णप्रभासोत्तमसूत्रेन्द्र-राज गाउँ, नगर, निगम, जनपद जनप्रदेश, ठूलाजङ्गलका प्रदेश, पर्वतका गुफा, राजकुल या घर जहाँ जहाँ प्रचार हुनेछ हे भदन्त भगवान् ! ती ती गाउँ, नगर, निगम, जनपद, जंगल, पर्वतका गुफा वा राजकुलमा अट्ठाईस महायक्ष सेनापतिका साथ म संज्ञेय नामको महायक्ष सेनापति जानेछु । आफू अदृश्य भएर धर्मभन्ने ती भिक्षुको रक्षा गर्नेछु । परित्राण, परिग्रह, परिपालना, दण्डपरिहार शान्तिस्वस्ति गर्नेछु । यो सुवर्णप्रभासोत्तमसूत्रेन्द्रराज सुन्ने स्त्री पुरुषहरूको, दारक दारिकाको र कसैले यस सुवर्णप्रभासोत्तमसूत्रेन्द्रराजबाट एउटै चतुष्पादिका गाथा पूरा सुनेको छ या एक पद भने पनि राम्रोसँग सुनेको छ, अथवा सुवर्णप्रभासोत्तमसूत्रेन्द्रराजबाट कुनै एक बोधिसत्वको नाम लिएको छ, सुनेको मात्रै छ, अथवा सुवर्ण प्रभासोत्तम-सूत्रेन्द्रराजको नामलिएको छ या सुनेको मात्रै छ भने यस्ता यी सबैको रक्षा गर्छु । यस्तो गर्ने यिनीहरूको परित्राण, परिग्रह, परिपालन, दण्डपरिहार शस्त्रपरिहार र शान्तिस्वस्ति पनि गर्नेछु । यिनका कुल, घर, नगर, ग्राम, निगम, अरण्य र राजकुलको रक्षा गर्छु । परित्राण, परिग्रह, परिपालन, दण्डपरिहार शस्त्रपरिहार र शान्तिस्वस्ति पनि गर्छु ।

म यस्तो के कारणले गर्छु भने सबै धर्म जति छन् र जस्ता छन् जुन धर्म अहिलेसम्म छन् ती सबैलाई मैले राम्रोसँग जानेको छु बुझेकोछु र हे भदन्त भगवन् ! म ती धर्ममा रहेको पनि छु । हे भदन्त भगवन् ! सबै धर्म मेरा निमित्त प्रत्यक्ष छन् । मेरो ज्ञानावभास ज्ञानालोक ज्ञान-प्रचार र ज्ञानराशि अचिन्त्य

छ। हे भदन्त भगवान् ! अचिन्त्य धर्ममा मेरो ज्ञान जान सक्छ । हे भदन्त भगवन् ! मैले यसरी नै धर्महरूलाई राम्रोसँग जानेको, परीक्षा गरेको, बुझेको, हेरेको र खूब बुझेको छु । त्यसो हुनाले नै महायक्षसंज्ञेय सेनापतिहरूले मलाई संज्ञेय भन्ने नाम दिए ।

हे भदन्त भगवान् ! म धर्मभन्ने भिक्षुको वाक्य सुन्दर पार्नका लागि प्रतीकारलाई खिच्तछु । रौं रौं मा ओज भर्छ । तिनको शरीरमा प्रशस्त तेज, बल, र वीर्य पैदा गर्छ । अचिन्त्य ज्ञान-प्रकाश भएको पनि बनाउँछु । तिनको स्मृतिबोध पनि गराउँछु । तिनलाई ठूलो उत्साह पनि दिन्छु, जसद्वारा ती धर्मभन्ने भिक्षु नथाकून्, सबल इन्द्रिय भएका होऊन् र हर्ष उत्पन्न भएका होऊन् । जसले गर्दा यो सुवर्णप्रभासोत्तमसूत्रेन्द्रराजको प्रचार ज्ञानका बीज रोपेका हजारौं बुद्ध र ती हजारौं प्राणीहरूका लागि धेरै कालसम्म जम्बुद्वीपमा होओस् । चाँडै अन्तर्धान ( लोप वा नाश ) नहोओस् । प्राणीहरूले यस उत्तम सुवर्णप्रभास-सूत्रेन्द्रराजलाई सुनून्, अचिन्त्य ज्ञानराशि पाऊन् । प्रज्ञावान् होऊन् । अपरिमित पुण्यराशि ग्रहण गरून् । पछि आउने समयमा सयौं हजारौं लाखौं कोटियौं अनेक कल्पसम्म मानिसहरूले अचिन्त्य हजारौं स्वर्गीय र मनुष्यलोकमा हुने सुखको अनुभव गरून् । तथागतमा ध्यान गएका होऊन् । पछि आउने समयमा सम्यक् संबोधि प्राप्त गरून् । संपूर्ण नरक तिर्यक्योनि र यमलोकका दुःखहरू पूरै नाश होऊन् । ( उपर्युक्त कुराका लागि म ती धर्मभाणक भिक्षुलाई मद्दत गर्छु । )

यो श्रीसुवर्णप्रभासोत्तमसूत्रेन्द्रराजमा संज्ञेय महायक्ष-
सेनापति परिवर्त नामको बाह्रौं परिवर्त
समाप्त भयो

१३

# देवेन्द्रसमयराजशास्त्र परिवर्तः

रत्नकुसुमगुणसागरवैदूर्यकनकगिरिसुवर्णकाञ्चनप्रभास श्री नामका भगवान् तथागत अर्हत सम्यक् संबुद्ध (बुद्ध भगवान्) लाई नमस्कार छ। जसको यो धर्मरूपी ज्वाला प्रज्वलित भइरहेको छ त्यस्ता तथा शतसहस्र नियुतकोटि अनेकौँ गुणहरूले अलंकृत भएको शरीर भएका उनै शाक्यमुनि तथागतलाई नमस्कार। अपरिमित पुण्य, धान्य र माङ्गल्यले सम्पन्न भएकी उनै श्रीमहादेवीलाई नमस्कार। अपरिमित गुण र प्रज्ञाद्वारा उदाएकी सरस्वतीदेवीलाई नमस्कार।

फेरि त्यसै काल र त्यसै समयमा राजा बलदकेतुले भर्खरै राज्याभिषेक गरेर राज्यासनमा बसेका छोरा रुचिरकेतुलाई यस्तो भनेः– हे बाबु! देवेन्द्रसमय नामको राजशास्त्र छ, जुन मैले राज्याभिषेक गरेर राजगद्दिमा बसिसकेपछि तुरुन्तै (मेरो) बुबा राजा बलेन्द्रकेतुबाट जानेको हुँ। त्यही देवेन्द्रसमय नामक राजशास्त्रबाट मैले बीस हजार वर्ष राज्य गरेँ। त्यस समयमा मैले चित्तले एकछिन मात्र प्रमाण भएको समय अर्थात् एकैछिन पनि अधर्मपूर्वक रहेको कसैलाई पनि जानिनँ। त्यस्तो देवेन्द्रसमय नाम गरेको राजशास्त्र कुन हो। हे कुलदेवता! यसपछि राजा बलदकेतुले त्यसै काल र त्यसै समयमा राजा भएका छोरा रुचिरकेतुलाई तल रहेका यी गाथाहरूले देवेन्द्रसमय नामको राजशास्त्र विस्तारपूर्वक (व्याख्या गर्दै) राम्रोसँग सिकाउन (प्रकाशगर्न) थाले।

सबै प्राणीहरूको हित गर्ने, सबै खराब कामहरू नाश गर्ने र सबै संशयहरूको जरै उखेल्ने राजशास्त्र भन्छु ॥१॥

यहाँ भएका सबै राजाहरूले प्रसन्न चित्त भएर, हात जोडेर देवेन्द्रसमय नामक राजशास्त्र सुन्नुहोस् ॥२॥

वज्रले वरिपरि घेरिएको पर्वतराजमा देवेन्द्रसँगै भएका लोकपालहरू उठेर ब्रह्मालाई सोधे ॥३॥

हे ब्रह्मा ! तपाइँ देवताका गुरु हुनुहुन्छ, तपाईं ईश्वर हुनुहुन्छ। संशयहरूलाई हटाउने पनि तपाइँ नै हुनुहुन्छ। यसैले हाम्रो संशय हटाइ-दिनुहोस् ॥४॥

जस्तैः– मानिसबाट उत्पन्न भएको राजालाई देवता किन भनिन्छ ? राजा मनुष्यलोकमा नै जन्मन्छ त कसरी देवता र मानिस दुवैमा राज्य गर्छ ? भनेर यसरी लोकपालहरूले ब्रह्मेन्द्रलाई सोधे ॥५-६॥

यदि तपाईं लोकपालहरूले यसरी सोध्नुभयो भने सबै प्राणीहरूको हितका लागि मनुष्यलोकमा राजाको कसरी उत्पत्ति हुन्छ, भन्ने यो उत्तम शास्त्र भन्छु भनेर सुरगुरु ब्रह्माले सबै लोकपालहरूलाई भन्नुभयो ॥७॥

लोकपाल हो ! मानिस मानिसका घरमा कसरी जन्मन्छ र जुन कारणले विषय (मर्त्यलोक) मा राजा हुन्छन् यस विषयमा युक्तिपूर्वक म भन्दछु ॥८॥

राजा देवेन्द्रको आज्ञाअनुसार आमाको कोखमा पस्तछ ॥९॥ त्यसो हुनाले राजा मनुष्यलोक आश्रय गरी जन्मे तापनि देवताबाट पैदा भएको हुनाले त्यसलाई देवपुत्र भनिन्छ ॥१०॥

अधर्मलाई शान्त गर्न र दुष्कर्महरूलाई हटाउनकालागि प्राणीहरूलाई सत्कर्ममा लगाएर पछि देवगृहमा पठाउनका लागि तेत्तीस देवताहरूले राजालाई आफ्नू अंश दिएका हुन्छन् , देवताहरूसँग उनीहरूकै छोरातुल्य भई राजा निर्माण भएको हुन्छ ॥११-१२॥

मनुष्य, देवता, गन्धर्व राक्षस या चाण्डाल जे होस् राजा दुष्कर्महरूलाई रोक्ने नै हुन्छ ॥१३॥

आमा बाबु वा अरू असल कर्म गर्नेहरूको कर्मको फल हेर्ने राजा हो, यसैका लागि देवराजहरूले नृपति नियुक्त गरिएको हो ॥१४॥

संसारका असल र खराब कामहरू धर्मपूर्वक हेर्नका लागि नै देवराजहरूले राजालाई नियुक्त गरेका हुन् ॥१५॥

जब राजा देशमा रहेका दुष्कर्मको वास्ता गर्दैन, दुष्कर्मीलाई अनेक प्रकारका दण्ड गर्दैन,तब यसरी दुष्कर्मका उपर रोकथाम नगरी उपेक्षा गर्नाले खूब-सँग अधर्म बढ्दछ, राष्ट्रमा मूर्खहरू र कलह खूब हुन्छन् (अनि) तेत्तीसै भवनमा रहेका देवेन्द्रहरू रिसाउँछन् ॥१६-१७॥

राजा देशका दुष्कर्महरूलाई वास्ता गर्दैन भने-भयङ्कर स्वाँठहरूले देशलाई नाश गराउँछन् ॥१८॥ त्यो देश शत्रुको हमलाबाट खतम हुन्छ, उपभोग्य वस्तु र जम्मा गरिएको धन बलियाले मात्रै लिन्छ ॥१९॥ अनेक मूर्खहरू परस्परमा त्यो

धन चोरी गर्छन् । यसैले यनि राजा खराब कर्म गर्नेहरूलाई दण्ड दिंदैन भने हात्तीले पचिनीलाई झैं त्यसले आफ्नू राष्ट्रलाई लोप गराउँछ ॥२०॥

दुष्कर्मको वास्ता नगर्ने राजा भएको देशमा विषम वायु वहन्छ, विषम-वृष्टि हुन्छ । ग्रह, नक्षत्र, चन्द्र, सूर्य पनि विषम हुन्छन् ॥२१॥

जहाँ राजा सबै कुरामा उपेक्षित हुन्छ त्यहाँ धान, फल, फूलका बीजहरू राम्रोसँग पाक्दैनन् , अनिकाल पर्छ र मन्दिरमा मन कुंदिएका देवताहरू हुन्छन् ॥२२॥

यदि राजाले देशको बेवास्ता गर्छ भने सबै देवराजहरूले परस्परमा यस्तो भन्नेछन् ॥२३॥

अधार्मिक पक्षलाई अँगालेको यस (पापी) राजाले चाँडै नै अब देवता-हरूलाई जग्याउनेछ ॥२४॥

देवताहरू रिसाएपछि यसको देश नाश हुन्छ, शस्त्रहरू अधर्मका लागि हुनेछन् ॥२५॥

मूर्खता, कलह, रोग उत्पन्न हुनेछन् , देवेन्द्र रिसाउनेछन्, देवताहरूले पनि उपेक्षा गर्नेछन् । ॥२६॥

राष्ट्र नै लोप हुन्छ, राजा शोकमा डुब्छ, इष्टजनको वियोग हुन्छ ॥२७॥

जस्तो भाइ, छोरो, प्यारी स्वास्नी अथवा छोरी जस्तैको वियोग पर्छ, प्रति सूर्य ( सूर्यको नजीक अर्को सूर्य देखिने उल्का ) आदि उल्का हुने-छन् ॥२८॥

शत्रुका हमलाको डर बढ्छ, ज्यादै अनिकाल बढ्छ, प्यारो मन्त्री मर्छ, अप्रिय गर्जन्छ ॥२९॥

मनपरेकी छोरी र प्यारी स्वास्नी, बालक पनि विरोधी भई कुलको आनन्द र धन खतम पार्नेछन् ॥३०॥

देश देशमा आ-आफैँ हतियार लिएर परस्परसा लड्नेछन् , मुलुकका कुरा-कुरामा सूर्खतालका विवाद र झगडा हुनेछन् ॥३१॥

राष्ट्रमा नै ग्रह दुर्दशा पस्छ, भयङ्कर रोग निस्कन्छ अनि त्यहाँ अधार्मिक उपदेश दिने हुनेछन् । ॥३२॥

मन्त्री र कुनै पनि सभाका मान्छे अधार्मिक हुनेछन्, अनि अधार्मिकको सम्मान हुनेछ ॥३३॥

धार्मिकहरू खूब दमन गरिनेछन् । पापीको सम्मान र धर्मात्माको दमन हुन्छ र त्यस मुलुकमा नक्षत्र, जल, वायु यी तीन कुरा रिसाएका हुनेछन् ॥३४॥

अधार्मिकका घरमा सद्धर्मको ओज, प्राणीको ओज र पृथिवीरस यी तीनै भावहरू नाश हुन्छन् ॥३५॥

त्यस्तै असत्यजनको सम्मान, सत्यजनको हेलाँ र असाध्यै अनिकाल यी तीनै कुरा पनि हुन्छन् । त्यहाँ फल र धानमा रसनै हुँदैन ॥३६॥

अनि त देशका प्राणीहरू ग्लानि भएका हुनेछन् । देशमा मीठा र ठूला फलहरू पनि नमीठा, तीता र पीरा मात्रै हुनेछन् । ॥३७॥

पहिले रमणीय लाग्ने अभिप्राय, क्रीडा, हाँसो र रति, राम्रा भएका सभा पनि सयौँ आपदले व्याकुल भएका हुनेछन् ॥३८॥

धान र फलहरूको (मीठो) चिल्लो रस नाश होला, अनि शरीरका इन्द्रियहरू तृप्त हुनेछैनन् ॥३९॥

त्यसैले प्राणीहरू नराम्रा, थोरै तेज भएका, निर्बलिया हुनेछन् र धेरै खाना खाएर पनि तृप्त हुनेछैनन् ।४०॥

अनि बल, तेज र वीर्य नभएका हुनेछन् । देशमा वीर्य नभएका प्राणीहरू हुनेछन् ॥४१॥

विभिन्न रोगले पीरिएका हुनेछन् । ग्रह र नक्षत्रहरू राक्षस जस्ता हुनेछन् ॥४२॥

राजा पापी र अधर्मको पक्ष लिने हुन्छ भने त्रिधातु, तीन लोकको मण्डल विरोधी हुन्छ । देशमा अनेकौँ दोषहरू हुन्छन् ॥४३॥

दुष्कर्मलाई वास्ता नगर्ने वरु त्यसको पक्ष लिने राजाले देवेन्द्रहरूले जुन कामका लागि त्यसलाई नियुक्त गरिएको हो पापले गर्दा त्यसले त्यो गर्दैन ॥४४॥

राजाहरू सुकर्मले गर्दा देवताहरू बस्ने ठाउँमा पुग्छन्, दुष्कर्मले भने प्रेत, तिर्यक्योनि र नरकमा पुग्छन् । राजाले देशमा रहेका दुष्कर्ममा वास्ता नगर्नाले तेत्तीसै देवस्थानहरूलाई पिर्छ ॥४५॥

खराब कर्ममा प्रवृत्त भएर जब राजाले यसरी (धर्मको) उपेक्षा गर्छ तब त्यो पितृ र देवराजहरूकहाँ अपराधी ठहरिन्छ, पुत्र ठहरिंदैन, त्यसले राज्य गरेको पनि मानिदैन ॥४६॥

जुनसुकै वेला पनि मूर्ख र कठोर हृदय भएकाहरूले काम नाश गर्छन्, त्यसैले मनुष्यलोकमा देवेन्द्रहरूले राजा पठाएका हुन्, त्यहाँका दुष्कर्महरूको शमन गर्न र सुकर्मको प्रवर्तन गर्न । राजा त संसारका प्राणीहरूको कर्मको फल दिने हो, यही सुकर्म र दुष्कर्म छुट्याई कर्मको फल प्राप्त गराउनेलाई नै राजा भनिन्छ ॥४७-४८॥

यसैका लागि असल र खराव कामलाई बेग्ला बेग्लै छुट्याएर त्यसको परिणाम देखाइदिने नै राजा हो । यसै कारण देवगणहरूले राजालाई राखे र देवेन्द्रहरूले अनुमोदन गरे ॥४९॥

राजा आफू अर्कका लागि, देशको धर्मका लागि र राष्ट्रका स्वाँठ र पापीहरूलाई दमन गर्नका लागि हो ॥५०॥

राजाले देशको कल्याणका लागि जिवन र राज्य पनि छोडनुपर्छ । राजाले जानी जानी अधर्मको उपेक्षा गर्छ भने मुलुकमा त्यहाँभन्दा भयङ्कर नाश अर्को हुँदैन । जब स्वाँठहरू जन्मन्छन् तिनको रोकथाम हुँदैन, तब त्यस देशमा फेरि फेरि पनि दारुण मूर्खहरू हुनेछन् । अनित त्यो देश हात्तीले तलाउलाई जसरी खतम पार्छ त्यसै गरी लोप हुन्छ ॥५१-५३॥

त्यस राजासँग देवेन्द्रहरू रिसाउँछन्, सुरालय, स्वर्गलोक लोप हुन्छ, त्यस देशका सबै थोक विषम हुन्छन् ॥५४॥

यसैले राजाले पाप गर्नेलाई दोषअनुसार दण्ड दिनुपर्छ । राजाले अधर्म नगरोस् र धर्मपूर्वक राष्ट्रलाई पालना गरोस् तर अधर्म नगरोस् ॥५५॥

प्राण छोडेर पनि पापमा पतित नहोओस्, आफ्ना बन्धु, परजन वा राष्ट्रका कोही पनि मानिसको पक्षमा नलागोस् (पक्षपाती नबनोस्) ॥५६॥

धार्मिक राजाले तीनै लोक भरिपूर्ण पार्छ । तेत्तीसै ठाउँका देवेन्द्रहरू खुशी हुन्छन् ॥५७॥

(उनीहरूले यस्तो पनि भन्नेछन्) "जम्बुद्वीपमा हाम्रो पुत्र धार्मिक राजाले धर्मपूर्वक शासन गर्दै मानिसहरूलाई असल काममा लगाउँछ ॥५८॥

असल कामले गर्दा मानिसहरूसाई यहाँ पठाउँछ, स्वर्गलाई देवता या देवपुत्रहरूले परिपूर्ण गर्छ ॥५९॥

राष्ट्रलाई धर्मपूर्वक शासन गरेर हामी सन्तुष्ट बनाइएका छौँ । यसरी देवेन्द्रहरू प्रसन्न हुन्छन् र त्यस्ता राजाहरूलाई रक्षा गर्छन् ॥६०॥

नक्षत्र, चन्द्र र सूर्य पनि राम्रोसँग हिंड्ने हुन्छन् । मौकामा हावाहरू बहन्छन् र मौका मौकामा नै वर्षा हुन्छ ॥६१॥

राष्ट्रभरि र देवालयमा सहकाल हुन्छ । देवता र देवपुत्रहरूले देवालय पूर्ण हुन्छ ॥६२॥

यसैले राजाले आफ्नू जीवन छोड़ेर पनि धर्मरत्न (बुद्धधर्म) को प्रवर्तन गरोस् । जसले गर्दा दुनियाँ सुखी होओस् ॥६३॥

गुणहरू भएको सन्तुष्ट र पाप नभएको राजाले जनताहरूमा धार्मिक सेवा

पुऱ्याउँछ, त्यसैले नै धर्मपूर्वक राष्ट्रको सेवा गर्छ। तसर्थ राजाले धर्मपूर्वक नै राष्ट्रको पालना गरोस्, धर्मपूर्वक नै शासन गरोस्, "प्राणीहरूलाई सुकार्यमा नै लगाओस्, दुष्कर्मबाट हटाओस्॥६४-६५॥

यसरी पापीलाई पापअनुसार दण्ड दिने, प्रजालाई राम्रोसँग पालना गर्ने धर्मपूर्वक शासन गर्ने राजाको राष्ट्रमा सहकाल हुन्छ, राजा तेजस्वी हुन्छ, त्यसको कीर्ति फैलिन्छ।

यो सुवर्णप्रभासोत्तमसूत्रेन्द्रराजमा
देवेन्द्रसमयराजशास्त्र परिवर्त नामको
तेह्रौँ परिवर्त समाप्त भयो

१४

# सुसंभव परिवर्तः

जुन अवस्थामा (समयमा) चक्रवर्ती राजा भए, त्यस अवस्थामा सागर सम्मकी पृथिवी र रत्नहरूले परिपूर्ण भएका ती चारै द्वीपहरू संसार-परित्याग गरी निस्केका पहिलेका जिनहरूमा परित्याग गरेँ ॥ १ ॥

मैले परित्याग गरेको प्रशस्तरूपमा भएको त्यो वस्तु पहिले कहिल्यै परित्याग गरिएको थिएन । मैले त्यो धर्मको शरीरको खोजीका लागि, अनेक कल्पसम्म प्यारो जीवन पनि परित्याग गरेँ ॥ २ ॥

त्यो यस प्रकार थियो जस्तै :- चिताउनै नसकिने पहिलेका कल्पमा रत्नशिखी नामक सुगतका शासनमा ती सुगत परिनिर्वाण भएपछि (त्यहाँ) सुसंभव नाम गरेका राजा भए ॥ ३ ॥

ती चक्रवर्ती राजा चारै द्वीपका अधिपति भएर समुद्रसम्मकी पृथिवीको राज्य गर्दथे । त्यस समयमा जितेन्द्र घोषा नामक राजधानीमा राजाहरूका माझमा हात्तीसमान (ठूला) भएका ती राजा सुते (निदाए) ॥ ४ ॥

सपनामा बुद्धका गुणहरू सुने, धर्मभाणक (धर्मोपदेशक) लाई पनि देखे । अनि सूर्यको माझमा झलमल भएर प्रकाशित रत्नोच्चय (रत्नको थुप्रो) यस सूत्रराजलाई पनि देखे ॥ ५ ॥

जब राजा सपनाभाट ब्यूँझे, अनि त उनको शरीर प्रेमले भरिपूर्ण भयो । अनि चारैतिरका काम छोडेर राजकुलहरू हेर्न श्रावक-संघका अगाडि पुगे ॥ ६ ॥

अनि जिन र श्रावकको पूजा गरे र धर्मवक्तालाई 'रत्नको थुप्रो' (यो सूत्रेन्द्रराज) का विषयमा सोधे भने यो आर्यसंघमा रत्नोच्चय (रत्नको थुप्रो) का नाम र गुणले युक्त कुनै भिक्षु छ ? ॥ ७ ॥

त्यसै समयमा ती रत्नोच्चय (भिक्षु) अर्कै गुफामा रहेर विचित्र रत्नस्वरूप भएको यो सूत्रराजलाई अध्ययन गर्दै सुखपूर्वक रहेका थिए ॥ ८ ॥

त्यसपछि ती राजालाई धर्मोपदेशक ती भिक्षुले अर्को गुफाभित्र रहेको आफ्ना किरणका शोभाले जाज्वल्यमान भएको त्यस रत्नोच्चयलाई उपदेश गर्न थाले ॥ ९ ॥

यहाँ रहने यी धर्मोपदेशकले यस रत्नोच्चयलाई धारण गरेका छन् र गंभीर जिनको गोचर भएको यो सुवर्णप्रभासोत्तम सूत्ररत्नलाई निरन्तर प्रकाश गर्दछन् ॥ १० ॥

अनिपछि रत्नोच्चयको पाउमा वन्दना गरेर सुसंभव राजाले "मलाई पूर्ण शशाङ्कचक्रयुक्त सुवर्ण प्रभासोत्तम सूत्ररत्न गर्नु होस् भने ॥ ११ ॥

अनि ती भिक्षुले रत्नोच्चय र ती सुसंभव नामक राजाको पनि अधिवासन गरे । त्यो अधिवासन भएपछि संपूर्ण त्रिसाहस्रलोकधातु र सबै देवताहरू पनि खूब खुशी भए ॥ १२ ॥

त्यसपछि ती राजाले अत्यन्त विशिष्ट भएको, रत्नचन्दनका जलले सेचन गरिएको फूलहरू छरिएको यस्तो पृथिवीको ठाउँ बनाएर त्यसमा आसन तयार पारे ॥ १३ ॥

अनिपछि ती राजाले त्यो आसनमा अनेकौं हजारौं छाता, ध्वजा, घण्ट, अनेकौं विचित्र असल फूलरूप चन्द्रमा वृष्टि गरे ॥ १४ ॥

अनिपछि देवता, नाग असुर, किन्नर, यक्ष यक्षेन्द्र र महोरगहरूले त्यस आसनमाथि दिव्य मान्दारव फूल छरे (वर्षा गरे) ॥ १५ ॥

संसारबाट पारपाउन अग्रणी हुन खोजेका अचिन्त्य अनन्त सहस्र कोटी जुन देवताहरू अन्यत्रबाट निस्केर त्यहाँ आएका थिए, तिनीहरूले पनि त्यस रत्नोच्चयमा साल पुष्पहरू बर्साए ॥१६॥

खूब तेजिलो शरीर भएका, शुद्ध वस्त्र पहिरेका ती रत्नोच्चय धर्मभाणकले पनि त्यो आसन रहेको ठाउँमा पुगेर अञ्जलि जोरेर नमस्कार पनि गरे ॥१७॥

देवेन्द्रदेव र देवताहरूले पनि (त्यस्मा) मान्दार नामक फूल बर्साउदै अचिन्त्य सयौँ हजारौँ तुर्यनामक बाजाहरू पनि आकाशमा रहेर बजाउन थाले ॥१८॥

ती धर्मोपदेशका रत्नोच्चय भिक्षु पनि यो सबै भएपछि धैर्यपूर्वक दशै-दिशामा रहने अचिन्त्य हजारौँ कोटियौँ बुद्धहरूलाई स्मरण गर्दै त्यहाँ गएर बसे ॥१९॥

ती भिक्षुले सम्पूर्ण प्राणीहरूमा ती सुसम्भव राम्रामा पनि सदा कृपा (दया) र करुणाले युक्त भएको चित्तवृत्ति बनाउदै उत्पन्न गरेपछि यस सूत्रलाई प्रकाश गरे ॥२०॥

ती सुसंभव राजा पनि शरीर र वचनले अनुमोदन गर्दै अँजुली जोरेर बसे। सद्धर्मका आवेगले गर्दा भलभली हर्षाश्रु झारेका ती राजाको शरीर खूब तेजोमय भएर प्रकाशमान भयो ॥२१॥

त्यसपछि ती सुसम्भव राजाले यस सूत्रको पूजाका लागि सबैको कल्याणका लागि चिन्तामणि राज रत्नलाई लिएर तलको प्रणिधि गरे ॥२२॥

उनले भने "आज यस जम्बुद्वीपमा सात रत्नले सहित भएका गहनाहरू बसून् र यस द्वीपमा जो जति प्राणीहरू छन्, तिनीहरू सुखी र धेरै धनी होऊन् ॥२३॥

ती राजाले यस्तो भन्नेबित्तिकै सात रत्नहरू केयूर, हार र उत्तम कुण्डलहरू तथा अन्न, पिउने वस्तुहरू र कपडाहरू पनि ती चारै द्वीपमा खूबसँग बर्से ॥२४॥

यी सुसम्भव राजाले जम्बुद्वीपका चारै द्वीपहरूमा यसरी रत्नहरूको वर्षा भएको देखेर रत्नशिखी (बुद्ध) को शासनमा निर्वाण प्राप्त गरे ॥२५॥

म उही शाक्यमुनि तथागत नै सुसम्भव नामक राजा भएको थिएँ। जुन मैले त्यसै समयमा रत्नहरूले परिपूर्ण भएका चारै द्वीपहरू परित्याग गरेको थिएँ ॥२६॥

जसले यी सुसम्भव राजालाई त्यस मौकामा यो सूत्र प्रकाश गरे, ती धर्मोपदेशक भिक्षु रत्नोच्चय र ती तथागत अक्षोभ्य तथागत थिए ॥२७॥

त्यस समयमा मैले जुन यो सूत्र सुनें तथा एकाग्र वचनले यसलाई अनुमोदन गरें सुन्नु र अनुमोदन गर्नु, त्यही असल कर्मले गर्दा सुनका जस्तो वर्ण भएको, सयौँ पुण्य लक्षणहरूले युक्त भएको, सदा हेर्दै राम्रो लाग्ने, आनन्द दिने, मानिसलाई प्यारो र दर्शनीय भएको हजारौँ कोटियौँ देवताहरूलाई पनि प्यारो लाग्ने यस्तो शरीर मैले पाएँ ॥२८-२९॥

नौअधिक हजारौँ कोटीयौँ कल्पसम्म म (त्यही पुण्यका प्रभावले) चक्रवर्ती राजा भएँ। फेरि हजारौँ कोटियौँ अनेकौँ कल्पसम्म तीनै लोकको राज्य मैले अनुभव गरें ॥३०॥

त्यसै पुण्यका प्रभावले गर्दा म चिताउनै नसकिने कल्पसम्म शक्र भएँ, त्यति नै कल्पसम्म शान्त मन भएको ब्रह्मेन्द्र भएँ, मेरो अप्रमेय बल तेजयुक्त थियो, ती सबै कुरा बस्तै थिए भन्ने प्रमाण कहिल्यै पाउन सकिन्न (त्यस्को यति उति भन्ने-

प्रमाणै छैन ) ॥ ३१ ॥

त्यो धेरै ठूलो पुण्यराशिको उपलब्धिमा मैले यो सूत्र सुनेँ र अनुमोदन गरेँ यही नै प्रमाण छ। तथा मैले मेरो अभिप्रायअनुसार यो बोधि (ज्ञान) प्राप्त गरेँ, तथा त्यस्तो सद्धर्मले युक्त शरीर (तेजोमय शरीर) पनि पाएँ यस्मा (यिनै प्रमाण छन् )।

यो श्रीसुवर्णप्रभासोत्तमसूत्रेन्द्रराजको सुसंभव नाम गरेको चौधौँ परिवर्त समाप्त भयो।

१५

# यक्षाश्रय रक्षा परिवर्तः

हे श्रीमहादेवी ! श्रद्धा भएको कुनै कुलपुत्र वा कुलदुहिता अतीत अनागत र प्रत्युत्पन्न बुद्धहरूको महान् ठूलो गजबको सबै उपकरणहरूले सहित काइदासाथको पूजा गर्न चाहन्छन्, तिनै बुद्ध भगवानहरूको गंभीर बुद्धगोचर (बुद्धज्ञान) जान्न चाहन्छन् भने त्यस्ता तिनीहरूले निश्चय नै कुनै ठाउँमा, विहारमा वा जङ्गलमा भने पनि जहाँ सुवर्णप्रभाससूत्र विस्तारपूर्वक भनिन्छ त्यहाँ गएर एकाग्रचित्त गरी कत्ति नटुटाई यो सुवर्णप्रभासोत्तमसूत्रेन्द्रराज सुन्नुपर्छ ।

यसपछि भगवान्ले यसै अर्थलाई विस्तारपूर्वक प्रकाश पार्दै त्यसै वेला यी गाथाहरू भन्नुभयोः–

(बुद्धले) जसले बुद्धको राम्रोसँग पूजा गर्न चाहन्छ र सबै बुद्धहरूले जानेको कुरो जान्न चाहन्छ, त्यसले सारा देश, विहार, घर त्यस्तै जहाँ जहाँ उत्तम सुवर्णप्रभाससूत्र भनिएको हुन्छ (त्यहाँ त्यहाँ पुग्नुपर्छ) ॥१–२॥

अनन्त गुणसागर भएको, सबै प्राणीलाई दुःख सागरबाट छुटाउने, चिताउनै नसकिने यो सूत्र हो ॥३॥

आदि मध्य र अन्तयुक्त यस सूत्रलाई हेर्छु, यस अति गंभीर सूत्रको उपमा नै छैन ॥४॥

जस्तो गङ्गाको रज (बालुवा) सँग, धरणि, सागर र आकाशसँग पनि यसको कुनै उपमा नै छैन ॥५॥

जहाँ धर्मात्मक गंभीर स्तूप बनाइएको छ, त्यहाँ धर्मधातु पसिसकेपछि मात्रै पस्नुपर्छ ॥६॥

त्यो स्तूपको बीचमा रहेर राम्रो स्वरले यो सूत्र भन्ने जिन शाक्यमुनिलाई हेरोस् ॥७॥

कोटियौं कल्पसम्म असंख्य, दिव्य र मनुष्य जति प्राणी त्यहाँ रहन्छन्,

ती सबैले त्यति नै कल्पसम्म सुख अनुभव गर्छन् ॥८॥

जसले त्यहाँ यो उत्तम सूत्र सुन्छ, त्यसले नै उत्तम पुण्य आर्जित गरेँ भन्ने संझोस् ॥९॥

एकै पटक पनि यो सुत्रका लागि आगो भएको सय योजन हिँडेर त्यसबाट हुने वेदना सहेर पनि आओस् , ज्यादै ठूलो अग्निदाहको वेदना पनि सहोस् , यो सुत्रका लागि विहारमा पस्नेका पाप र खराव स्वप्नका सबै लक्षणहरू टाढा भागून् । ग्रह र नक्षत्रबाट हुने पीडा अनि कार्खोद आदि दारुण ग्रहहरूका पीडा पनि सबै अन्तै फर्कन्छन् ॥१०-१२॥

त्यहाँ नागराजले सपनामा देखे जस्तै कमलसदृश आसन बनाउनुपर्छ ॥१३॥

अनि त्यसै आसनमा बसेर यो सूत्र प्रकाश गरोस् , लेखोस्, भनोस् , र सबैतिरबाट प्राप्त गरोस् ॥१४॥

आसनबाट ओर्लेर जब अन्त जान्छ अनि त त्यस आसनमा गएका प्रतिहारीहरू देखिन्छन् ॥१५॥

अनि त्यस आसनमा कहिले धर्म भन्नेको रूप कहिले बुद्धको रूप, कहिले बोधिसत्वको रूप, कहिले समन्तभद्रहरूको, कहिले मञ्जुश्रीहरूको र कहिले मैत्रेयको रूप देखिन्छ ॥१६-१७॥

कहिले झल्को मात्रै लाग्छ त कहिले देवताकै दर्शन हुन्छ । यसो एकैछिन देखिन्छ र फेरि नदेखिने भइहाल्छ ॥१८॥

जतातते संसिद्धि गर्ने, राम्रै राम्रो गर्ने, मङ्गलै मङ्गल भएको र संग्राममा विजय दिने बुद्धको शासन छ ॥१९॥

सारा जंबुद्वीप यसै शासनले गर्दा कीर्तिमय हुनेछ । सुवर्णप्रभाससूत्र सुन्नेका सबै शत्रुहरू सधैँ जितिनेछन् ॥२०॥

शत्रु नभएको, सबै पापहरूले छोडिएको र सधैँ संग्राममा विजय पाउने धन पनि हुने त्यो (सुवर्णप्रभास सुन्ने प्राणी) सदा अत्यन्त खुशी भएको हुन्छ ॥२१॥

ब्रह्मेन्द्र त्रिदशेन्द्र र लोकपालहरू, वज्रपाणि यक्षेन्द्र, संज्ञेय, अनवतप्त, नागेन्द्र, सागर, किन्नरेन्द्र, सुरेन्द्र र गरुडेन्द्रहरू, यी सबै प्रमुख देवताहरूले नित्य श्रेष्ठ धर्मस्तूपको पूजा गर्नेछन, त्यहाँ गौरवयुक्त प्राणीहरू देखेर हर्षित हुनेछन् । ती सबै उत्तम देवताहरू यस्तो सोच्नेछन् र आपसमा यस्तो कुराकानी गर्नेछन् ॥२२-२५॥

ए ! हेर्नु होस् त कुशलमूल रोपेका मानिसहरू तेज, श्री, पुण्य जम्मा

गरेर यहाँ आएका छन् ॥२६॥

अचिन्त्य प्रसाद भएको यस धर्मस्तूपमा गौरवपूर्वक यिनीहरू यो गम्भीर सूत्र सुन्नका लागि आएका हुन् ॥२७॥

लोकमा सबै प्राणीहरूको हित गर्ने यी कारुणिकहरू गम्भीर धर्मको रस भोजन गर्दछन् ॥२८॥

यिनीहरू धर्मधातु (स्तूपमा) पसेपछि पस्छन् । अनि यिनीहरू यो सूत्र सुन्छन् र अरूहरूलाई पनि सुनाउँछन् ॥२९॥

पहिले यिनीहरूले हजारौँ बुद्धहरूलाई पूजा गरेका थिए । त्यही कुशल-मूलले गर्दा यिनीहरू यो सूत्र सुन्छन् पनि ॥३०॥

देवराजहरू, सरस्वती, श्री, वैश्रवण, चार महाधिपहरू र ऐश्वर्यवान् बलिया सयौँ हजारौँ यक्षहरूले दिनरात चंख भएर तिनीहरूको रक्षा गर्नेछन् ॥३१-३२॥

महाबली यक्षेन्द्रहरूले, नारायण र महेश्वरले, अट्ठाईस संज्ञेय प्रमुखले र उनै ऐश्वर्यवान् बलिया सयौँ हजारौँ यक्षहरूले अत्याव र डर आइपरेको वेला रक्षा गर्नेछन् ॥३३-३४॥

बज्रपाणि यक्षेन्द्र, पाँच सय यक्ष, सबै बोधिसत्वहरू, मणिभद्र यक्षेन्द्र, पूर्णभद्र कुम्भीर अटावक र भहाबली ङ्गल, यी यक्षेन्द्रहरूले एक एक गरेर र पाँच सय यक्षहरूले नै घेरिएर (घेरा दिएर) यो सूत्र सुन्नेको रक्षा गर्नेछन् ॥३५-३७॥

चित्रसेन गन्धर्व, जिनराज, जिनर्षभ, मणिकण्ठ, नीलकण्ठ, वर्षाधिपति, ठूलो महाग्रास, महाकाल, स्वर्णकेशी, पाञ्चिक, छगलगद, महाभाग, प्रणाली-महापाल, मर्कट, बाली, सूचिरोम, सूर्यमित्र, रत्नकेश, महाप्रणाली, नकुल, काम श्रेष्ठ, चन्दन, नागायन, हिमपर्वत, (हिमाल) सातागिरि, ऋद्धिमान् , बलिया र ज्यादै पराक्रमी यी सबैले यो सूत्र मनपराउनेको रक्षा गर्नेछन् ॥३८-४२॥

अनवतप्त नागेन्द्र, सागर, मुचुलिन्द, एलापत्र, नन्द, उपनन्द र ठूला ऐश्वर्यशाली सयौँ हजारौँ नागहरूले पनि ठूलो डर आइपरेमा तिनिहरूको रक्षा गर्नेछन् ॥४३-४४॥

बली, राहु, नमुचि, वेमचित्र, संवर, प्रल्हाद, खर, स्कन्ध र अरू असुराधिपहरूले, र ऐश्वर्यशाली बलवान् सयौँ हजारौँ असुरहरूले उत्पातयुक्त ठूलो डरबाट तिनिहरूको रक्षा गर्नेछन् ॥४५-४६॥

सप्तमातृमा रहेका हारीति, भूतमाता र यिनका पाँच सय छोराहरूले तिनीहरूको रक्षा गर्नेछन् ॥४७॥ च,

चण्डा, चण्डालिका, यक्षिणी, चण्डिका, दन्ती, कूटदन्ती सर्वसत्वौ-जहारिणी यी सात ऐश्वर्यशाली ठूलो बल पराक्रम भएका आमाहरू चारै दिशामा रहेर तिनीहरूको रक्षा गर्नेछन् ॥४८-४९॥

सरस्वती र अरू चिताउने नसकिने प्रमुख देवताहरूले, श्री आदि गरिएका सबै देवताहरूले, पृथिवीदेवता, फल र शस्यका अधिदेवता, वगैंचा, वृक्ष र चैत्यमा रहने देवताहरू, नदी देवता ती सबै देवताका संघहरूले ज्यादै खुशी भएर यस सूत्रलाई प्यारो गर्नेको रक्षा गर्नेछन् , आयु, वर्ण र बलयुक्त भएका बनाइ-दिनेछन् तथा सदा पुण्य, तेज र लक्ष्मीले अलंकार गरिएका पनि हुनेछन् ॥५०-५३॥

ग्रह र नक्षत्रवाट हुने सबै पीडा समन गर्छन्, गरीबी, पाप र दुःस्वप्न-लाई पनि हटाउँछन् ॥५४॥

सुवर्णप्रभास उत्तमसूत्रेन्द्रका रसले तृप्त भएकी पृथिवीदेवता गंभीर र अत्यन्त बलवती हुनेछन् ॥५५॥

अठसट्ठी हजार योजनसम्मको वज्रतलस्थानसम्म पृथिवीको रस बढ्छ ॥५६॥

यो सूत्र श्रवण गरेका बलले पूरा सय योजनसम्म (त्यो रस पुगेर) त्यहाँभन्दा अगाड़िबाट फर्कनेछ, पृथिवीको माथिल्लो भाग स्नेहपूर्ण हुनेछ ॥५७॥

सुवर्णप्रभाससूत्रको श्रवणरूपी रसले सन्तुष्ट भएका दशै दिशामा व्यवस्था गरेर राखिएका सबै देवताहरू पनि धन बल वीर्य भएका, तेजशाली, अनेक रसले युक्त, सुखले आनन्दमानेका हुन्छन् ॥५८-५९॥

यही सूत्र प्रकाश गर्नाले नै जम्बुद्वीपमा जनाततै फल, धान र वन रूपदेवताहरू हर्षित हुन्छन् ॥६०॥

धान, झार, विभिन्न किसिमका फूल, विभिन्न फलका रूखहरू चारैतिर उम्रन्छन् ॥६१॥

सबै फल भएका रूखहरू वन, बगैंचाहरू पनि आनन्ददायक गन्ध दिने फूल भएका हुन्छन् ॥६२॥

सबै तृण र वनस्पतिहरू विचित्र फल र विचित्र फूलका साथ पृथिवीमा उम्रन्छन् ॥६३॥

खूब हर्षित चित्त भएका यक्षिनीहरूमा यताउति यदै जम्बुद्वीपभरी उत्तम अचिन्त्य नागकन्याहरू आनन्दित भएर तलाउमा जान्छन् ॥६४॥

तलाउहरूमा विचित्रका पद्म, कुमुद, उत्पल, पुण्डरीक (सेतो कमल)हरू उम्रन्छन् ॥६५॥

आकाश तुँवालो नभएको हुन्छ। दिशाहरू अन्धकारबाट छुटकारा पाएका अर्थात् उज्याला हुन्छन् ॥६६॥

सूर्य हजारौँ किरणहरू र रश्मिजालका साथ उज्यालो गंभीर बोकेर खुशीसाथ उदाउँछन् ॥६७॥

जम्बूनदसुनको विमानमा बसेका सूर्य, इन्द्र र अरू देवपुत्रहरू सुवर्ण-प्रभास सूत्रले तृप्त भएर हर्षसाथ जम्बुद्वीपमा आउँछन् र असंख्य किरणले चारैतिर उज्यालो पार्छन् ॥६८-६९॥

उज्यालो भएर रश्मिजालको प्रकाश पाउनेबित्तिकै अनेक पद्मिनीले ढाकिएका तलाउहरूमा कमलहरू फुल्नेछन् ॥७०॥

त्यस प्रकाशले जम्बुद्वीपमा विभिन्न किसिमका धान, फल र औषधीहरू पकाउँछन् र पृथिवीलाई न्यानु दिन्छन् ॥७१॥

विशेष गरेर चन्द्रमा र सूर्य प्रकामान हुन्छन्। नक्षत्रहरू अनुकूल हुन्छन्। हावा र वर्षा पनि अनुकूल नै हुन्छन् ॥७२॥

जम्बूद्वीपको जतातत्तै र विशेष गरेर सुवर्णप्रभाससूत्र प्रकाश गरेको देशमा सहकाल हुन्छ ॥७३॥

यो श्रीसुर्णप्रभासोत्तमसूत्रेन्द्र राजमा
यक्षाश्रय रक्षा परिवर्त नामको पन्ध्रौँ
परिवर्त समाप्त भयो

१६

# दशदेवपुत्रसहस्र व्याकरण परिवर्त

यस्तो भनेपछि बोधिसत्व समुच्चया कुलदेवताले भगवान्लाई भने– हे भदन्त भगवन्! कुन हेतु र कुन कारणले होला कुशलमूल रोपेका उतप्त वीर्य (अतीत बुद्ध) हरूले गर्दा ज्वलनान्तर तेजोराज आदि गरिएका यी दश हजार देवपुत्रहरू तेत्तीस देवभवनबाट तपाइँको नजीकमा धर्म सुन्नका लागि आउँछन् ?॥

यिनै तीन सत्पुरुषहरूको बोधिसत्व व्याकरण सुनेर बोधि (बुद्धज्ञान) मा चित्त लगाउँछन्। जस्तो-रुचिरकेतु सत्पुरुषले पछि आउने समयमा (मार्गमा) गणना नाघेका अनेक असंख्य शतसहस्र नियुतकोटी कल्प वितेपछि सुवर्णप्रभासित नामक लोकधातुमा अनुत्तरा सम्यक्-सम्बोधि प्राप्त गर्नेछन् (बताउने छन्)। अनि पूज्य 'सम्यक् बुद्ध, विद्याचारले युक्त, सुगत, लोक बुझेका, उत्तम, पुरुषदम्य सारथि देवता र मनुष्यका शासक, सुवर्णरत्नाकरच्छत्रकूट नामका तथागत अर्हत सम्यक्-संबुद्ध बुद्ध भगवान् संसारमा उत्पन्न हुनेछन्। जब ती भगवान् सुवर्णरत्नाकरच्छत्रकूट तथागत अर्हत सम्यक् संबुद्धको परिनिर्वाण भई यो सद्धर्म जम्माजम्मी सधैं सबै अन्तर्धान होला, अनि त्यो शासन समाप्त भएपछि यी रूप्यकेतु नामका बुद्धपुत्र हुनेछन्। यी तथागतको रेखदेखमा त्यहाँ भएको विरजध्वज लोकधातुमा सुवर्णध्वजकाञ्चनाभ नामका पूज्य र सम्यक् संबुद्ध तथागत संसारमा उत्पन्न हुनेछन्। ती सुवर्णध्वजकाञ्चनावभास तथागत अर्हत सम्यक् संबुद्धको निर्वाण भएपछि सँधैका लागि सबै जम्माजम्मी तिनको शासन अन्तर्हित भएपछि रुप्यप्रभ नामका बुद्धपुत्र हुनेछन्। यिनै तथागतको रेखदेखमा त्यही विरजध्वज लोकधातुमा श्रेष्ठ सम्यक् संबोधि (बुद्धज्ञान) भाननेछ। अनि पूज्य, सम्यक् संबुद्ध, विद्याचरणसंपन्न, सुगत, लोकविद् श्रेष्ठ, पुरुषदम्यसारथि, देव र मनुष्यका शास्ता, सुवर्णशतरश्मिप्रभासगर्भ नामका तथागत बुद्ध लोकमा उत्पन्न हुनेछन्। ती सबै भगवान्ले यस्ता प्रकारबाट सम्यक् संबोधिको व्याख्या गरे।

हे भदन्त भगवन् ! ज्वलनान्तर तेजोराज आदि गरिएका दश हजार देवपुत्रहरूको पालाभन्दा पहिल्यै यस्तो ठूलो बोधिसत्वचर्या भएको थिएन् , न त छ पारमिताहरू सुन्ने र आचरण गर्ने नै भए भन्ने सुनियो, न आँखा, पाउ, शिर जस्ता प्यारा छोरा, भार्या, छोरीलाई छोड्ने नै सुनिन्थे। न धन, धान, हिरण्य, सुन, माणि, मोती वज्र, वैदूर्य, शङ्ख, शिला, प्रवाल, चाँदी, रजत, मरकत, रत्नहरू छोड्ने सुनिन्थे, न अनेक अन्न, पान, वस्त्र, यान, शयन, आसन, भवन, विमान, उपवन, पोखरी, तलाउ छोड्ने सुनिन्थे, न हात्ती, गाई, घोडा घोडी, दासदासीहरू छोड्ने सुनिन्थे। यी असंख्य शतसहस्र नियुतकोटी बोधिसत्वहरूले तथा पहिलेका असंख्य शतसहस्र नियुतकोटी कल्पसम्म अनेक असंख्य शत-सहस्र नियुतकोटी तथागतहरूले अचिन्त्य चित्र विचित्र पूजाका सयौँ हजारौँ सबै उपकरण (सामग्री) हरूले पूजा गर्नेछन्। सबै रत्नहरू छोड्नेछन्। हात, खुट्टा, आँखा र टाउकाका अरू अङ्गहरूबाट हुने आकर्षणयुक्त छोरा, स्वास्नी, छोरी छोड्नेछन्। धन, धान, सुन, मणि, मोती, वैदूर्य, शङ्ख, शिला, प्रवाल, रजत, जातरूप छोडनेछन्। अन्न, पान, वस्त्र, शयन, आसन, भवन, विमान, उपवन, पोखरी, तलाउ, हात्ती, गाई, घोड़ा, घोडी, दासदासीहरू छोडनेछन्। क्रमैले छ पारमिताहरू पूरा गर्नेछन् र सयौँ हजारौँ ठूला सुख अनुभव गर्नेछन्। जहाँसम्म तथागत भगवान् बुद्धबाट व्याकरण पाउनेछन् त्यहाँसम्म यस्तो गर्नेछन्।

हे भदन्त भगवन् ! त्यस्तो हो भने कुन हेतु र कुन कारणले कस्तो बुद्धज्ञान प्राप्तिले ती ज्वलनान्तर तेजोराज प्रमुख दश हजार देवपुत्रहरू यहाँ भगवानको समीपमा धर्म श्रवण गर्नका लागि आइपुग्छन् ? तिनिहरूले यस-प्रकार भगवानको अनुत्तर सम्यक् संबोधिको व्याख्या गरे। यिनीहरूले नै पछि आउने असंख्य शतसहस्र नियुतकोटी कल्प बितिसकेपछि त्यही शालेन्द्रध्वजाग्रवती लोकधातुमा एउटै कुलगोत्र र नाम भएका बनेर अनुत्तर सम्यक् संबोधि प्रवचन गर्नेछन्। आन विद्याचरणसंपन्न, सुगत, लोकविद् अनुत्तर, पुरुषदम्यसारथि देवता र मनुष्यका शास्ता,प्रसन्नवदनोत्पलगन्धकूट नामक दश हजार बुद्ध भगवान-हरू संसारका दशै दिशामा उत्पन्न हुनेछन्। किन हो भगवन् ! कस्तो कुशलमूल रोपेकाले गर्दा ती ज्वलनान्तरतेजोराजप्रमुख दश हजार देवपुत्रहरू भगवानको नजीकमा धर्म सुन्नका लागि आउँछन् ?

यति भनिसकेपछि बुद्धले बोधिसत्व समुच्चया कुलदेवतालाई भन्नुभयो-हे कुलदेवता ! यसमा हेतुपूर्वकको कारण छ-कुशलमूल रोप्नाले नै यी ज्वलनान्तर तेजोराज आदि गरिएका यी दश हजार देवपुत्रहरू तेत्तीस देवभवनबाट धर्म सुन्नका

लागि यहाँ आउँछन्। यी तीन पुण्यहरूको यो बोधिव्याकरण सुन्नेबित्तिकै सुवर्णप्रभाससूत्रेन्द्रराजको नजीकमा रहेका तिनले विचित्र आनन्द अनुभव गर्छन्। अनि निर्मल वैदूर्यमणि जस्ता गंभीर र परिशुद्ध चित्त भएका हुन्छन्। अपरिमित पुण्यराशिहरू पाउँछन्। हे चैत्यदेवते! त्यसपछि ज्वलनान्तर तेजोराज प्रमुख दश हजार देवपुत्रहरू यो सूत्रेन्द्रराजका समीपमा (रहेर) यसको श्रवण गर्नाले चित्रीकार प्रसाद प्राप्त गरेका हुन्छन्। जब व्याख्या गरिने भूमिमा पुग्छन् अनि निर्मल वैदूर्यमणि सदृश परिशुद्ध भएका चित्तले युक्त भएका हुन्छन्। हे कुलदेवता! यो धर्मश्रवणरूप ज्ञानको सञ्चयबाट पनि पूर्णप्रणिधानवश यी ज्वलनान्तर तेजोराजप्रमुख गरिएका दश हजार देवपुत्रहरू यही अनुत्तरा सम्यक् संबोधिमा व्याख्या गरिन्छन्। हे कुलदेवता! पूर्व प्रणिधानहरू त के हुन् र?

यो सुवर्णप्रभासोत्तमसूत्रेन्द्रराजमा दश देवपुत्र सहस्रव्याकरण नामक सोह्रौँ परिवर्त समाप्त भयो।

१७

# व्याधि प्रशमन परिवर्त

हे कुलदेवता ! पहिल्यै भएर बितेको अत्यन्त असंख्य विपुल अचिन्त्य अप्रमेय यस्तो जो समय थियो त्यही काल र त्यसै समयमा विद्याचरणसम्पन्न, सुगत, लोकविद्, श्रेष्ठ, पुरुषदम्यसारथि देवता र मनुष्यका शास्ता रत्नशिखी नामका अर्हत सम्यक्-संबुद्ध बुद्ध भगवान् तथागत थिए। हे कुलदेवता ! फेरि त्यही काल र समयमा उनै भगवान् रत्नशिखी तथागत अर्हत सम्यक् संबुद्ध परिनिर्वाण भएपछि उनको सद्धर्म पनि लोप भएपछि उनैका धर्मको प्रतिनिधित्वको प्रतिष्ठानका लागि सुरेश्वरप्रभ नाम गरेका राजा भए। धार्मिक र धर्मराज यिनले धर्मपूर्वक राज्य पालना गरे। यिनी सबै देशवासीका धर्मका बाबुआमा जस्ता थिए।

हे कुलदेवता ! फेरि त्यही काल र त्यसै समयमा ती राजा सुरेश्वर-प्रभका देशमा जटिंधर नामका श्रेष्ठी थिए।

यी श्रेष्ठी आयुर्वेदशास्त्रका आठै अङ्ग जानेका सिपालु चिकित्सक थिए। फेरि त्यही काल र त्यसै समयमा तो जटिंधर श्रेष्ठीको जलबाहन नामको छोरो जन्म्यो। ती छोरा राम्रा हिस्सी परेका, हेरिरहुँ जस्ता, अत्यन्त राम्रो वर्ण भएका, विभिन्न शास्त्रमा कुशल, सबै शास्त्रमा गति भएका, लेख्न र हिसाब गर्न जान्ने र सबै थोकका शिल्पी थिए। हे कुलदेवता ! फेरि त्यसै वेला र त्यसै समयमा ती सुरेश्वर राजाको देशमा सयौँ हजारौँ अनेकौँ मानिसहरू रोग लागेका भए। तिनीहरूले अनेकौँ रोगले पीडा गर्नाले तीव्र कडा, रुखा र दुःखदायी वेदना अनुभव गर्न थाले।

हे कुलदेवता ! फेरि त्यही काल र त्यसै समयमा ती श्रेष्ठीपुत्र जल-बाहनको मनमा अनेक रोग लागेका, व्याधिहरूले परिपीडित भएका अनेकौँ सयौँ हजारौँ ती प्राणीहरूलाई देखेर तिनीहरूका निमित्त ज्यादै करुणा उठ्यो

र विचार गरे–"यी सयौँ हजारौँ प्राणीहरू अनेकौँ रोग लागेर तीव्र खरो कटु वेदनाको अनुभव गरिरहेछन्, मेरा पिता आयुर्वेदका आठैअङ्गमा कुशल र औषधि गर्न जान्ने चिकित्सक जटिंधर श्रेष्ठी बूढो, जीर्णा, महल्लक मार्गमा पुगी जीर्णावस्थामा प्राप्त भइसक्नु भएको छ। कमजोर हुनुहुन्छ। जीर्ण शरीर हुनाले काम्दै लौरी लिएर पनि गाउँ, शहर निगम, राष्ट्र राजनाधी जतातते घुम्नुहुन्छ। अब यी सयौँ हजारौँ प्राणीहरूलाई अनेकौँ रोगबाट छुटाउनका लागि निश्चय नै म आफैँ बाबा जटिंधरसँग गएर रोग सञ्चो हुने कुरो सोध्छु। जुन कुरो जानेपछि म सबै गाउँ, नगर, निगम, जनपद, राष्ट्र, राजधानी जतातते डुल्नेछु र सबै मानिसहरूलाई रोग र व्याधिबाट छुटाउनेछु।

हे कुलदेवता! फेरि त्यही काल र त्यसै समयमा श्रेष्ठीपुत्र जलवाहन आफ्ना बाबु जटिंधर भएको ठाउँमा गए। बाबुलाई पाउमा शिरले दण्डवत् गरी हात जोरेर एकान्तमा गएर बसे। यसरी एकान्तमा बसेका जलवाहन श्रेष्ठीपुत्रले आफना बाबु जटिंधरसँग यी गाथाहरूले वैद्यशास्त्र (धातुको शल्य) सोधे।

इन्द्रियहरू उस्तै देखिन्छन्, धातुहरू मने परिवर्तित भइरहन्छन्।
कुन वेला शरीरधारीहरूलाई रोग लाग्छ? ॥१॥

वेलाअनुसारको कस्तो भोजन खाएर हित गर्ने हुन्छ र के गर्नाले शरीरभित्रको आगो पत्थर हुन्छ? ॥२॥

कफ, वात र पित्तको कसरी औषधि गर्नुपर्छ, सन्निपात भए कसरी रोग शान्त गर्नुपर्छ? ॥३॥

मानिसहरूलाई पीडा दिने खालका कफ, वात र पित्त कुन कुन वेलामा क्रुद्ध हुन्छन्? ॥४॥

अनि जटिंधर श्रेष्ठिले आफना छोरा जलवाहनलाई (वैद्यशास्त्र) जान्न चाहेको देखेर यी गाथाहरूले धातुकौशल्य उपदेश गर्न लागे। वर्षा, शरद, हेमन्त र ग्रीष्मका तीन तीन महीना हुन्छन् ॥५॥

महीनाको क्रम यही हो। ऋतुहरू मने छओटा हुन्छन्। बाह्र महीनाको एक वर्ष हुन्छ। वैद्यहरूले भनेमुताविक गरे खानपिन पाक हुन्छ ॥६॥

त्यो खानपिन पनि वर्ष र पर्वको बीचमा परिवर्तन गर्नुपर्छ, जुन वेला इन्द्रियहरू र धातु पनि परिवर्तन भइराखेका हुन्छन्। इन्द्रियहरू परिवर्तन हुँदा प्राणीहरूलाई विचित्र रोगहरू लाग्छन् ॥७॥

यसैले छ ऋतु र तीन महीनापछिका चार किसिमका पर्वको बीचमा प्रयोग गर्नुपर्ने छओटा धातुकौशल्य, भोजन र औषधि जान्नुपर्छ ॥८॥

वर्षामा वायुले प्रभाव पार्छ, शरत्मा पित्तको प्रकोप हुन्छ, हेमन्तमा सन्निपात र ग्रीष्ममा कफको प्रकोप हुन्छ ॥९॥

वर्षामा तातो, चिल्लो, नुनिलो र अमिलो, शरत्मा चिल्लो, गुलियो र चिसो, हेमन्तमा गुलियो, अमिलो र चिल्लो, ग्रीष्ममा रूखो, तीतो र पीरो खानेबित्तिकै कफको प्रकोप बढ्छ; पचेपछि पित्तको प्रकोप हुन्छ र केही समय बितेपछि खाएको वस्तु पच्ने अवस्थामा वायुको प्रकोप हुन्छ। तीन धातुको प्रकोप हुने यसै भएर हो ॥१०-११॥

आँत बिग्रिसकेकोलाई त्यसलाई बलियो हुने उपाय गर्नु, विरेचन र पित्त बढाउने उपाय गर्नु। तीन गुणबाट हुने रोगमा र सन्निपातमा बीच बीचमा कफाधिक्यलाई शमन पार्नु, पित्तसम्बन्धीबाट भएको सन्निपातमा वायुको वृद्धि गर्नु र कफ ज्यादा हुने भएकोले कफ गिराउने कुरा जान्नुपर्छ; अर्थात् जुन कालमा जुन धातु जेमा आश्रय गरेर रहेको हुन्छ तदनुसार खानपिन र औषधिको उपदेश दिंदै यथार्थ देखाइदिनुपर्दछ ॥१२-१३॥

यसपछि जलवाहन श्रेष्ठिपुत्रले यस्ता प्रकारले निमित्त र धातुकौशल्यबाट सोधे र आठ प्रकारका अङ्ग भएको वैद्यशास्त्र जाने। हे कुलदेवता! फेरि त्यही काल र त्यसै समयमा ती जलवाहन श्रेष्ठिपुत्रले राजा सुरेश्वरका देशको संपूर्ण गाउँ, नगर, निगम, जनपद, राष्ट्र र राजधानीहरूमा डुलेर हजारौँ अनेकौँ व्याधिले र रोगले गर्दा दुःख पाएका प्राणीहरूलाई "न भ्रान्तिनुहोस्, म वैद्य हुँ, म वैद्य हुँ, तपाईँहरूलाई रोगबाट छुटकारा दिलाउँछु भन्ने मैले प्रतिज्ञा गरेको छु" भनी आश्वासन दिए। तिनको कुरा सुनेपछि त हेर्नुहोस्, हे कुलदेवता! ती सबै मानिसहरू अत्यन्त खुशी भए। आश्वासन पाएर पछि त चिताउनै नसकिने ज्यादै आनन्दित मन भएका हुन गए। त्यही काल र त्यसै समयमा त्यही हर्षले नै रोग र व्याधि लागेका ती सतसहस्र नियुतकोटी प्राणीहरू अनेकौँ रोग र व्याधिबाट निको भए, आरोग्य प्राप्त गरेर रोग कत्ति नभएका र पहिलेकै जस्तै तेज बल वीर्ययुक्त हट्टाकट्टा भए।

फेरि हे कुलदेवता! त्यही काल र त्यही समयमा ती अनेकौँ शतसहस्र नियुतकोटी प्राणीहरूमध्ये कुनै अनेकौँ रोग लागेका, हरेक व्याधिबाट पीडित तथा ती रोग र व्याधिबाट असाध्य (साध्य, कष्टसाध्य र असाध्य रोगका यी तीन अवस्था हुन्छन्) को अवस्थामा पुगिसकेका थिए, त्यस्ता प्राणीहरू जहाँ जहाँ

थिए, त्यहाँ त्यहाँ ती जलवाहन श्रेष्ठिपुत्र पुगे । अनि ती जलवाहन श्रेष्ठिपुत्रले अनेकौँ रोग लागेका, अनेकौँ व्याधिले परिपीडित भएका शतसहस्र नियुतकोटी संख्याका त्यहाँ जो जति प्राणीहरू थिए ती सबैलाई औषधिका विधानहरूको निर्देशन गरे । यसरी त्यहाँको त्यो राजधानी (राष्ट्र) मा रहेका, अनेक रोग लागेका अनेकौँ व्याधिले परिपीडित भएका ती शतसहस्र नियुतकोटी प्राणीहरू ती श्रेष्ठिपुत्र जलवाहनले अनेकौँ रोग र व्याधिबाट निको पारिए अर्थात् सबै प्राणीहरू रोगबाट छुटकारा पाएका भए ।

यो श्रीसुवर्णप्रभासोत्तमसूत्रेन्द्रराजमा व्याधिशमन नामको सत्रौँ परिवर्त समाप्त भयो ।

१८

# जलवाहनको मत्स्यवैनेय परिवर्त

हे कुलदेवता ! फेरि अर्को कुरो ( सुन्नुहोस् )– सुरेश्वर राजाको देशमा जलवाहन श्रेष्ठिपुत्रले सबै प्राणीहरू रोग नभएका र थोरै बाधा भएका बनाइए, जसले गर्दा शरीरमा अपूर्व बल उत्साह लिएर त्यस देशका ती सबै प्राणीहरू रमाए, खेले र डुले । दानहरू दिए, पुण्यहरू गरे । ठूला ठूला वैद्यहरूले दिइने सुख प्रदान गर्ने, रोग ( संसाररूपी रोग ) को नियतिअनुसार प्रत्यक्षरूपले चिकित्सा गर्ने अर्थात् रोगको किटान गरेर औषधि गर्ने ती जलवाहन श्रेष्ठिपुत्र उनै बोधिसत्व थिए । उनी आयुर्वेदका आठै अङ्गका ज्ञाता थिए । फेरि ती जलवाहन श्रेष्ठिपुत्रकी जलाम्बुज गर्भा नामकी भार्या (पत्नी) थिइन् । हे कुलदेवता ! फेरि ती जलाम्बुज गर्भाका जलाम्बर र जलगर्भ नामका दुईवटा छोरा थिए ।

यसपछि हे कुलदेवता ! फेरि ती जलवाहन श्रेष्ठिपुत्र तिनै दुइटा छोराका साथ क्रमशः गाउँ, नगर, निगम, जनपद, राष्ट्र, राजधानीहरूमा डुले ।

हे कुलदेवता ! फेरि त्यसै वेला त्यसै समयमा कुनै जंगलमा पुगेका ती जलवाहन श्रेष्ठिपुत्रले एक वनबाट अर्को वनमा जाँदा बाटामा मासु खाने ब्वाँसा, स्याल, कागहरू जङ्गलको बोचमा रहेको अटवीसंभवा पोखरीतिर गइरहेको देखे ।त्यो देखेर "यी मांसभक्षी ब्वाँसा, स्याल, कागहरू यतातिर किन दौडन्छन् ? भन्ने विचार उठ्यो । उनलाई यस्तो लाग्यो के भने– "जुन दिशातर्फ यी मांसभक्षी ब्वाँसा, स्याल र काग गइरहेका छन् म पनि त्यसै दिशातर्फ जान्छु उनले यस्तो निश्चय गरे ।

हे कुलदेवता ! अनि ती जलवाहन श्रेष्ठिपुत्र विचार गर्दै क्रमशः हिँड्दै गरेर अटवीसंभवा नामक पोखरी भएको ठाउँमा पुगे । त्यो ठूलो पोखरीमा दश हजार माछाहरू बस्थे । त्यहाँ धेरै सयौँ माछाहरूले पानी नपाएको देखेर तिनका मनमा दया उठ्यो ।– त्यहाँ तिनले देवताको आधा शरीर मात्र निस्केको

पनि देखे । ती देवताले ती जलवाहन श्रेष्ठिपुत्रलाई भने– हे कुलपुत्र ! तिमीलाई धन्यवाद छ, धन्यवाद छ,हे जलवाहन ! तिमी माछाहरूलाई पानी देऊ ।जलवाहन गर्ने (पानी बोकेर ल्याउने) लाई र जलवाहन भन्ने नाम भएकालाई जलवाहन भनिन्छ । जलवाहन शब्दका कसरी दुई अर्थ छन् । आफ्नै नामअनुसारको काम गर, । जलवाहनले कति माछा छन् देवता ? भनेर सोधे । देवताले पूरै दश हजार छन् भने ।

अनि त हेर कुलदेवता! जलवाहन श्रेष्ठि दारकको चित्तमा ज्यादै ठूलो करुणा उत्पन्न भयो । हे कुलदेवता ! त्यो समय र त्यो वेला अटवीसंभवा पोखरीमा केही मात्रै पानी बाँकी थियो । पानो नपाउनाले मृत्युको मुखमा पस्न आँटेका ती माछाहरू यताउता उफ्रन्थे, छट्पटाउँथे । हे कुलदेवता ! यसपछि जलवाहन श्रेष्ठिपुत्र यताउता चारै दिशातिर घुमे, तर उनी जता जता जान्थे त्यतै त्यतैतिर ती दश हजार माछाहरूले पनि टोठ लाग्दो गरेर हेर्थे ।

यसपछि हे कुलदेवता ! ती जलवाहन श्रेष्ठी पुत्र पानी खोज्दै चारै दिशातिर डुले तर त्यहाँ कतै पनि पानी पाएनन् । चारै दिशातिर हेर्दाखेरि केही नजीकै रूखहरू फेलापरे । तिनै रूखका हाँगा भाँची ती हाँगाहरू लिएर त्यो पोखरीमा गई ती दश हजार माछाहरूलाई शीतल बनाए ।

हे कुलदेवता ! यसपछि ती श्रेष्ठिपुत्रले त्यो पोखरीमा कतातिरबाट पानी ल्याउन सकिएला भनी खोजे । चारै दिशातिर धुइँपत्ताल लगाउँदा पनि पानी पाइएन । तिनो चाँ-चाँड़ो मुहान खोज्दै त्यो पोखरीमा पानी आउने जलागमा महानदीतिर गए । हे कुलदेवता ! त्यस वेला ती दश हजार माछा मार्नाका लागि कुनै पापीले फेरि पानी लैजानै नसकिने गरी नदेखिने सान्है अप्ठेरो ठाउँबाट त्यस नदीलाई ठूलो भीरतिर खसालिदिएको रहेछ । यसो भएर त्यस तलाउमा प्रशस्त पानी हुँदोरहेनछ । "लौ यो त हजार जनाले पनि पहिल्यैको ठाउँतिर बगाउन नसकिने पो रहेछ, म एक जनाको त कुरै भएन भन्ने सोचेर उनी फर्के ।

हे कुलदेवता ! त्यसपछि ती जलवाहन श्रेष्ठिपुत्र चाँ-चाँड़ो सुरेश्वरप्रभ राजा भएको ठाउँमा गए । राजा सुरेश्वरप्रभ भएको ठाउँमा पुगी उनका पाउमा शिरले नमस्कार गरी एक ठाउँमा बसे । अनि राजालाई यसो भने– "मैले तपाईँका देशका गाउँ, नगर, निगम, जनपद, राष्ट्र र राजधानीका सबै मानिसहरूको रोग निको पारेँ । यहाँ नजीकै अटवीसंभवा नामको पोखरी छ । त्यहाँ दश हजार माछा बस्छन् , तर ती पानी नपाएका र घामले सताइएका छन् । त्यसै कारणले मलाई बीस ओटा हाती दिनुहोस् । म ती तिर्यक् योनिमा

जन्म भएकाहरूलाई जीवन दिन्छु । राजा सुरेश्वरप्रभले आफ्ना मन्त्रीहरूलाई "महावैद्यराजलाई बीस हात्ती" दिनु भने । मन्त्रीहरूले "आउनुहोस , महासत्व हात्तीशालामा भएका बीस हात्तीहरू लैजानुहोस् र ती प्राणीहरूलाई सुखी बनाउनुहोस्" भने ।

हे कुलदेवता ! अनि जलवाहन आफ्ना छोरा जलाम्बर र जलगर्भका साथ बीस हात्ती र नागशौण्डसँगबाट सयौँ छालाका थैलाहरू लिएर जलाग महानदी बगेको ठाउँमा फर्के । त्यहाँ पुगेपछि ती थैलामा पानी भरेर हात्तीमा चढाई चाँ-चाँडो अटवीसभवा पोखरीतिर हिँड़े । त्यहाँ पुगेर हात्तीको पिठ्यूँ-बाट त्यो पानी ओह्रालेर पोखरीको चारैतिर पानी भरीभराउ बनाएपछि यता उता हिंड्न थाले । त्यहाँ जता जता जलवाहन जान्थे त्यतै त्यतै ती दश हजार माछा पनि पछिलाग्थे ।

हे कुलदेवता ! जलवाहनले "किन होला यी दश हजार माछाहरू म जता गयो त्यतै जान्छन्" भन्ने विचार गरे । निश्चय नै यी माछाहरू भोकरूपी अग्निले पीडित भएकाले मबाट खानेकुरा चाहन्छन् भन्ने विचार पनि तिनलाई सुझ्यो । मैले यिनीहरूलाई अवश्य पनि खानेकुरा दिनुपर्छ भन्ने ठाने ।

हे कुलदेवता ! अनि जलवाहनले छोरा जलाम्बरलाई सबैभन्दा बलियो हात्तीमा चढ़ेर चाँ-चाँडो आफ्नू घरमा गई पितामह (बाजे) श्रेष्ठीसँग "बाबा जलवाहनले घरमा आमा, बा, भाइ, बहिनी, कामदार र दासदासीहरूलाई बनाएको खानेकुरा एकै ठाउँमा पोको पारी आफू (जलाम्बर) ले चढ़ेको हात्ती-माथि राखेर चाँ-चाँडै ल्याउनू भन्नुभएको छ भन्नू" भने

अनि छोरा जलाम्बर हात्तीमाथि चढ़ेर चाँ-चाँडै दगुर्दै गए । आफ्नू घरमा पुगेर पितामहका अगाडि बाबुले अघि भने जस्तै बेलीबिस्तार लाए । पितामहले पनि भएजति सबै जलाम्बरलाई दिए ।

जलाम्बर पनि त्यो खानेकुरा हात्तीमाथि राखी आफू पनि हात्तीमाथि चढ़ेर अटवीसभवा पोखरीमा गए ।

यसपछि जलवाहन आफ्नू छोरो जलाम्बर आएको देखेर हृष्टतुष्ट र खुशी भई छोरासँगबाट खानेकुरा लिएर पोखरीमा छरिदिए । त्यो आहाराले दश हजार माछाहरू तृप्त भए । त्यसै वेला तिनले पहिलेको कुनै समयमा महायान धारणा गर्ने भिक्षुले वनमा "जसले मर्ने वेलामा सम्यक् बुद्ध रत्नशिखी तथागतको नाम सुन्छ त्यो स्वर्गलोकमा उत्पन्न हुन्छ" भनी भनेको कुरा संझे । त्यसैले म निश्चय नै यी माछाहरूलाई गंभीर पत्यार उत्पन्न गर्ने धर्म भन्छु र अर्हत सम्यक

संबुद्ध रत्नशिखी तथागतको नाम पनि सुनाउँछु (भन्ने विचार गरे) । त्यस बेला जम्बुद्वीपमा दुईथरी विचारधाराका मानिसहरू थिए- एकथरी महायानलाई श्रद्धा गर्थे र अर्कोथरी मन पराउँदैनथे ।

अनि जलवाहान श्रेष्ठीपुत्र त्यस बेलामा घुँडामम्म पानी आउञ्जेलसम्म पोखरीमा पसेर यस्तो आल्हादमय वाक्य भने-पूज्य र सम्यक् संबुद्ध रत्नशिखी तथागतलाई नमस्कार । पहिल्यै बोधिसत्व चर्चा गर्ने उहाँलाई यस्तो निश्चय भएको थियो-"जतासुकैका दशै दिशामा जो कोही होऊन् तिनले मर्ने वेलामा मेरो नाम सुन्छन् भने ती यहाँबाट छुटेपछि तेत्तीस देवसंभामा उत्पन्न होऊन् ।"

यसपछि जलबाहन श्रेष्ठीपुत्रले ती तिर्यक्योनिमा पुगेका माछाहरूलाई यसबाट यो र यो भएपछि यो भन्ने "प्रतीत्य समुत्पाद" नामक धर्म-देशना गरे, जस्तोः- अविद्या भएपछि संस्कार हुन्छ । संस्कारबाट विज्ञान हुन्छ । विज्ञान भएपछि नामरूप हुन्छ । नामरूप भएभछि षड़ायतन ( शरीर ) हुन्छ । षडायतन भएपछि स्पर्श हुन्छ । स्पर्श भएपछि वेदना हुन्छ । वेदना भएपछि तृष्णा हुन्छ । तृष्णा भएपछि उपादान हुन्छ । उपादानपछि भव हुन्छ । भवपछि जन्म हुन्छ । जन्म भएपछि जरा, मरण, शोक, परिदेव, दुःख, दौर्मनस्य र आयास हुन्छ । यसरी यो ठूलो दुःखको समूह नै हुन्छ । यदि अविद्या रोकियो भने संस्कारको निरोध हुन्छ । संस्कारको निरोधबाट विज्ञानको निरोध हुन्छ । विज्ञानको निरोध-बाट नामरूपको निरोध हुन्छ । नामरूपको निरोधबाट षड़ायतनको निरोध हुन्छ । षडायतनको निरोधबाट स्पर्शको निरोध हुन्छ । स्पर्शको निरोधबाट वेदनाको निरोध हुन्छ । वेदनाको निरोधबाट तृष्णाको निरोध हुन्छ । तृष्णाको निरोधबाट उपादानको निरोध हुन्छ । उपादानको निरोधबाट जरा, मरण, शोक परिदेव, दुःख, दौर्मनस्य र आयासहरू रोकिन्छन् । यो सारा दुःखसमूहकै निरोध हुन्छ । हे कुलदेवता !यसरी त्यस वेला त्यस मौकामा जलबाहन श्रेष्ठिपुत्रले तिर्यक् योनिमा पुगेका तिनीहरूलाई यस्तो धार्मिक कथा भने । अनि हे कुलदेवता ! आफना छोरा जलाम्बर र जलगर्भका साथ फेरि आफ्नू घरमा फर्के ।

अरू कुनै वेला कुनै समयमा जलबाहन श्रेष्ठिपुत्र मीठो (विशिष्ट) खानपिन गरेर आनन्दपूर्वक सुतेका थिए । त्यसै वेला त्यसै मौकामा ठूलो कुरो भयो- त्यो के भनेः- त्यो रात बित्ने वेलामा काल आएका ती दश हजार माछाहरू तेत्तीस देवसभामा पुगे । पुगिसके पनि कुन कुशल कर्मले गर्दा हामीहरू तेत्तीस देवभवनमा आइपुग्यौं ? भनेर तर्क-वितर्क गर्न थाले । अनि तिनीहरूले सम्झे- हामीहरू जम्बुद्वीपमा दश हजार माछा थियौं । त्यो तिर्यक्योनिमा पुगेका

हामीहरूलाई जलवाहन श्रेष्ठिपुत्रले प्रशस्त पानी र भोजनले तृप्त बनाइयौँ। हामीहरूलाई भम्भीर प्रतीत्य समुत्पाद धर्मको उपदेश पनि गरियो। पूज्य सम्यक् संबुद्ध रत्नशिखी तथागतको नाम सुनाइयो, त्यही कुशल धर्मको कारण र पत्यारले गर्दा हामीहरू देवसभामा (देवतामा) उत्पन्न भयौँ। यसैले निश्चय नै हामीहरूले जलवाहन श्रेष्ठिपुत्रकहाँ गएर उहाँलाई पूजा गर्नेछौँ (गर्नुपर्छ)।

अनि ती दशहजार देवपुत्रहरू तेत्तीस देवभवनबाट अन्तर्धान भएर जलवाहन श्रेष्ठिपुत्रको घरमा आएर बसे। त्यस वेला ठीक त्यसै मौकामा जलवाहन साधारण ओछ्यानमा सुतेका थिए। यी देवपुत्रहरूले यिनको टाउकापट्टि, खुट्टापट्टि, दायाँपट्टि र बायाँपट्टि दश दश हजार मोतीका हारहरू राखिदिए। घरमा घुँडासम्म आउने गरी मान्दारव फूलको वर्षा गरे। दिव्य दुन्दुभिहरू बजाए। जसले गर्दा जम्बुद्वीपका सबै व्यूँझे। त्यसपछि जलवाहन श्रेष्ठि पनि विउँझे।

अनि ती दश हजार देवपुत्रहरू आकाशको बाटो गरेर गए। तिनीहरू राजा सुरेश्वरप्रभको देशका ठाउँ ठाउँमा मान्दारव फूलको वर्षा गर्दै अटवीसंभवा पोखरीमा गए। त्यहाँ पनि मान्दाव फूल वर्षा गरेर त्यहाँबाट अन्तर्धान भई फेरि पनि देवालयमा गए। त्यहाँ पाँचै काम गुणहरूका साथ रमाए, खेले, चले। ठूलो श्रीसौभाग्यको अनुभव गरे। यता जम्बुद्वीपमा रात वितेर बिहान भयो।

"किन होला आज राति यतिविधि निमित्तहरू उत्पन्न भए? भनेर राजा सुरेश्वरप्रभले ज्योतिषी र माहामात्यहरूलाई सोधे। हिनीहरूले भने- देवता जान्लान्, जलवाहन श्रेष्ठिपुत्रकहाँ चार हजार मोतीका हारहरू र दिव्य मान्दारव फूल वर्षेका छन् "त्यसो भए उहाँलाई राम्रोसँग डाकेर लिएर आउनुहोस् त" भनी राजाले भने।

अनि ज्योतिषी र महामात्यहरू जलवाहनको घरमा गए। गएर राजा सुरेश्वरले उनलाई बोलाएको कुरा बताए। जलवाहन श्रेष्ठि पनि महामात्यहरूका साथ सुरेश्वरप्रभ राजाकहाँ गई एकान्तमा बसे। राजाले किन हो जलवाहन आज राति यस्ता शुभ निमित्तहरू उत्पन्न भए, जान्नुहुन्छ के? भनेर सोधे। यसपछि जलवाहनले भने- जान्दछू हजूर, निश्चय नै दश हजार माछाहरू मर्नाले यस्तो भएको हो। "यो कुरा कसरी जान्नुभयो? "भनी राजाले सोध्दा जल-

वाहनले भने" जलाम्बर जानून् र त्यस पोखरीमा पसून्, ती दश हजार माछा मरेका छन् कि ज्यूँदा छन् थाहा हुनेछ, राजाले पनि हुन्छ भने।

अनि जलवाहन श्रेष्ठिपुत्रले जलाम्बरलाई भने- हे कुलपुत्र ! गएर अटवीसंभवा पोखरीलाई हेर ! त्यहाँका दश हजार माछाहरू ज्यूँदा छन् कि मरिसके। जलाम्बर चाँ-चाँडो अटवीसंभवा पोखरीमा गए। गएर हेर्दा ती दश हजार माछाहरू मरिसकेका र मान्दारव फूल खूब वर्षेको देखे। अनि फर्केर बाबुलाई (माछा) मरिसकेको कुरा बताए। जलवाहन श्रेष्ठिपुत्रले आफ्न छोरा जलाम्बरबाट यस्तो कुरो सुनेर राजा सुरेश्वरप्रभकहाँ गई भने- हजूर जानिबक्स्योस् कि ती दश हजार माछाहरू मरेर तेत्तीस देवभवनमा उत्पन्न भएछन्। तिनै देवपुत्रहरूको अनुभवले राति यस्ता शुभनिमित्तहरू प्रादुर्भाव भएका र मेरो घरमा चालीस हजार मोतीका हारहरू र दिव्य मान्दारव फूलको वर्षा भएको हो। राजा यो सुनेर उदग्र र हर्षित मन भएका हुन गए।

अनि फेरि भगवान् बुद्धले बोद्धिसत्व समुच्चया कुलदेवतालाई यस्तो भन्नुभयो- हे कुलदेवता ! तपाईंले त्यस वेला त्यस मौकामा त्यस ठाउँमा सुरेश्वरप्रभ नामका राजा थिए भन्ने संझनु भएको होला, यो पनि यस्तो नठान्नुहोस्। राजा शुद्धोदन भनेका नै त्यस वेलाका जटिंधर श्रेष्ठि हुँन्। हे कुलदेवता ! फेरि त्यो काल र त्यस समयमा ती जलवाहन श्रेष्ठिपुत्र अर्कै थिए भन्ने नसंझनु होला, किनभने त्यो काल र त्यस समयमा जलबाहन श्रेष्ठिपुत्र भनेको म नै हुँ। जलवाहनकी जलाम्बुज नामकी भार्या थिइन् भन्ने पनि नठान्नुहोस्। किनभने त्यस काल र त्यस समयमा शाक्यकन्या गोपा भनेकै जलवाहनकी जलाम्बुजगर्भा नामकी भार्या हुन्। अर्की कुनै होइनन्। त्यही काल र त्यसै समयमा जलाम्बरका छोरा भनेका राहुल र जलगर्भ छोरा भनेका आनन्द हुन्। हे कुलदेवता ! त्यस वेला त्यस मौकामा ती दश हजार माछा अरू नै हुन् भन्ने पनि नसंझनुहोस्। किनभने ज्वलान्तर तेजोराज आदि गरिएको दशहजार देवपुत्रहरू नै त्यो वेला दशहजार माछा भनिएका हुन्, जसलाई मैले पानी र भोजनले तृप्त गराएँ। गभीर प्रतीत्यसमुत्पाद धर्मको उपदेश गरें। पूज्य सम्यक् संबुद्ध रत्नशिखी तथागतको नाम सुनाएँ। त्यही कुशलधर्मको कारणले गर्दा मेरा नजीकमा यी यहाँ आएका छन्। जसलाई मैले यो अनुत्तर सम्यक् संबोधि व्याख्या गरिरहेछु। ज्यादै प्रीति, प्रसाद र प्रमोदले, अनि धर्मश्रुतिको गौरवले गर्दा सबै व्याकरणका नामहरू थाहा पाए।

हे कुलदेवता ! फेरि त्यो वेला र त्यस समयमा अरू कुनै वृक्षदेवता

थिएं भन्ने न सम्झनू। किनभने हे कुलदेवता ! त्यो मौका र त्यस समयमा वृक्षदेवता भनेकै तपाईँ हुनुहुन्छ। सबैकुरा पर्यायबाट यसरी नै बुझनुपर्छ। यसरी नै मैले घुम्दै संसारमा धेरै प्राणीहरू बोधिमा (बुद्धज्ञानमा) परिपक्व बनाएको छु। जसबाट तिनीहरूले अनुत्तर सम्यक्-संबोधिमा व्याकरण भूमि प्राप्त गर्नेछन्।

यो श्रीसुवर्णप्रभाससूत्रेन्द्रराजमा जलवाहनको मत्स्य वैनेय परिवर्त नामको अट्ठारौँ परिवर्त समाप्त भयो

१९

# व्याघ्री परिवर्त

हे कुलदेवता ! फेरि अर्को सुन्नुहोस्– बोधिसत्वले अर्काको हितका लागि आफ्नै शरीरको त्याग पनि गर्नुपर्छ । यो कसरी भने– स्वर्ग र पृथिवीमा खूबसँग विभिन्न किसिकका गुणरूप निर्मल अनेकौँ सयौं किरणहरू फैलिएका, अप्रतिहत ज्ञान, दर्शन, बल र पराक्रम भएका र पाँच प्रकारका चक्षु प्राप्त गरेका भगवान् सयौँ भिक्षु वरिपरि लगाएर पञ्चालका जनपदमा र जनपदचारिकामा डुल्दा डुल्दै कुनै वनमा पुग्नुभयो । त्यहाँ भगवानले, हरिया, नीला झार र विभिन्न फूलहरूले राम्रो भएको पृथिवी प्रदेश (चहुर) देखेर आयुष्मान आनन्दलाई बोलाउनु भयो र भन्नुभयो– हे आनन्द ! पृथिवीको यो ठाउँ त ज्यादै राम्रो छ नि । हामीहरू यहाँ वास बस्नुपर्‍यो । 'यसैले तथागतको आसन बनाउनुहोस् । अनि आनन्दले बुद्धको आज्ञाले आसन बनाए । आसन बनाइसकेपछि बुद्धलाई भने– आसन बनाएँ हे ज्येष्ठ, श्रेष्ठ, मानिसहरूमा उत्तम, वरिष्ठ, मोक्ष दिने भगवान् ! बस्नुहोस्, मरणबाट छुटकारा पाएका हे भगवान् ! मानिसहरूको हितका लागि परम अमृतरूप कथा भन्नुहोस् । अनि त्यस आसनमा बसेर बुद्धले भिक्षुहरूलाई आव्हान गर्नुभयो (भन्नुभयो)– हे भिक्षु हो ! तपाईँहरू दुष्कर कर्म गर्ने बोधिसत्वहरूका शरीरहरू देख्न चाहनुहुन्छ ?

यति भनेपछि भिक्षुहरूले बुद्धलाई भने– ऋषिमा श्रेष्ठ, कालगतिमा प्राप्त भएका, गुणमा आश्रित अद्वयनीरत उनै सत्वार्थको सार भएका अपरिमित अस्थिहरू हामीहरू हेर्न चाहन्छौँ त्यसका विषयमा यथार्थ उद्घाटन गर्नुहोस्– (यथार्थ भन्नुहोस्) ॥१॥

अनि बुद्धले हजारौँ चक्रहरू लेखिएको र भर्खर फुलेको कमल जस्तो कमलो हातले पृथ्वीमा हिर्काउनु भयो । हिर्काउनासाथै छ विकार भएको पृथ्वी हल्लियो । अनि त करजातले विशेष सजिएको मणिको स्तूप निस्कियो । यसपछि

भगवानले आयुष्मान आनन्दलाई बोलाएर त्यो स्तूप उघार भन्नुभयो। भगवानले यस्तो भनेको सुनी आज्ञानुसार आयुष्मान् आनन्दले स्तूप खोतल खातल पारेर उघारे। त्यहाँ तिनले सुनैसुन फैलिएको, मोतीले ढाकिएको सुवर्णमय समुद्र देखे र भगवानलाई भने– हे भगवान्! सुनैसुन भएको समुद्र पाइयो। त्यहाँ उद्घाटन गर्दा सेतो कुमुद जस्ता अस्थिहरू देखेर भगवानलाई भने– "यहाँ त हाडहरू देखापर्छन् भगवन!, भगवान्ले हे आनन्द! महापुरुषका ती हाडहरू ल्याउनुहोस् भन्नुभयो।

त्यसपछि आयुष्मान् आनन्दले ती हाडहरू लिएर भगवान बुद्धलाई समर्पण गरे (टक्रथाए)। भगवान बुद्धले पनि ती हाडहरू लिई संघको अगाडि राखेर भन्नुभयो– यी हाडहरू महान् विशिष्ट गुणहरूले युक्त भएका, चारैतिरबाट बाह्यवृत्ति रोकेका, ध्यान, विशिष्ट क्षान्ति, ठूलो उत्साह र कीर्तिले युक्त भएका, सधैं बोधिमा लागेका, बुद्धिमान्, दृढ उत्साह भएका, धैर्यवान् र सधैं दानमा तत्पर हुनेका हुन्। त्यसपछि भगवान्ले भिक्षुहरूलाई बोलाएर आमन्त्रणा गर्नुभयो। हे भदन्त भिक्षुहरू हो! शील र गुण भएका ज्यादै मुस्कीलले मात्र दर्शन गर्न पाइने, पुण्यक्षेत्रमा उत्पन्न भएका बोधिसत्वका शरीरहरू हुन्छन्। यिनलाई ढोग भन्नुभयो। त्यसपछि ती भिक्षुहरूले हात जोरेर एक मनले त्यस शरीरलाई शिरले ढोगे।

अनि आयुष्मान आनन्दले हात जोरेर बुद्धलाई यो कुरा भने- हे भगवन्! अतीत, अनागत र प्रत्युत्पन्न सम्पूर्ण लोकमा रहेका बुद्धहरूले र सबै प्राणीहरूले तथागतका यी हाडहरू किन नमस्कार गरिन्छन्? यसपछि भगवानले आयुष्मान आनन्दलाई यस्तो भन्नुभयो– हे आनन्द! यी हाडहरू ढोगनैपर्ने हुन्। किनभने हे आनन्द! यी हाडहरूले गर्दा मैले चाँडै नै अनुत्तर सम्यक्सबोधि प्राप्त गरेँ

हे आनन्द! पहिल्यै बितेको समयमा अनेक धन, धान्य, बाहन र बल भएका कसैले जित्न नसकिने बल पराक्रम भएका, महारथ नामका राजा थिए। तिनका देवकुमार जस्ता महाप्रणाद, महादेव र महासत्व नाम गरेका तिनौटा छोरा थिए। यसपछि (कुनै दिन) ती राजा खेलवाडका लागि बगैँचातिर निस्के। ती राजाका छोराहरू पनि त्यस बगैँचाका गुणका आकर्षणले, फूलको सौरभले चित्त खिन्दा यताउति डुल्दा डुल्दै महाद्वादश नामक वनगुल्ममा प्रवेश गरे। तिनीहरू त्यो बनमा पस्नेबित्तिकै कुमारका अरू सेवक सहचरहरू सबै यताउति लागेर छलिए। तिनीहरूले छोडिएका ती राजकुमारहरू हिँड्दा हिँड्दै देखेरै नसकिने ठूलो बगैँचा जस्तो त्यो द्वादश वनगुल्ममा पसे। यसपछि महाप्रणादले

आफ्ना दुई भाइलाई भने - भाई हो ! डर मेरो मनमा पस्तै छ. अर्थात् मलाई त डर लागेको छ कि "हामीहरू हिंसक जन्तुहरूद्वारा नाश हुन्छौँ कि ? त्यस्तो आपत्ति हामीहरूमा आउँछ कि ? महादेवले भनेः- मलाई त डर भने छैन तर इष्टजन (आफ्ना स्नेही पुरुष) को वियोग हुने भयो भन्ने मलाई लाग्दछ । अनि महासत्वले भनेः-

"मलाई त मुनिजनहरूले स्तुति गरिएको खूब फैलिएको असल यस बनमा कुनै डर पनि छैन र कुनै शोक पनि छैन । किन्तु अत्यन्त विशिष्ट अतिप्रयोजनीय वस्तुको प्राप्तिबाट झैँ मेरो यो हृदय त प्रफुल्ल भएको छ ॥२॥

यसपछि ती राजकुमारहरूले द्वादश गुल्मविवर घुम्दा धुम्दै सुत्केरी भएको सात दिन मात्र भएकी, पाँचओटा छोराछोरी (डमरु) ले घेरिएकी, भोकतिर्खाले व्याकुल भएकी साऱ्हे दुब्लो शरीर भएकी एउटी बघिनी देखेर महाप्रणादले भने- ओहो !! यो छ सात दिनकी तपस्विनीलाई अत्यन्त कष्ट भएको होला । यसले अब भोजन पाइन भने आफ्नै बच्चाहरू मारेर खान्छे वा स्वयं मर्छे । अनि महासत्वले भनेः- के यस्तो पनि यो तपस्विनीको खानलायक कुरा हुन्छ र ? महाप्रणादले भनेः-

रगतले लपलपाउँदोँ, रसिलो तातो मासु अहिले यहाँ हुँदो हो त यसको भोजन भन्न सुहाउँथ्यो, किनभने बाघ, तरक्षु, भालू र सिंहलाई यस्तै भोजन उपयुक्त हुन्छ ॥३॥

महादेवले गनेः- भोक र तिर्खाले शरीर पिल्सिएकी, प्राण मात्र बाँकी रहेकी, अत्यन्त दुर्वल यहाँ बसेकी यो तपस्विनी ( तपस्विनी जस्ति बघिनी ) खाने आहारा खोज्न अरू ठाउँमा जानै सक्तिन । यसको प्राणरक्षाका लागि कस्ले आफ्नू शरीरको परित्याग गर्ला र ! महाप्रणादले भने, ओहो आफ्नू शरीर परित्याग गर्ने कुरा त वडो कठीन छ । महासत्वले भनेः-

हामी जस्ता व्यावहारिक सामान्य नियममा रहनेहरूका लागि आत्म परित्याग गर्ने भन्ने यो नीति (व्यवहार) गर्न नसकिने छ तर अर्काको हितमा लागेका अरू सत्युरुषका निमित्त भने यही कुरा पनि त्यति कठिन छैन । (४)

अर्को पनि छः- कृपा र करूणाले द्रवीभूत भएको प्राणीले मात्र यस मर्त्यलोकमा खुशी भएर अरुका निमित्त आफ्नु शरीरलाई टुक्रा टुक्रा पारी यस लोक र स्वर्गलोकमा पनि सन्तोष प्राप्त गर्छ । (५)

यसपछि ती राजकुमारहरू खूब टीठलाग्दो गरी त्यो बघिनीलाई बारंबार आँखै नभिम्क्याई हेर्दै हेर्दै त्यहाँबाट हिँडेपछि महासत्वलाई यस्तो लाग्यो;

शरीर छोडने समय त यही नै हो किनभनेः-

धेरै दिनदेखि सुत्ने, बस्ने कुरा तथा अन्न, भोजन र वाहनले विछ्यौनामा लेटाएर अनन्त सुखले अनन्तकालसम्म परिपुष्ट पारिएको यो शरीर पहिल्यै आ-आफ्नु धर्ममा रहेको ( विनाशवान् धर्ममा रहेको ) हुनाले कृतघ्न जस्तै बनेर त्यो आफ्नू स्वभाव केही गरे पनि छोड्दैन । त्यसकै अनुसरण गर्छ (अर्थात् जतिसुकै जतन गरे पनि एक न एक दिन अवश्य नाश हुन्छ)।(६)

अर्को पनि छः शरीरको सधैँ बाँचिरहने कुरा छैन, किनभने यसको आदि अन्त्य छैन-केवल बीचमा रहेको हुनाले यसलाई त जरामरणरूपी समुद्रको पार उतार्ने डुंगा जस्तो बनाउने काममा नियुक्ति गर्नुपर्छ । (७)

अर्को पनि छ - मैले सयौँ सांसारिक वस्तुले भरिएको, विष्ठाले परिपूर्ण भएको, कत्ति सार नभएको, फीँज जस्तो, सयौँ कीराहरूले भरिभराउ भएको यस्तो यो शरीरलाई पक्का पनि खास गर्नुपर्ने कामका निमित्त त्याग गरी शोकरहित, विकाररहित, उपाधिरहित निर्मल संपूर्ण ध्यान प्रज्ञा आदि गुणहरूले परिपूर्ण भएको, सयौँ गुणैगुणले परिपूर्ण भएको धर्मरूपी अत्यन्त शुद्ध शरीर अवश्य प्राप्त गर्छु । (८,९)

उनले (महातत्त्वले) यस्तो गर्ने खास निश्चय गरी ठूलो करुणाले गर्दा हृदय पग्लेकाले ती अरू दुई दाजु (महाप्रणाद र महादेव)लाई छोड़िदिने विचार गरी "तपाईंहरू जानुहोस् म आफ्नै काम विशेषले द्वादश वनगुल्ममा प्रवेश गर्छु" भने ।

यसपछि ती महासत्व राजकुमार त्यो उपवनबाट फर्केर वघिनीको घरमा (ओढारमा वा बघिनी बसेको ठाउमा) आएर वनका लहराको भ्याङमा लाएको लुगाहरू फुकालेर राखी यस्तो भन्दै प्रणिधान गरे, जस्तोः- "यही म जगत्को हितका निमित्त अनुत्तरा बोधिमा व्यूँझेर कल्याणकारक करुणाबाट निश्चल मति भएर कसैले त्याग्न नसकिने यो शरीर अरूका निम्तिमा परित्याग गर्छु, त्यस कारण रोगरहित, जिनपुत्रहरूले पूजित, तीनै लोकलाई उज्वल पार्ने बोधि (बुद्धज्ञान)ले भवसागरबाट हुने डरहरूबाट मलाई पार लाऊन् ।, यस्तो भन्दै ती महासत्व बघिनीका मुखैनेर पुर्लुङ्ग पल्टे । त्यसपछि बघिनीले मिगजस्ता ती बोधिसत्वलाई केही पनि गरिन । त्यसपछि बोधिसत्वले यो बघिनी साच्चै असमर्थ रहिछ भन्ने संझी उठेर हतियारको लागि यताउति खोजी गर्न थाले । तर कृपामति तिनले कहीँ पनि कुनै पनि हतियार पाएनन् । त्यसपछि उनले अत्यन्त बलियो सय वर्ष बतिको (पुरानु) वंशलता (बाँसको कप्टेरो) लिएर त्यसले आफ्ना रौँहरू

उखेलेर शरीरको मासुहरू काटेर बघिनीका समीपमा पछारिए। यसरी बोधिसत्व पछारिनेबित्तिकै यी पृथ्वी पानीको बीचमा पुगेर अडिएको डुंगा झैं ढल्मलिन लागिन्, छ विकारहरू पनि काम्पायमान भए। राहुले ग्रस्त भए जस्तो गरी सूर्यका किरणहरू पनि उज्याला भएनन्। दिव्य सुगन्धको धूलो मिसिएका फूलहरूको वर्षा भयो। यसपछि अर्कै कुनै आश्चर्यले दङ्दास मन भएका देवताले बोधिसत्व-को स्तुति गर्न थाले।

हे सुमति ! हे नरवीर ! करुणाले गर्दा तिमीले अरूका निमित्त त्यो आफ्नू शरीर परित्याग गरेको कारणले नै शिव श्रेष्ठ, जन्म र मरणले रहित भएको, आपतरहित शान्त असल यस्तो ठाउँ चाँडै नै पाउनेछौ ॥१०-११॥

यसपछि त्यो बघिनीले न्याललै छयालब्याल भएको बोधिसत्वको शरीरलाई हेरी एक मुहूर्तभित्रमा नै मासु र रगतले रहित खालि हाड मात्रै बाँकी राखी।

यसपछि महाप्रणादले त्यसरी पृथिवी कामेको सुनेपछि महादेवलाई यस्तो भनेः– आफ्ना बच्चाहरूलाई खान तयार भएकी भोकाएकी, अनेक आपतले युक्त भएकी, र अत्यन्त दुब्ली त्यो बघिनीलाई देखेर ती महासत्वले जुन करुणाका वचन भनेका थिए त्यसले गर्दा मेरो विचारमा (बुद्धिमा) त उनैका विषयमा (केही भयो कि भन्ने) शंका लाग्छ ॥१२॥

यसपछि ती दुवै राजकुमार आँखाभरी आँसु लिएर, ठूलो शोक गर्दै त्यो आफू हिँडिरहेको बाटोबाट फर्की उही बघिनी भएको ठाउँमा पुगे। अनि त्यहाँ सयौं बाँसका कप्टेराले युक्त भएको प्रावरण (लुगा) र चिथोरचाथर पार्दा रगत खसेर हिलाम्य भएको जमीन र बाँकी रहेका हाडहरू र सबै दिशा-विदिशामा मिल्किएका कपालहरू पनि देखेर मूर्च्छित भै पृथिवीमा पछारिए। अनि धेरै बेरपछि होश पाएपछि उठेर हात ठड्याउँदै दयनीय स्वरले कराउँदै भन्न थालेः–

हे प्यारा भाइ ! राजा भै बक्सेको बुबा र छोराहरूलाई असाध्य माया गर्ने मुमाले त्यो कमलका फूलका जस्ता सुन्दर आँखा भएको तेस्रो अर्थात् कान्छो भाइलाई तिमी दुबैले कहाँ छोड्यौ भनेर सोधिबक्सनेछ ॥१३॥

ओहो ! हामीहरूका लागि यहीं मरिहाल्नु वेश छ तर बाँच्नु बरू त्यति असल छैन। महासत्वले रहित भएका हामीहरू पितामाताका अगाडी कसरी देखापरौं ? ॥१४॥

यसपछि ती दुई राजकुमारले अत्यन्त टीठलाग्दो गरी विलाप गर्दै प्रस्थान

मरे। उता वरतर्फ कुमारहरूलाई खोज्नेहरू दिशा–बिदिशामा घुम्दै फेला पारेका मानिसहरूसित परस्परमा "कुमार कहाँ छन्, कुमार कहाँ छन्" भन्दै हेर्दै सोध्दै गर्न थाले। त्यही समयमा महारथ राजाकी महारानीले सुतेका अवस्थामा आफ्नू प्यारो वस्तुको बिछोड हुने कुराको सूचना गर्ने खालको सपना देखिन्। त्यो सपना यस प्रकारको थियो, जस्तैः– उनका दुबै स्तन (दूध) काटिएका, दाँत फुक्लेका र तीनवटा परेवाका बच्चा डराएर बसिरहेकै अवस्थामा बाजले झंटेका। यसपछि महारानीले पृथिवी काँपेको देखी असाध्य डराउँदै आत्तिँदै ब्यूँझिन र ठूलो चिन्ता गर्न थालिन्।

सारा प्राणीहरूलाई धारणा गर्ने, सागर नै सारी लगाएकी (यी पृथ्वी) किन यसरी कामदछिन्? सूर्य र शूली (चन्द्रमा) का किरण किन यति मलिना छन्? मेरा दूधहरू किन यसरी पृथिवीतर्फ लत्रन्छन् र चर्कन्छन् वा पग्रन्छन्, मेरो शरीर किन यसरी फत्रक्क गल्दछ? यो आँखो किन फर्फराइरहन्छ, मेरा दूध (सपनामा) किन यसरी छिनालिन्छन्? जे होस् तापनि वनविवरमा खेल्न भनेर गएका मेरा छोराहरूको कल्याण होओस् ॥१५॥

महारानीले यस्तो चिन्ता गर्दा गर्दै उनकी सुसारे एउटी केटी आत्तिँदै अर्थात् हुर्तुराउँदै आई र रानीलाई भन्न थाली। हे देवी! कुमारलाई खोज्नेहरूले कुमारलाई खोज्दा खोज्दै राजकुमार नष्ट भए भन्ने कुरा पो सुनिन्छ। यसपछि छोरो मरेको भन्ने कुरा सुन्नाले छाती काँपेकी आँखा र मुखमा भल्भली आँसु खसाल्दै राजा भएको ठाउँमा पुगेर भन्न थालिन्। हे महाराज! मेरो प्यारो छोरो त मऱ्यो भन्ने सुनिन्छ। राजा पनि यस्तो सुन्नेबित्तिकै खूब डराए। धिक्कार! प्यारो छोराबाट म छुट्टिएँ!! ..। यसपछि राजाले महारानीलाई हे महारानी! नडराउ छोरा कुमारको खोजी गर्न गएका अर्काथरी मानिसहरूले कुमारहरू अवश्य पाउनेछन्। यसरी फेरी अर्काथरी मानिसहरू कुमार खोज्न पठाउने-बित्तिकै राजाले टाढाबाट आईरहेका केवल दुइवटा राजकुमार मात्र देखे। देख्नेबित्तिकै राजाले भनेः– दुइवटा कुमार त पाइए तर सबै भने पाइएनन्। अहो!! छोराको वियोग भन्ने कुरा अत्यन्त कष्टदायी छ।

मानिसलाई छोराको वियोग हुँदा जति दौर्मनस्य( दुखीः मन ) हुन्छ त्यति भने जस्तै प्रेमको बस्तु पाउँदा हर्ष पनि त्यत्तिको हुँदैन। जो मरिहाल्छन् र जसका छोरा बाँच्दै बाँच्दैनन् त्यस्ता पुरुषहरू बरु सुखी हुन् भन्न सकिन्छ ॥१६॥

यसपछि देवी (महारानी) अत्यन्त शोकले व्याकुल वेसरी मर्मस्थानमा प्रहार गरिएकी हात्तीकी बच्चि जस्ती हुँदै आर्तस्वर गर्दै भन्न लागिन्ः–

फूलै फूल भएको वनमा प्रवेश गरेका तीनवटा छोरामध्ये मेरो हृदय समान भएको त्यो तेस्रो कान्छो छोरो यी सेवकवर्गमध्ये कसले बचाएर ल्याउन सक्ला ।

अनि त्यहाँ आइपुगेका दुई छोरालाई उत्सुकतापूर्वक "त्यो कान्छो छोरो खोई ?" भनेर सोधे । त्यसपछि शोकले आकुल भएका, आँखाबाट आँसुबगि-रहेका, तालु, ओठ, दाँत र मुख सुकेका ती दुई छोराले केही पनि भन्न सकेनन् । देवी (महारानी) ले भनिन् :-

हे छोरा हो ! मेरो होश पनि गयो, शरीर अत्यन्त परिपीडित भएको छ, मेरो त्यो हृदय समान त्यो छोरो कहाँ छ भन · · यो मेरो मुटु फुट्नै लाग्यो, अथवा म मूर्च्छित हुनै लागेँ ॥१७-१८॥

यसपछि ती दुवै राजकुमारले विस्तारपूर्वक जो भएको वृत्तान्त भने । ती संपूर्ण कुरा सुन्नेबित्तिकै राजा, महारानी र परिजन (सेवक) हरू पनि मूर्च्छा परे । मूर्च्छाबाट ब्यूँझेपछि करुण आर्तश्वर गर्दै त्यो ठाउँ (जहाँ राज-कुमार मरेका थिए) मा पुगे । यसपछि राजा र महारानीले रगत र मासु कत्ति नभएका ती हाडहरू र हातले दशै दिशामा छरिएका कपाललाई देख्नेबित्तिकै रूख लडेझैँ गरी भूमिमा पछारिए (ढले) । त्यसपछि पुरोहितले त्यस्तो अवस्था देख्नेबित्तिकै वा चाँडै पानी मलमचन्दन (श्रीखण्डचन्दन) को लेदो राजा र महारानीका शरीरमा लगाई शीतल पारे । यसपछि धेरै वेरपछि होशमा आएका राजा उठेर अत्यन्त करुणा उठ्ने टोठ लाग्ने किसिमबाट बिलौना गर्न थाले । (बिलौना निम्न प्रकारको छ) जस्तै:-

हे मनोहर दर्शनीय पुत्र ! तिमी कहाँ छौ ? चाँडै नै मृत्युका वशमा पऱ्यौ नि · · ·, तिमो बिना मलाई जुन दुःख छ त्यस्तो अरू कुनै पनि दुःख मेरो लागि छैन । त्यो दु ख शमन गर्ने मृत्यु पनि आइपुग्यो अर्थात् अब म पनि मर्छु · · · ॥१९॥

महारानी पनि मूर्छाबाट ब्यूँतेपछि, कपाल फिँजिएकी, दुई हातले छाती पिट्दै थालमा राखेको ज्यूँदो माछो जस्तै भूमिमा लडिबुडी गर्दै, आहालमा बसेको भैंसी जस्तै, बच्चा मरेकी हथिनी जस्तै, बच्चा मरेकी चरी जस्तै भएर अत्यन्त करुणा उत्पन्न हुने गरी (निम्न प्रकारले भन्दै) रून थालिन् ।

हे राम्रो प्यारो छोरा ! कसले तिमीलाई यसरी भगन पाऱ्यो... ? कस्ले यो कमलको फूललाई च्यातेर पृथिवीमा छिचिन्याट्ट पाऱ्यो , यो पृथिवीको मेरो कुन शत्रुले यस्तो नाश पाऱ्यो..., मेरो यो आँखालाई सुन्दर लाग्ने चन्द्रमा जस्तो

छोरो कसले मान्यो । ओहो यस्तो असल छोरो पृथिवीमा मरेको देख्न सक्ने यो मेरो शरीर किन टुक्रा टुक्रा हुँदैन ॥१९–२०॥

यस्तो दुर्दशा देख्दा पनि पट्ट नफुट्ने मेरो यो हृदय फलाम जस्तै रहेछ भन्ने जाने, अहो !!! त्यो सपनाको पापी फल (अशुद्ध फल) यस्तो पो रहेछ जुन फल अहिले तरवार जस्तै बनी यी दुइलाई काटिरहेछ, त्यो खराब सपना जस्ले दुइवटा स्तनलाई काटेर र दाँतलाई उखेलेर मेरो प्यारो छोरालाई चाँडै नै लग्यो ॥२१॥

जस्तो त्यो सपनामा तीनवटा परेवाका बच्चाहरूलाई बाजले झंटेर गाँज्यो ( लग्यो ) त्यस्तै अहिले मेरा तीन छोरामा एउटा मृत्युले घेरेर वा गाँजेर मान्यो ॥२२॥

यसपछि राजा र महारानीले अत्यन्त माया र टीठलाग्दो गरी धेरै प्रकारको विलौना गर्दै ती दुवैले शरीरका संपूर्ण आभूषणहरू उतारेर ठूलो जनसमूहका साथ छोराका शरीरको पूजा गरेर त्यहीँ जमीनको एउटा ठाउँमा सूनको चैत्य बनाएर ती शरीरहरू (शरीरका हाडहरू) राखे ।

हे आनन्द ! तिमीलाई यसमा त्यो काल र त्यो समयमा महासत्व नाम गरेका राजकुमार थिए भन्ने यस्तो संझौला त्यस्तो नसंझ किनभने– त्यो काल र त्यो समयमा म नै महासत्व नामक राजकुमार भएको थिएँ । हे आनन्द ! त्यस वेला पनि राग, द्वेष र मोहबाट परिमुक्त भएको मैले माया ( कृपा )ले गर्दा नरक आदि दुःखहरूबाट संसारकै अनुग्रह गरेँ भने संपूर्ण दोषरहित सम्यक् संबुद्ध भैसकेको मैले अहिले त के भनूँ । म यसरी नै मैले प्रत्येक प्राणीहरूको उद्धारका लागि कल्प कल्पमा उदाउँछु र प्राणीहरूलाई नरक, जन्म र संसारबाट छुटाउँछु । यो संसार निश्चय नै दुष्कर अनेक प्रकारको चित्र विचित्रका प्राणीहरूका सार (कुरा)बाट घेरिएको छ ।

यसपछि भगवान्ले त्यो वेलामा यी गाथाहरू भन्नुभयो– मैले यो अग्रबोधिको प्राप्तिका लागि (खोजीमा) धेरै कल्पसम्म यी राजा र राजपुत्रका जस्तै गरी मैले आफ्नू शरीरको परित्याग गरेको छु ॥२३॥

पहिलेको जन्ममा महारथ नाम गरेका राजा थिए, ती राजाका खूब त्याग गर्न सक्ने महासत्व नामक उत्तम छोरा थिए, यो कुरा म संझन्छु ॥२४॥

ती महासत्वका महादेव र महाप्रणाद नाम गरेका दुइवटा भाइहरू पनि थिए । ती तीनै भाइहरूले सँगसँगै वनखण्डमा जाँदा त्यहाँ भोकले आकुल भएकी एउटी बघिनीलाई देखे ॥२५॥

"भोकौ र तृषित यो बघिनौले (अरू आहारा खान नपाउँदा) आफ्नै बच्चाहरू खान्छे तसर्थ यसलाई म आफ्नू मासु समर्पण घर्छु" भन्ने यस्तो दया ती महासत्वलाई उत्पन्न भयो ॥२६॥

अनि भोकाएकी त्यो बघिनीले उसका छाउरा (डमरू) नखाओस् भनेर ती महारथका छोरा महासत्व त्यो बघिनीलाई हेरेर आफू उसकै अगाड़ी गएर पल्टे ॥२७॥

करुणामय ती महासत्व पल्टेपछि पर्वत सहितकी पृथिवी काँपिन्, चराचुरुङ्गीहरू चाँचाँचीँचीँ गरी कोलाहल गर्दै यताउति लागे, मिर्गको बथान डराए र संपूर्ण लोक व्याकुल भयो ॥२८॥

ती महासत्व दुइवटा दाजु महाप्रणाद र महादेवले त्यो सारा वनखण्ड हेर्दा पनि ती महासत्वलाई पाउन सकेनन् ॥२९॥

ठूलो शोकरूपी बाण बिझेका, ती दुई दाजुहरू होशै नपाई बनवनै डुल्न लागे र गहभरी आँसु लिएर वनका माझमा (भाइलाई) खोज्दै घुम्न लागे ॥३०॥

महाप्रणाद र महादेव ती दुवै राजकुमार जहाँ दुब्ली बघिनि थिई त्यहाँ पुगे, त्यहाँ बघिनी र उसका छाउराहरू सुतिरहेका थिए ॥३१॥

रक्ताम्य भएको शरीर र भूमिमा खसेर यताउति अर्थात् केही वरपरसम्म छरिएका कपाल र हाड़छालाहरू तिनीहरू (दुवै दाजुहरू) ले देखे ॥३२॥

पृथिवीमा छरिएका हाड कपालहरू देखेर, शून्य मन भएका, धूलाले फुस्रो शरीर भएका, स्मृति र इन्द्रिय (ज्ञानेन्द्रिय) शून्य भएका र चित्तविक्षेप भै विहोश भएका ती दुवै राज पुत्रहरू ठूलो मूर्च्छामा परे ॥३३॥

(यस्तो समाचार पाएर) ती राजाका सभासद् (परिषद्) हरू करुण स्वरले रुँदै शोकले व्याकुल भै भलभली वगेका आँसुले अभिषेक गर्दै अर्थात् खूब अश्रु वृष्टि गर्दै उठेर माथितिर हेर्दै कराउन थाले ॥३४॥

त्यसरी दरवारभित्रका मानिसहरू मूर्च्छित भएर पछाडिको त्यो समयमा राजाकौ खास महारानी (धर्मपत्नी) पाँच सय स्त्रीहरूका साथ राजकुलको भित्र शारीरिक ठूलो आनन्द अनुभव गर्दै थिइन् ॥३५॥

अचानक तिनका दुवै स्तन (दूध) बाट वेगले (तर्र गरेर) दूध बग्न थाल्यो र तिनको शरीर सियाले घोचे जस्तो गरी चस्चसी घोच्न थाल्यो ॥३६॥

ठूलो शोकले छाती छिया छिया भएकी पुत्रवियोगजन्य करुण स्वररूपी बाँणले घायल भएकी, ठूलो शोकले भतभति छाती पोलिएकी र अत्यन्त दुखी मन भएकी महारानी करुण स्वर गर्दै रुँदै राजा भएको ठाउँमा पुगी राजा

महारथलाई यस्तो भन्न थालिन् ॥३७॥

हे नृपति ! हे नरेन्द्र ! सुनिबक्सियोस् शोकरूपी अग्निले मेरो शरीर डढ़ेको छ र दुबै स्तनका मुखबाट ( दूधका मण्टाबाट ) तरतर्ति दूध चुहेको छ ॥३८॥

मेरो हृदय शरीरका संपूर्ण अङ्गहरू चसचसी घोन्चेका छन् । यस्ता प्रकारका यी कारणहरूले गर्दा मैले फेरी मेरा छोराहरू देख्न पाउन्न कि ? ॥३९॥

मैले सपनामा मेरै प्यारा तीन छोरा जस्ता तीनवटा परेवाका प्यारा राम्रा बचरा देखें । मेरा छोराहरूको ज्यान रक्षा गरी मेरो प्राणको कल्याण गरि-दिनुहोस् । सपनामा देखेका ती तीनवटा परेवाका बचरा प्यारा मेरै छोरा जस्ता म ठान्दछु ॥४०॥

फेरी त्यही सपना ती तीनयटा परेवाका बचरा भएको ठाउँमा एउटा बाज (शिकारी चरो) पस्यो र एउटालाई गाँजेर लग्यो मेरो यस प्रकारको यो शोक हृदयमा पसेको छ ॥४१॥

मलाई ठूलो डाह, शोक र चिन्ता परेको छ यसले गर्दा मेरो मृत्यु पनि चाँडै नै हुनेछ । हजूरको आफ्नै दयाबाट मेरा छोराहरूको प्राण रक्षा र मेरो जीवनको रक्षा गरिपाऊ ॥४२॥

यति भनेर स्मृतिहीना, नष्टचित्ता, होश नभएकी महारानी मूर्च्छा परेर त्यहीँ भैंमा पछारिइन् । अनि त्यस्तो देखेर अन्तःपुरका सबै मानिसहरू करुण स्वरले रुन कराउन थाले ॥४३॥

ती महारानी मूर्च्छित भै त्यहीँ भूमिमा पछारिएको देख्नेबित्तिकै शोकले व्याकुल छोराको वियोग भएका मन्त्रीले सहित भएका राजाले कुमारहरूको बारेमा के कस्तो भएको रहेछ भन्ने कुरा जान्नाका निमित्त अमात्यहरूलाई खटाए ॥४४॥

अनेकौँ हातहतियारहरू लिएर खोज खबर गर्न तंसिएका सम्पूर्ण शहरवासीहरू यताउति पुगेर फर्कदै आँसु बहाउँदै रुँदै बाटामा ती महासत्वका बारेमा सोध्न थाले ॥४५॥

के ती महासत्व बाँचेका त छन् ? कहाँ गए होलान् ? हामीहरूले के आजै अहिल्यै देख्न अर्थात् भेट्टाउन सक्नेछौँ ? प्राणीहरूका अत्यन्त दर्शनीय सुन्दर प्यारा चाँडै नै थकाइ मेटेका तिनलाई हामी फेला पार्न सकौँला ? ॥४६॥

शोकले अँध्यारो मुख लाएका, यस्तो दारूण हृदय विदारक (कठोर) आपत्तिको विषय आइपरेर अत्यन्त क्लेशकारी संकटका स्वरहरू निकाल्दै राजा महारथ-उठेर रुन थाले ॥४७॥

शोकले पिडीत भएर पृथिवीलाई आँसुका धाराले सेचन गर्दै अर्थात् असाध्य रुँदै भूनिमा मूर्च्छापरी पछारिएपछि पानी छर्केपछि जब उनी होशमा आइन् अनि दुःखपूर्ण मन भएकी ती महारानीले सोध्न थालिन् ॥४८॥

के मेरा छोरा मरे ? अथवा बाँचेका छन् ? राजा महारथ र उनकी महारानीले यस्तो भन्न थाले, अनि अमात्य र परिषद्हरू जो भएको छ त्यो कुरा जान्न हिँडे ॥४९॥

हे महारानी ! तिमी कुमारहरूका विषयमा ज्यादै खिन्न मन भएकी र क्लेश र शोकले युक्त हृदय भएकी नहोऊ भनी राजा महारथले सम्झाउँदा सम्झाउँदै गरेकै समयमा महारानी काँप्न थालिन् ॥५०॥

सम्पूर्ण अमात्यगण आँसु खसाल्दै, रुँदै, शोकले व्याकुल भएर खिन्न मन र निन्याउरा आँखा लाउँदै संपूर्ण कुरा जान्नका लागि राजकुल (राजदरबारबाट) शहरका अगाडीको भागमा निस्के ॥५१॥

यसपछि छोराहरूको (खोजीका) लागि आँसु बगाउँदै रुँदै राजा निस्केको देखेर राजाका पछि पछि धेरै जनताहरू (प्राणिहरू) ताँती लागेर राजाका सँगसँगै निस्के ॥५२॥

यसपछि ती राजा महारथले प्रत्येक दिशामा प्यारो छोरो देखिन्छ कि भनेर हेर्दा सुन्दर बाटुला आँखा गएको कपाल मुडेको अर्कै पुरुष देखे ॥५३॥

त्यो कस्तो थियो भने रगतले शरीर पोतिएको, शरीर धूलैधूलले ढाकिएको, आँसु खसाल्दै रुँदै यसो उभिँदै माथितिर हात ठड्याउँदै कराँउँदै हिंडेको थियो । यसपछि चाँडै नै अर्कै एउटा अमात्य (धीसचिव याने ठूला ठूला बुद्धिका कुरामा सल्लाह दिने मन्त्री) आएर स्याँस्याँ गर्दै राजाका समीपमा आएर उनै राजा महारथलाई भन्न लागे ॥५४–५५॥

हे महाराज ! हजूरले चित्तमा शोक नगरी वक्सियोस्, हजूरका प्यारा छोराहरू कत्ति दुःख नपाई आनन्दमा छन् र अब चाँडै नै हजूरका समीपमा आउनेछन् र त्यस्ता आनन्दमा रहेका असल छोराहरूलाई हजूरले देख्नु हुनेछ ॥५६॥

यस्तो भनेको मुहूर्त (दुइ घडि) भित्रै राजा भएको ठाउँमा धूलैधूलाले ढाकिएको मैलो लुगालाएको, वर्वर्ति आँसु खसालेको यस्तो अर्को अमात्य आएर राजालाई यस्तो भन्न थाल्यो :– ॥५७॥

हे महाराज ! हजूरका दुइवटा छोराहरू शोकरूपी ज्यालाले दन्केर रहेका छन् । हजूरको अर्को उत्तम पुत्र त देखिन्नन् । लाग्दछ, ती महासत्वलाई कालले

ग्रास गऱ्यो कि ? ॥५८॥

भर्खरै सुत्केरी भएकी बघिनीले आफ्नै बच्चाहरू खान आँटेको देखेर ती उत्तम राजकुमार महासत्वले ठूलो करुणारूप बल उत्पन्न गरेर ॥५९॥

संपूर्ण प्राणीहरूलाई यो बोधि ( बुद्धज्ञान ) मा उद्बोधन गराउँछु उदार प्रतिज्ञा गरेर त्यही उदार र गंभीर बोधिलाई इच्छा गरेर र पछि आउने समयमा पनि त्यही बोधिलाई म पाउँन सकूँ भन्ने यस्तो प्रतिज्ञा गरी ॥६०॥

गिरितटमा बसेकी भोकाएकी बघिनीका अगाडी ती बोधिसत्व लम्पसार परे । उसले पनि एक मुहूर्तमानै राजकुमारका अङ्गप्रत्यङ्गहरू मासुले रहित खाली हाडमात्र बाँकी राखी ॥६१॥

यस्ता प्रकारका वचनहरू धैर्यपूर्वक सुनेर ती राजा महारथ नष्टचित्त भै दारुण शोकरुपी अग्निले तपाइएर मूर्छा परी पृथिवीमा पछारिए ॥६२॥

अमात्य परिषद्हरू करुण स्वरले रुँदै शोकले व्याकुल भएर ती राजा-लाई जलले शीतोपचार गरे । यो समयमा सबैले कराउँदै माथितिर हात उठाएका थिए अनि तेस्रो अमात्यले राजालाई भने ॥६३॥

हे राजन् ! त्यो ठूलो वनमा गएको मैले भूमिमा पछारिएका विहोस भएका दुइटा राजकुमारलाई देखेँ अनि मैले पानीले उहाँहरूलाई सेचन गर्दै शीतोपचार गरेँ ॥६४॥

जब उहाँहरूलाई होस आयो अनि यसो बस्तै चारै दिशातर्फ खूब गडेर हेर्न थाल्नुभयो । अनि एकछिन अड्ने अर्को छिनका भूमिमा ढल्ने गरी करुण स्वरबाट विलाप गर्न लाग्नु भयो ॥६५॥

उहाँहरू सदा हात ठडपाउदै रहनु हुन्थ्यो, दुवैले भाइका नामका अक्षर हरू उच्चारण गर्नु हुन्थ्यो । यो सुनेर राजा दुःखी चित्त तथा पुत्रवियोगजन्य टीठलाग्दो मन तथा हृदय लिएका भए ॥६६॥

शोक बढ्दै गएको हुनाले बिलौना गर्दै राजाले प्यारो नपाइसक्नु, मेरो कान्छो छोरो वनराक्षसले खायो नि...भनि विलाप गर्न लागे ॥६७॥

बाँकी यी दुई मेरा छोराहरू पनि शोकरूपी अग्निले नपिल्सियुन् यसर्थ ती दुई छोराहरूलाई हेर्न म आफै त्यहीँ जान्छु र परम प्रियदर्शन ती दुवै छोरालाई हेर्छु ॥६८॥

यी सम्पूर्ण राजकुल (दरवारका मानिसहरू) लाई चाँडैनै सवारी ल्याएर चाँडैनै राजधानीमा प्रवेश गराऊँ । यी छोराहरूकी आमा अर्थात् महारानी ठूलो शोकरूपी अग्निले हृदय फुटेकी अर्थात् टुक्रा टुक्रा भएकी हुन नपाऊन् ॥६९॥

बाँचेका छोरालाई देखेर उनले शान्ति पाउलिन् र बाँचेका छोरासँग उनको वियोग पनि त हुनेछैन । यति भनी राजा पनि अमात्यगण सहित हात्तीमा चढ़ेर त्यहाँ (राजकुमार भएको ठाउँमा) हेर्न भनी गए ॥७०॥

करुणाजनक स्वरले कराइरहेका, हताश मन भएका भाइको नाम उच्चारण गर्दै भाइलाई बोलाइरहेका यस्ता ती दुई छोराहरूलाई देखेर राजाले ती दुवै छोराहरूलाई लिएर आफू पनि रुँदै रुँदै शहरमा पसे । भरसक चाँडै आफ्ना छोराहरू हेर्न हड्वड़ाइरहेकी देवी (महारानी) ले पनि आफ्ना छोरा कुमारलाई देखिन् ॥७१॥

म शाक्य मुनि तथागत नै पहिले उत्तम महासत्व नाम भएको राजा महारथको छोरा भएको थिएँ। जुन मैले त्यो बघिनीलाई सुखी बनाएको थिएँ ॥७२॥

राजाहरूमा उत्तम शुद्धोदन नै महारथ नाम गरेका राजा भएका थिए, उत्तम मायादेवी महारानी भएकी थिइन् र महाप्रणाद यीनै मैत्रेय भएका थिए ॥७३॥

वीरकुमार मञ्जुश्री महादेव नामक राजकुमार भएका थिए, महाप्रजापती बघिनी भएकी थिइन् र यी भिक्षुहरू त्यो बघिनीका पाँचोटा छाउरा (बच्चा बा डमरु) भएका थिए ॥७४॥

यस।छ महाराज र महादेवीले अनेक प्रकारको करुणमय विलाप गरेर ती सबै आभूषणहरू उतारेर ठूलो जनसमूहका साथ छोराका शरीरको पूजा गरेर यही ठाउँमा ती महासत्वका यी शरीर (शरीरका हाड) हरू स्थापना गरिएको यही सप्त रत्नमय स्तूप हो । त्यहाँ देवता महासत्वले यही बघिनीलाई आफ्नू शरीरको परित्याग गर्नु भएको हो। यस्ता प्रकारको प्रतिज्ञा (प्रणिधान) करुणाद्वारा गरियो । यो मेरो शरीरको यो परिदेशनाले पछि आउने समयमा गन्नै नसकिने कल्पसम्म संपूर्ण प्राणीहरूलाई बुद्ध शरीर बनाउने काम गर्नेछ। यो उपदेश निर्देशन गरेपछि देवताले सहित मनुष्ययोनिमा जन्मेका प्रजाले र अप्रमेय प्राणीहरूले अनुत्तरा सम्यक् संबोधिमा चित्त लगाइयो। यो स्तूपको यहाँ प्रष्टरूपले दर्शन गराउनामा यही हेतु र यही प्रत्य हो। त्यो स्तूप पनि बुद्ध (भगवान्) को अधिष्ठानद्वारा त्यहीं नै अन्तर्धानमा प्राप्त भयो इति ।

**यो श्रीसुवर्णप्रभास उत्तम सूत्रेन्द्रराजमा व्याघ्री परिवर्त नामक उन्नाइसौं परिवर्त समाप्त भयो ।**

## २०

# सर्वतथागतस्तव परिवर्तः

यसपछि ती अनेकौँ सयौँ हजारौं बोधिसत्वहरू जहाँ सुवर्णरत्नाकरच्छत्र-कूट तथागत हुनुहुन्थ्यो त्यहाँ पुगे। त्यहाँ पुगेपछि ती सुवर्णरत्नाकरच्छत्रकूटका पाउमा शिरले ढोगेर अञ्जलिपुट जोड़ेर एकान्तमा बसेर उनै सुवर्णरत्नाकरच्छत्रकूट तथागतलाई स्तुति गर्न लागेः–

अत्यन्त राम्रो अनुहार भएका, शरीर परित्याग गर्ने जिन, सूनका जस्तो वर्णले शरीर झल्मलाएका, यस सुमेरूका जस्तो वर्ण भएको पर्वत (सुमेरू पर्वत) जस्ता हे अत्यन्त राम्रो अनुहारमा पनि अझै राम्रो हे मुनि ! हे पुण्डरीक ! ॥१॥

असल लक्षणका चिन्हहरूले शरीर भूषित भएका, चित्र विचित्र व्यञ्जन-हरूले अङ्गप्रत्यङ्ग विचित्र भएका अत्यन्त झल्मलाउने काञ्चनका जस्तो तेज भएका, अत्यन्त निर्मल र सुन्दर पर्वत राज जस्ता ॥२॥

हे ब्रम्हेश्वर ! हे सुस्वर ब्रम्हघोष ! सिंहको पनि मालिक महासिंह तथा मेघको जस्तो स्वर भएका, साठीवटा अङ्गका सुन्दर स्वर भएका तथा निर्मलताका स्वामी समान भएका, मयूर र भँगेराका जस्तो स्वरले सुशोभित भएका ॥३॥

अत्यन्त निर्मल झल्मलाउँदो तेजले उज्याला भएका, पुण्यदायक सयौँ लक्षणहरूले अलंकृत, जिनस्वरूप भएका, अत्यन्त सङ्ग्लो निर्मल सागर जस्ता जिन स्वरूप तथा संपूर्ण असल गुणहरूले खचित सुमेरू जस्ता हे जिन ! ॥४॥

अरू प्राणीहरूको हितमा दया गर्ने, संसारलाई परम सुख दिने, परमार्थको जिन र परं निर्वाणको ठाउँ जस्ता भएका ॥५॥

सुखरूपी अमृत प्रदान गर्ने, मैत्री बल र वीर्यका उपाय जस्ता भएका, सत्यका ठूला समुद्र वा सागर जस्ता तपाईंका प्रत्येक गुणहरू धेरै हजारौँ कोटियौँ कल्पसम्म प्रकाश गरे पनि सकिदैनन् अर्थात् हजुरको एक गुण त्यति कल्पमा प्रकाश गरेर पनि सकिदैन ॥६॥

मुणैगुणको समुद्रबाट केही गुणका विन्दुहरू (थोप्लाहरू) मात्र संक्षेपले मैले यति प्रकाश गरेको हुँ। हजुरको खूब अभिवृद्धि भएको जुन पुण्य राशि छ त्यसबाट प्राणीहरूले उत्तम बोधि (बुद्धज्ञान) प्राप्त गरून् ॥७॥

यसपछि रुचिरकेतु बोधिसत्व आसनबाट उठेर एउटा काँधमा उत्तरी पहिरेर (हालेर) दाहिने जानुमण्डल (दाहिने घुँड़ा) पृथिवीमा टेकेर भगवान् भएको ठाउँमा पुगी भगवान्लाई अञ्जलिपूर्वक प्रणाम गरी त्यो वेल यी गाथा-हरूले स्तुति गर्न थालेः–।

हे मुनीन्द्र तपाईं सयौँ पुण्यलक्षणयुक्त र हजारौ सुन्दर शोभाका गुण-हरूले अलंकृत हुनुहुन्छ। फेरि उदार र उत्तम वर्णले अति राम्रो दर्शनीय हुनुहुन्छ र सूर्यझैँ उदाउनु हुन्छ ॥८॥

अनेकौँ किरणहरू चंकनाले झल्झलाउँदो कान्ति भएका, विचित्र रत्नै रत्नको समूहमा रत्न तुल्य भएका, नीलो गोरो तथा काञ्चनका जस्तो प्रभा भएका वैदूर्यमणि, तामा र रातो स्फटिक जस्तो कान्ति भएका ॥९॥

वज्रजस्ता इन्द्रपर्वतहरू अनन्त कोटि प्रभा विकासहरूले पनि त्यति शोभित हुँदैनन् तर इन्द्रसहितका प्रचण्ड सूर्यजस्ता तपाईं प्राणीहरूको सुख हुने आचरण गर्नें भएकोले त्यसबाठ खूब तेजिला हुनुहुन्छ, यस्ता हजूर मेरा उपर खुसी हुनुहोस् ॥१०॥

इन्द्रिय र वर्ण अर्थात् अनुहार उज्यालो हुनाले अतिदर्शनीय भएका, चारैतिरबाट तेजिलोरूप र प्राणीहरूलाई प्यारो लाग्ने स्वरूप भएका तपाईं कत्ति पनि धूलो नलागेको भै कुनै तेजिलो वस्तुलाई भ्रमराहरूले ढाकेर फेरि छोडे जस्तो गरी खूब तेजिलो हुनुहुन्छ ॥११॥

तपाईं अत्यन्त शुद्ध कारुण्य गुणहरूले अलंकृत बराबर भएका मैत्री बल-रूपी पुण्यको राशि जस्ता, चित्रविचित्रताले परिपूर्ण भएका व्यञ्जन (विशेष चिन्ह) हरूले पूजित अर्थात् खचाखचभएका बोधिको अङ्ग भएको समाधिले अलंकृत हुनुहुन्छ ॥१२॥

तपाईँ नै सबैलाई आह्लादित पार्नें, सबैलाई सुख दिने, सबैको असल गर्नें' सबैको सम्पूर्ण सुखको उत्पत्ति स्थान तुल्य हुनुहुन्छ। फेरि विचित्र गंभीर गुणहरूले अलंकार गरिएका यस्ता तपाईं हजारौँ कोटियौँ क्षेत्र (बुद्धक्षेत्र) हरूमा प्रकाशमान हुनुहुन्छ ॥१३॥

आकाशको सूर्यमण्डलमा किरणै किरणहरूले युक्त सूर्य जसरी विशेष-प्रकारबाट तेजिला हुन्छन् त्यस्तै तपाईं पनि तेजिला हुनु हुन्छ र सम्पूर्ण गुणहरूले

युक्त भएको सुमेरू पर्वत जस्तो सम्पूर्ण त्रिलोक धातुहरूमा देखिन्छ त्यस्तै तपाईं पनि पूर्ण त्रिलोक धातुहरूमा देखिनुहुन्छ ॥१४॥

गाईको दूध, शङ्ख, कुमुद र चन्द्रमा जस्ता सेता भएका, हिउँ र सेतो कमलको जस्तो पाण्डु र कान्तिले युक्त भएका तपाईंका दाँतका पंक्ति अन्तरीक्षमा रहेका असल हाँसका पंक्ति जस्तै तपाइँका मुखमा शोभायमान छन् ॥१५॥

उपरोक्त प्रकारका तपाईंका दाँत तपाईंको राम्रो मुखपी चन्द्रमा त्यस्को मुखभित्र रहेका ती दाँत दाहिनेतिर घुमेका असल कुण्डल युक्त त्यो अनुहार वैडूर्य मणिका वर्ण जस्तो वर्ण भएको उर्ण्णरश्मिले अत्तरीक्षमा सूर्य झैं साह्रै उज्यालो भएर चंकेको छ ॥१६॥

यो सुवर्णप्रभासउत्तमसूत्रेन्द्रराजमा सर्वतथागतस्तव
परिवर्तनामक बीसौं परिवर्त समाप्त भयो

२१

# निगमन परिवर्तः

यसपछि बोधिसत्व समुच्चया नाम गरेकी कुलदेवताले हृष्ट र तुष्ट भएर त्यो बेलामा यी गाथाहरूले भगवानलाई स्तुति गर्न थालिन्– ।

अत्यन्त विशिष्ट शुद्ध बोधिले युक्त भएका, विशुद्धधर्मयुक्त भएका प्रतिभामा अनुबुद्ध भएका, सद्धर्म र पुण्यको अनुसरणबाट अनुबुद्ध भएका, संसारको अग्रभाग (जरैसम्म) नै शून्य भएका अर्थात् संसारबाट पार भएका विशुद्ध बुद्धि भएका बुद्धलाई नमस्कार छ ॥१॥

तेज कत्ति पनि नखोट्टिएका अर्थात् सम्पूर्ण तेजयुक्त बुद्ध धन्य धन्य छन्, सागर र मेरू तुल्य बुद्ध धन्य धन्य छन्, अनन्त गोचरयुक्त बुद्ध धन्य धन्य छन्, जुन बुद्ध डुम्रीको फूल झैँ अत्यन्त दुर्लभ छन् ॥२॥

करुणाले युक्त भएका तथागत धन्य धन्य छन्, शाक्य कुलका ध्वजा जस्ता नरेन्द्र (राजाहरू) मा सूर्य जस्ता (तथागत धन्य छन्) जुन तथागतले सम्पूर्ण प्राणीहरूको अनुग्रहका लागि यस्ता प्रकारको उत्तम सूत्र उपदेश गरे (त्यस्ता तथागत धन्य छन्) ॥३॥

शान्तिका ईश्वर, प्राणीहरूमा उत्तम यस्ता शाक्यमुनि तथागत शान्तिका नगरीमा प्रवेश गर्नुभएको छ। गंभीर शासक जुन जिन र बुद्धका गोचरमा पस्दा विरजा (कुनै दुःख नभएको) नाम समाधि प्राप्त हुन्छ॥४॥

पहिले शरीर भन्नु नै शून्य छ त्यस्तै श्रावकका शरीर पनि शून्य छन्, द्विपदोत्तम (बुद्ध) का विहार पनि शून्य हुन्, ती सम्पूर्ण धर्महरू पनि स्वभावैले शून्य छन्, प्राणीहरू र उनीहरूको आत्मभावहरू पनि शून्य छन्, वास्तवमा यी उपरोक्त कुराहरू कहिल्यै पनि छँदै छैनन् अर्थात् जो छ त्यो सम्पूर्ण शून्य छ ॥५॥

अविनाशी जिनलाई म सदा सम्झन्छु, जिनको दर्शन (जैनदर्शन) लाई सदा सोचिरहन्छु, निरन्तर नित्य प्रणिधि गर्छु यी सबै कुरा म संबुद्ध सूर्यको

दर्शनका लागि गरिरहन्छु ॥६॥

म सदा भरतीतलमा घुँडा टेक्छु (बौद्धहरू प्रार्थना गर्दा घुँडा टेक्छन्), जिनको दर्शनका लागि अत्यन्त शोक संतप्त हुन्छु, कारुण्यविनायकको सेवा गर्छु, सुगतको दर्शनका लागि अत्यन्त तिर्खाउँछु ॥७॥

म चारैतिरबाट सधैँ शोकरूपी अग्निले दन्केको छु तसर्थ मलाई दर्शन रूप (जिनको दर्शन स्वरूप) चीसो पानी दिनुहोस् । प्राणीहरू तपाईँको स्वरूपको दर्शनका लागि लालायित छन् र मलाई करुणारूपी जलले आनन्द पारिदिनु-होस् ॥८॥

हे नायक ! मेरा उपर कारुण्यभाव गरिबक्स्योस्, मलाई सुन्दर रूपको दर्शन दिबक्स्योस् । यो सम्पूर्ण जगत् उपदेश गर्छ कि "हजूर एक मात्र सबैको रक्षक हुनुहुन्छ र श्रावकहरूका शरीर शून्य छन् ॥९॥

गगणका स्वभाव आकाश जस्तै छन् यद्वा स्वभावहरू आकाश र गगन तुल्य छन् । अथवा ती स्वभावहरू मायाका किरणमा देखिने (टल्किने) चन्द्रमा जस्ता छन्, सम्पूर्ण प्राणीहरूका स्वभावहरू सपना जस्ता हुन् र यी सबै कुरा स्वयं नायक (बुद्ध) का महान्त शून्य (अत्यन्त शून्य) का स्वभाव हुन् ॥१०॥

यसपछि भगबान आसनबाट उठेर ब्रह्मस्वरले भन्नुभयोः– हे कुलदेवता ! तपाईँलाई धन्यवाद छ, धन्यवाद छ । शासक (बुद्ध) ले हे कुलदेवता तपाईँलाई फेरि पनि धन्यवाद दिनु हुन्छ ।

भगवानले यस्तो भन्नु भएपछि अत्यन्त हर्षविभोर मन भएका ती बोधिसत्वहरू बोधिसत्वसमुच्चया कुलदेवता सरस्वती र महादेवी प्रमुख तथा सम्पूर्ण परिषद् देवताले सहित मनुष्य असुर गरुड किन्नर महोरग आदि प्रमुख सबैले भगवानले भन्नुभएको कुरालाई स्वीकार गरे । इति

**यो सुवर्णप्रभासउत्तमसूत्रेन्द्रराजमा निगमन परिवर्त नामक एक्काइसौँ परिवर्त समाप्त भयो**

हेतु र प्रभावले युक्त भएका जो धर्महरू छन् तिनीहरूको कारण तथागतले भन्नुभएको छ, फेरि ती धर्मबाट आइलाग्ने जे जति जरा मरण आदि छन् तिनीहरूको निरोध हुने उपाय पनि उहाँले भन्नुभएको छ भनी महाश्रमणले यस्तो भनेका छन्"

# सुवर्णप्रभाससूत्रेन्द्रराजको अनुवादको विषयमा

महायान बुद्ध-दर्शनका परम पवित्र ९ ग्रन्थ छन् । ती हुन्:-

(१) प्रज्ञापारमिता,
(२) सद्धर्मपुण्डरीक,
(३) ललितविस्तर,
(४) लंकावतार,
(५) सुवर्णप्रभास,
(६) गण्डव्यूह,
(७) समाधिराज
(८) दशभूमीश्वर र
(९) तथागत गुह्यक ( गुह्यसमाज तन्त्र ) 'वज्रयान' यो बज्रयान-अन्तर्गत छ,

हाम्रो राष्ट्र नेपालमा बौद्धसम्प्रदायका धर्मशास्त्रीय नौ ग्रन्थ आदरणीय तथा श्रद्धापूर्वक हेरिन्छन् । उपर्युक्त प्रत्येक ग्रन्थलाई साधारणतया "वैपुल्यशास्त्रको नामबाट पुकारिन्छन् । किनभने 'वैपुल्य' शब्दको प्रायशः यी ग्रन्थहरूमा अति प्रयोग भएको पाइन्छ । यो सुवर्णप्रभाससूत्रेन्द्रराज पनि उनै ९ ग्रन्थमध्ये पर्दछ । यसलाई महत्त्वपूर्ण ग्रन्थमध्ये एक हो भनेर मानिएको छ । यस ग्रन्थमा पूजाका विषयमा अत्यन्त जोड दिइएको छ र हाम्रो नेपालमा उपरोक्त ९ वटै ग्रन्थहरू धार्मिक भावनाबाट पूजा गरिन्छन् ।

यो सूत्रेन्द्रराजका विषयमा अनेक मत-मतान्तर पाइन्छन् । किनभने नेपाल-का कतिपय पाण्डुलिपिमा कतै यसलाई 'सुवर्णप्रभासोत्तम,' कतै 'स्वर्णप्रभासोत्तम' र कतै 'सुवर्णप्रभासोत्तमा' भनेको पनि पाइन्छ । त्यस्तै देशना शब्द पनि स्त्रिलिङ्गीको रूपमा 'सुवर्णप्रभासोत्तमा' सँग तादात्मा सम्बन्ध राख्तछ । यसै हुँदा डा. नोवेलले यसको नाम 'सुवर्णप्रभासोत्तम'को ठाउँमा 'सुवर्णभासोत्तम' भनेका छन् ।

यो 'सुवर्णप्रभास' चीन र जापानमा अत्यन्त श्रद्धाको दृष्टिले हेरिन्छ। त्यहाँका राजाहरूले आफ्नू भाषामा यसको अनुवाद गर्न प्रेरणा दिएकाले "धर्मरत्नले ई. ४१२-४२६, मा परमार्थले ई ५४८ मा, यशोगुप्तले ई. ५६१-५७७ मा पाओक्वीले ई. ५९७ मा, र इत्सिङ्गले ई. ७०३ मा चीनी भाषामा अनुवाद गरे। यस्तै प्रकारले जापानी भाषामा पनि ३।४ अनुवाद गरेका छन्। यिनीहरूमा जिनभित्र शीलेन्द्रबोधि आदिले गरेका अनुवादहरू पाइन्छन्। चीन र जापानका ती अति प्राचीन अनुवाद आजकाल पाउन अति मुश्किल पर्दछ। यिनीहरूलाई छोडेर इत्सिङ्गको संस्करणको आधारमा ब्युगुर र खोटानमा यसको अनुवाद भएको थियो। यसबाट थाहा हुन्छ कि यसको निक्कै व्यापक प्रचार थियो। पाओक्वीको समन्वयात्मक संस्करणको प्राक्कथनमा उनले तत्कालीन प्राप्त विभिन्न अनुवादको समय र मौलिकतासम्बन्धी मूल्यवान् ऐतिहासिक तथ्य पेश गरेका छन्। यसबाट यो सिद्ध हुन्छ कि धर्मरत्नकद्वारा चीनी भाषामा गरिएको सर्वप्रथम अनुवादको नै एक असाधारण महत्त्व छ। हुनत नेपालबाट नै सर्वप्रथम यो ग्रन्थ चीनी भाषामा अनुवाद भएको हुनुपर्छ, यसका अतीव प्राचीन लिपिबद्ध मूलग्रन्थ हाम्रो नेपालमा छन्, तर ती धार्मिक भावनाले गर्दा पूजाकोठाबाट कसै गरे पनि बाहिर निकाल्न सकिन्नन्, सकेमा पाठान्तरको भ्रम निवारण भई यथार्थ मूल ग्रन्थको तथ्य फेला पर्नें थियो। अस्तु।

यसरी यसका अनेकौं भाषामा अनेकौं संस्करण हुँदा पर्न गएका त्रुटिबाट कतिपय कारणले गर्दा ग्रन्थ ठूलो हुनु सत्यताको अपेक्षा धेरै पाठभेदहरू देखिने कुरा पाओक्वीको उक्तिले पुष्टि गर्दछ।

अहिलेको यो अनुवाद श्रीशीताशुशेखर वागचि शर्माद्वारा संपादित मिथिला विद्यापिठका प्रधानले प्रकाश गरेको, संवत् २०२४ सालमा मिथिला इन्स्टिच्यूट दर्भङ्गाबाट प्रकाशित पुस्तकको आधारमा गरिएकोले यसमा शीतांशु-शेखर वागचि भन्दछन्-"महायान संप्रदायका अध्यापक र छात्रवर्गले वर्तमान यस संस्करणमा जुन शोधपत्र रहेको छ, त्यसका साथ पाठान्तर मिलाई अध्ययन गरी बाँकी भ्रष्ठ पाठान्तरको उपेक्षा गर्नू।"

यस सुवर्ण प्रभासमा विभिन्न विषयको समावेश भएको छ। जस्तै दर्शन, नीतितन्त्र, आचार र उपाख्यान। यी सबैको यो सुन्दर संमिश्रण हो। यसमा संहति र चिन्ताको एकताको अभाव नै छ भने पनि हुन्छ। यसको अभिव्यक्ति साह्रै सुगम छ। वर्तमान संस्करणमा पनि पहिलेको झैं असम्बद्ध विषयको समावेश गरिएको छ। यसको दोस्रो र अगाडिका चार परिवर्तमा महायान बौद्ध संप्रदायका मुख्य

सिद्धान्तहरूको प्रतिपादन गरिएको छ। बाँकी अगाडिका परिवर्तहरूमा अगाडिका परिवर्तसंग कुनै सामञ्जस्य छैन। ती विषयहरू परिवर्तिकालमा प्रक्षिप्त भएका हुन् कि भन्ने शंका लाग्छ। द्वितीय परिवर्तपछिका एक परिवर्तमा बुद्धका त्रिकायको सम्बन्धमा पर्यालोचन गरिएको छ, यसलाई परवर्तीकालमा चीनी संस्करणद्वारा प्रवेश गराइएको देखिन्छ। यसरी वेला वेलामा यस ग्रन्थमा अंशान्तरको समावेश गर्ने योजना भएको देखिन्छ। किनभने अव्यवहित पूर्ववर्ती द्वितीय परिवर्तमा त्रिकायका सम्बन्धमा उल्लेख छैन। यसमा त केवल बुद्धको धर्मकाय र निर्माण-कायको नै उल्लेख गरिएको छ।

यस सुवर्णप्रभासका साथ महायान संप्रदायका भिन्न भिन्न सूत्रग्रन्थहरूको निकट सम्बन्ध छ। जस्तै यसको द्वितीय परिवर्तमा बुद्धको परिनिर्वाणका प्रति विरति छ। ठीक यसै कुराको उल्लेख सध्दर्मपुण्डरीकको पन्ध्रौं परिच्छेदमा पनि पाइन्छ। यसको कुरा सध्दर्मपुण्डरीकले लिएको हो कि सध्दर्मपुण्डरीकको यसले लिएको हो यसमा केही भन्न सकिन्न। त्यस्तै धन्यवादका विषयमा यस सुवर्णप्रभासमा र प्रज्ञापारमितामा विचार विमर्शको विषय एउटै रूपमा पाइन्छ।

संस्कृत माध्यममा यस सुवर्णप्रभासमा २१ परिवर्त छन्। तीमध्ये प्रथम परिवर्तमा यस ग्रन्थको श्रवण-माहात्म्य छ— श्रवणबाट अभिलषित विषयको प्राप्ति, मानव-जीवनका परम चरम उद्देश्यको प्राप्ति, हानिकारक भूतग्रहादिको शान्ति र प्रतिकूल नक्षत्रादिको प्रभावबाट मुक्ति हुन्छ भन्ने कुराको वर्णन छ।

दोस्रो परिवर्तमा पहिल्यै एउटा कथा दिइएको छ। राजगृहमा रुचिरकेतु नामक एक बोधिसत्त्व रहन्थे। उनलाई शाक्यमुनिको असी वर्षकै आयु किन भयो भन्ने शंका भयो, त्यसको कारण जीवनकालको विषयमा संचे-पमा छ। जस्तै—

"भगवान् बुद्धले दीर्घायुका लागि कसैको वध नगर्नै र सबैलाई खान दिन" यिनै दुई कुराको निर्देशन गरिएको छ। किनभने भगवान् शाक्यमुनिले कहिल्यै पनि प्राणीको वध गर्नुभएन र तृप्त हुने गरी सबैलाई भोजन प्रदान गर्नुभयो। त्यति मात्र हैन कि अरूको निमित्त आफ्नू मासु रगतले भोकाएका प्राणीलाई तृप्त पार्नुभयो। तैपनि रुचिरकेतुलाई त्यस्तो नियम पालन गर्ने शाक्य-मुनिको केवल असी वर्ष मात्र आयु किन हुन गयो भन्ने शंकाले छोडेन। त्यसै समयमा चार दिशाबाट अक्षोभ्य, रत्नकेतु, अमितायु र दुन्दुभिस्वर चार बुद्ध उनका अगाडि प्रादुर्भाव भए। यसबाट रुचिरकेतुको घर र राजगृह उज्यालो भयो; सम्पूर्ण शहर मङ्गलमय भयो। अनि रुचिरकेतुले ती चार बुद्धहरूसँग

"शाक्यमुनिका आयुको प्रमाण गर्न सक्ने यस संसारमा कोही पनि छैन बरु समुद्रका पानीका थोपा र सुमेरू पर्वतका कण गन्न सकिएलान्, तर शाक्यमुनिका आयुको परिमाण गर्न सकिन्न" यस्तो भने ।

यस परिवर्तमा "व्याकरणमा निष्णात कौण्डिन्य नामक एक ब्राह्मणले हजार ब्राह्मणका साथ बुद्ध भगवान्को पूजा गरे । तथागतको परिनिर्वाण भएको शब्द सुनेर तथागतका पाउमा पर्दै सहसा उनले भनेः– "यदि सबै प्राणीलाई राहुले जस्तै ठान्नु हुन्छ भने मलाई एउटा मात्र वरदान दिनुहोस्" भनेर चूप लागेपछि बुद्धका प्रभावबाट त्यस सभामा सर्वसत्त्व प्रियदर्शन नामक लित्सवीकुमार (लिच्छविकुमार) उपस्थित भए र भने– हे महाब्राह्मण ! तिमीले भगवान्सँग एउटा वर मागेका छौ त्यो म दिन्छु । उनले केवल सस्यूँ प्रमाण जत्रो धातु मागे, त्यसपछि कुमारले त्यसको प्राप्ति गर्न यो सुवर्णप्रभास सुन भने । उनले भने—यो सुन्न त कठिन छ तसर्थ धातु पाऊँ । त्यसपछि लित्सवीकुमारले यस सूत्रका धेरै गाथाहरूको पाठ गरे जसमा प्रार्थनाको असंभाव्यता व्यक्त गरिएको थियो । त्यसको सारांश यस्तो थियो – बरु गंगाको स्रोतमा कमल उम्रला, काग रातो होला, कोइली शंखका वर्णको होला, जामुनाको बृक्षका फल लाग्लान् इत्यादि भएपछि मात्र सस्यूँ जत्रो बुद्ध धातुको प्रादुर्भाव होला, य. सबै उदाहरणबाट बुद्ध धातुको असंभाव्यता व्यक्त हुन्छन् । अनि उनले रगत मासु केही नभएको बुद्धको धर्ममय मूर्तिको प्रार्थना पनि धर्मका लागि मागेको हुँ भने ।

अनि धर्मराज्यमा विचरण गर्ने, आदि कुराको चर्चा पछि चारबुद्ध, कौण्डिन्य, लित्सवीकुमारबाट भगवान् शाक्यमुनिका आयुको कुरा सुनेर रुचिरकेतु प्रसन्न भए । वास्तवमा यी अनेक बिचार विमर्षबाट बुद्धको नश्वर शरीरको अपेक्षा धर्ममय शरीरको प्रतिपादन गरिएको छ । जस्तै –

॥ न बुद्ध परिनिर्वाति न धर्मः परिहीयते इत्यादि ।

तेस्रो परिवर्तमा रुचिरकेतु नामक बोधिसत्वले सपनामा सुनको मेरी देख्तछन् । अत्यन्त तेजिला वैदूर्य मणिमय सिंहासनमा बसेका बुद्धहरू रत्नवृक्षका मनि धर्मोपदेश गरिरहेका पनि देखे । त्यहाँ एक ब्राम्हणले दुन्दुभि बजाइरहेका र त्यस दुन्दुभिबाट धर्मगाथाहरू निस्किरहेका थिए । उनले ब्यूँझेपछि ती धर्मगाथाहरू संझे र भगवान् भएको ठाउँमा पुगी ती गाथाहरू सुनाए ।

चतुर्थ परिवर्तमा रुचिरकेतुले सुनाएका ती गाथाहरूमा महायान सम्प्रदायका मौलिक धर्मसंक्रान्त मतहरूको उपपादन गरिएको छ । यी गाथाहरूमा मानवीय आध्यात्मिक कल्याण र गंभीर अनुभूतिको अभिव्यक्ति छ । महायान-

मतका मूल्यवान निष्कर्ष, धार्मिक उच्चतम नैतिक नियम, दुःख र पाम्मुक्तिको रहस्य, तथा जातिपातिको भेदभावरहीत सबैले सम्पक् - बोधि र निर्वाण पाउने बाटोको निर्देश गरिएको छ। जुन गर्नाले मानव दुःखमय संसारबाट पार हुन्छ।

पाँचौं परिवर्तमा सबै बुद्धहरूलाई उद्देश्य गरी स्तुति लेखिएको छ, सामूहिक रूपमा यसलाई 'कमलाकर' नाम दिइएको छ। यस परिवर्तको मुख्य विषय सुवर्ण भुजेन्द्र राजाले सबै बुद्धका आध्यात्मिक महिमाको वर्णन प्रस्तुत गर्नु हो।

छैटौं परिवर्तमा संपूर्ण वस्तुहरूको शून्यतामा परिशीलन गर्नु, छ इन्द्रलाई चोरसँग तुलना गर्नु; चित्तको चञ्चलता रूपकबाट चार धातुलाई सर्पसँग तुलना गर्नु, र अविद्या, संस्कार, विज्ञान, नामरूप, षडायतन, स्पर्श, वेदना, तृष्णा, उपादान, भव, जाति, जरामरण, शोक आदि बाह्र प्रतीत्य समुत्पादको क्रमिक उल्लेख छ।

विशेष प्रकारबाट जन्ममरण रूप संसारचक्रको स्वरूप, ज्ञानरूपी तरवारद्वारा क्लेशजाल काट्ने कुरा, मोक्षनगरको ढोका सदा खुला छ भन्ने कुरा र त्यहाँ धर्मको दुन्दभि बजिरहेको अनुत्तर धर्मको शंखध्वनि भइरहेको, अनुत्तर धर्मको ज्वाला बलिरहेको, अनुत्तर धर्मरूपी झंडा फरफहराइरहेको आदि वर्णन छ।तथा शाक्यमुनिको ज्ञान परिगणनाबाट बाहिर छ भन्ने आदि कुरा बताइएको छ।

सातौं परिवर्तमा मुख्य रूपमा सुवर्णप्रभास सूत्रेन्द्रराजको माहात्म्य-कीर्तन, वैश्रवण आदि चार महाराजले राजशक्तिको आडमा यसलाइ प्रचार गर्ने छौं भन्ने प्रतिज्ञा गरेको, धर्मप्रचारकलाई मद्दत दिने कुरा, सुवर्णप्रभासलाई ती चार महाराजले रक्षा गर्ने कुरा, जंबुद्वीपमा यसलाई प्रचार गर्ने कुरा, राजाहरूको निमित्त यो सूत्रेन्द्रराजबाट व्यावहारिक ऐश्वर्य र आध्यात्मिक कल्याणप्राप्ति हुन्छ भन्ने आदि छन्। यस परिवर्तमा अत्युक्ति र एउटै कुरा खूब दोहोऱ्याइएको छ।

आठौं परिवर्तमा सरस्वती देवी प्रकट भएर सुवर्णप्रभास व्याख्या गर्नेलाई अनन्य प्रतिभा संपन्न गराउने र खूब स्मृतियुक्त बनाइदिने प्रतिज्ञा गरेको आदि तथा सरस्वतीले गरेको पुण्याभिषेक, अनुष्ठान- पद्धतिको विस्तृत विवरण औषधी र मन्त्रको उल्लेख, कौडिन्यले मन्त्रोच्चारणद्वारा गरेको सरस्वतीपूजा, र सरस्वतीको बुद्धि प्रतिभा र अनन्य साधारण महिमाको वर्णन आदि छन्।

नवौं परिवर्तमा- श्रीमहादेवी उत्पन्न भएर धर्मभाणकलाई आध्यात्मिक संपदाद्वारा विभूषित पार्ने कुरा, दुर्भिक्ष महामारीको निवारण गर्ने र आनन्दमय स्थितिको सिर्जनामा र परम सम्बोधि प्राप्त गर्नमा यसै सूत्रबाट सम्भव भएको कुरा

रत्नकुसुमगुणसागर, बैदूर्यकनकगिरिसुवर्णकाञ्चनप्रभास नाम गरेका तथागतको पूजा वास्तवमा यस परिवर्तनमा सुवर्णप्रभास, श्रीमहादेवी र रत्न कुसुम ... तथागतका बारेमा विशेष भनिएको छ ।

दशौँ परिवर्तमा भिन्न भिन्न तथागत र बोधिसमूहका पवित्र नामको उल्लेख, बौद्धधर्मावलम्बीले यी नाम लिनुपर्छ भन्ने कुरा, त्यसो गर्न आग्रह र निर्देशन गरिएको, तथा धार्मिक अनुष्ठानबाट पूर्वस्मृति उपलब्ध हुन सक्तछ भन्ने कुराको वर्णन छ ।

एघारौँ परिवर्तमा दृढा पृथ्वी देवताको कथा, उनले धर्मोपदेशकका उपर आफू सदा रसिली भइरहने कुरा जम्बुद्वीपलाई हराभरा मङ्गलमय पार्ने कुरा, स्वयं भगवान्‌ले यस सुवर्णप्रभास उत्तमसूत्रेन्द्रराजको महिमा वर्णन गर्नु भएको कुरा र यो सुन्ने व्यक्ति तेत्तीस देवताको माझमा जन्मन्छ भन्ने आदि कुरा वर्णन गरिएको छ ।

बान्हौँ परिवर्तमा यक्षसेनापति संक्षेपको वृत्तान्त उनले यस सूत्रको प्रचारका लागि ऐकान्तिक सहयोग दिने कुराको वचन दिने कुरा, यसका प्रचारकको रक्षा गर्ने कुरा, त्यस्ता धर्मप्रचारकहरूको संपूर्ण बाधा हटाउने आदि प्रतिज्ञा गरेको कुराको वर्णन छ ।

तेन्हौँ परिवर्तलाई देवेन्द्रसमयपरिवर्त भनिएको छ, यसमा राजशास्त्र–सम्बन्धी विषयको प्रतिपादन गरिएको छ । यसमा राजा बदलकेतुले भर्खरै राज्याभिषेक गरिएका रुचिरकेतुलाई उही राजशास्त्र विषयको उपदेश गरेको कुराको वर्णन छ ।

चौधौँ परिवर्तमा सुसंभव राजाको वृत्तान्त छ । यी राजाको राज्य सीमा चारै दिशासम्म थियो । यिनी सपनामा बुद्धका गुण सुन्दछन्, धर्मभाणक भिक्षुले रत्नोच्चय सूत्र राजको व्याख्या गरेको पनि सुन्दछन्, अनि व्यूँझेपछि एउटा गुफामा रत्नोच्चयसँग भेट्‌तछन्, उनले पनि रत्नोच्चय सूत्रको राम्रोसँग व्याख्या गरिदिन्छन् । यसपछि चिन्तामणिराज्य नामको एउटा रत्नले जम्बुद्वीपमा धनसंपत्तिको वर्षा गरेको कुरा राजाले त्यसै सपत्तिद्वारा गरेको सुवर्णप्रभासको पूजाको वर्णन शाक्यमुनि र रत्नोच्चय भिक्षु अभेद हुन् भन्ने कुरा र पूर्व दिशाका अधिपति अक्षोभ्य तथागत पनि उनै हुन् भन्ने कुराको विशद वर्णन पनि छ ।

पन्ध्रौँ परिवर्तमा यो आरक्षा नामक परिवर्त हो, आरक्षा नाम रहेको यक्षगण र देवताले यो सूत्र सुन्नेहरूलाई रक्षा गर्ने प्रतिज्ञा गरेकोले हो भन्ने कुरा बुद्धको उपासना र पूजा गर्न इच्छा गर्नेले यो सूत्रेन्द्रराज सुन्नुपर्दछ भन्ने कुरा

धर्म धातुमा प्रवेश गर्नेले मात्र शाक्यमुनिको साक्षात्कार पाउँछ भन्ने कुरा शाक्य-मुनिद्वारा यस सूत्रको व्याख्या, यो सूत्र कसरी सुन्नुपर्छ भन्ने कुरा, यो सुन्नाले असंख्य आश्चर्यदायक विषय उत्पत्ति भएको कुरा, यो सूत्र सुन्नेका ग्रहनक्षत्रजन्य पीडा समाप्त हुन्छन् र त्यसको सर्वत्र सम्मान हुन्छ तथा हारीति चण्डा, चण्डालिका आदि स्त्री देवताले सूत्र श्रवण गर्नेलाई रक्षा गरिरहन्छन् भन्ने कुरा र संपूर्ण देवता यो सूत्र श्रवणबाट खुशी हुन्छन् र जम्बुद्वीपलाई समृद्धिशाली बनाउँछन् भन्ने आदि कुराको वर्णन छ ।

सोह्रौँ परिवर्तमा भगवान्ले दश हजार देवपुत्रले सम्यक्-संबोधि बुद्धत्व प्राप्त गर्छन् भन्ने भविष्यवाणी गरेको र यसै कुराको विशद व्याख्या गरिएको छ । बोधिसत्व ससुच्चया नामकी कुलदेवताले बुद्धज्ञानको लागि भगवान्संग प्रार्थना गर्नु, ती दश हजार देवपुत्रले बोधि प्राप्त गर्न संकल्प गर्नु, त्यसै विषयमा भविष्य-वाणी हुनु, त्यस भविष्यवाणीमा रुचिरकेतु सुवर्णप्रभासित नामक लोकधातुमा सम्यक्संबोधि प्राप्त गर्नेछन् र सुवर्णरत्नाकरच्छत्रकूट नामक तथागत भएर जन्मनेछन् भन्ने आदि कुराको विशद वर्णन यसमा गरिएको छ ।

पूर्वोक्त दश हजार देवपुत्रहरूले पहिल्यै बोधिचर्याको अनुष्ठान नगरेको र पछि उनीहरू कसरी तथागत हुन पुगे ? भन्ने प्रश्नको उत्तरमा "उनीहरूले अति पवित्र यस सुवर्णप्रभास सूत्रको सम्झना र पूजाबाट नै उनीहरूले श्रेष्ठ बुद्धत्व प्राप्त गरेका हुन् भन्ने आदि कुराको वर्णन पनि यसमा गरिएको छ ।

सत्रौँ परिवर्तमा रोग-शमन गर्ने कुराको विवरण दिइएको छ । रत्न-शिखी तथागतको धर्मको अवनति भएपछि सुरेश्वर नामक एउटा धार्मिक राजा भए । उनको राज्यमा जटिंघर श्रेष्ठी अष्टाङ्ग आयुर्वेदका ज्ञाता भए र उनका छोरा जलवाहनले संपूर्ण विद्या प्राप्त गरे भन्ने कुरा भनी सुरेश्वरप्रभ राजाको राज्यमा रोग फैलियो र जलवाहनले जटिंघरसँग सोधी सबैको रोग निको पारेको कुराको वर्णन छ ।

अठारौँ परिवर्तमा जलवाहनले अटवीसंभवा नामक पोखरीमा रहेका दश हजार माछाहरूलाई घाम लागेको वेलामा रूखको हाँगा-हाँगा भाँची शीतल पारेको, पानी नहुँदा पानी ल्याएर बचाएको र भोकाउँदा आहारा दिएर रक्षा गरी आखिरमा सम्यक्-संबुद्ध रत्नशिखी तथागतको नाम सुनाएर ती दश हजार माछालाई बौद्ध-धर्ममा प्रवेश गराएको बड़ो राम्रो रोचक कथा छ र अन्यमा शुद्धोदन जटिंघर श्रेष्ठी भएको, गोपा जलाम्बुजगर्भा भएको, राहुलभद्र र आनन्द जलाम्बर र जलगर्भ भएको र ज्वलनान्तर तेजोराज प्रमुख दश हजार देवपुत्रहरू

अटवीसंभवा पोखरीमा दश हजार माछा भएको कुरा र बोधिसत्व समुच्चया कुलदेवता वृक्षदेवताको रूपमा जन्मेको आदि कुराको बडो मजासँग वर्णन गरिएको छ।

उन्नाइसौँ परिवर्तमा भगवान् (बुद्ध)ले कुलदेवता बघिनीका संमुख आफ्नो शरीर परित्याग गरेको बडो मजाको कथा छ, यस कथाको विशेषता के छ भने भौतिक जीवनको क्षणभङ्गुरता, दया करुणा गर्नुपर्छ, परोपकार गर्नु नै जीवनको चरम लक्ष्य हो भन्ने कुराको दृष्टान्तमा बुद्धले बघिनीका समक्ष आफ्नो शरीर समर्पण गरेको कुराको वर्णन छ। कथा रोचक मात्र नभई यहाँ जेजति जन्मन्छन् ती सबै पूर्वजन्मकै तारतम्यबाट हुन आउँछन् भन्ने कुराको यसबाट पुष्टि मिल्दछ। यस कथामा राजकुमारले महासत्वको रूपमा, शुद्धोदन राजाले राजा महारथको रूपमा, मायादेवीले उनकी रानीको रूपमा, मैत्रेयले महाप्रणादको रूपमा, मञ्जुश्रीले महादेवीको रूपमा, महाप्रजापति (गौतमी)ले व्याघ्री (बघिनी)को रूपमा, र पाँच भिक्षुले बघिनीका पाँचवटा छाउराका रूपमा जन्म लिएका थिए भन्ने कुरा र भगवान्का हाडहरूको संचय गरिएको स्वरूप निस्केर त्यो भगवान्-कै अलौकिक प्रभावद्वारा अन्तर्धान भएको भन्ने कुराको राम्रो वर्णन छ।

बीसौँ परिवर्तमा सुबर्णरत्नाकर छत्रकूट नामक तथागतको आध्यात्मिक माहात्म्यलाई काम गर्नाका निमित्त सयौँ सयौँ बोधिसत्वद्वारा भनिएका गाथाहरू छन्। यस परिवर्तमा रुचिरकेतु बोधिसत्वले गाथाहरूद्वारा भगवानको आध्यात्मिक दीप्तिको वर्णन गरिएको छ।

एक्काइसौँ परिवर्तमा बोधिसत्व समुच्चया कुलदेवताले भगवान्को गौरव व्यक्त गर्न विशेष गरी सर्वशून्यतामा ध्यान दिँदै गाथाहरू भनेकी छन्। तथा भगवान्ले स्वयं बोधिसत्व समुच्चया कुलदेवताको कामका निमित्त प्रशंसा गर्नुभएको छ।

यसरी यस सुवर्णप्रभास उत्तमसूत्रेन्द्रराजका एक्काइस परिवर्त रहेका छन्। जसको अध्ययन र मननबाट सम्यक-संबोधि प्राप्त गर्न र बुद्ध-ज्ञानको सत्य अहिंसा आदि अष्टाङ्ग मार्गद्वारा परिनिर्वाण प्राप्त हुने कुरा अवश्यंभावी छ।

नेपालका महान् पुत्र शान्तिका अग्रदूत भगवान् बुद्धका चरित्र र उपदेश-बाट कोरा वैज्ञानिक विकासका भयले टुप्पिएर गएको उद्भ्रान्त र त्रस्त विश्वका

लागि कल्याण हुने बुद्धमार्ग वा बुद्ध-दर्शन सांध्य भाषावाट नेपाली भाषामा अनुवाद गरी संपूर्ण नेपालीहरूलाई प्राचीन महत्वपूर्ण देनको रसास्वादन गराउने राजकीय प्रज्ञा-प्रतिष्ठानको यस कार्यमा आफूले सक्तो सहयोग गर्न पाएकोमा अनुवादक गौरवको अनुभव गर्दछ। अस्तु।

—विनीत अनुवादक

# शुद्धि पत्र

| पृष्ठ | पंक्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| ४ | ७ | क, म | को, मा |
| | १६ | ाद | दि |
| ५ | १७ | ण | णा |
| ६ | २ | , | र |
| ७ | ३१ | ध | धा |
| ८ | ११ | प | पा |
| १२ | ७ | ाभ | भि |
| १८ | २३ | जहाँ गयो जहाँ | जहाँ जहाँ गयो |
| २० | १३ | णा | जा |
| २० | २७ | जे | के |
| २१ | ५ | त्म | त्य |
| २४ | २६ | न | नै |
| २५ | ११ | ने | नै |
| २७ | १४ | च | चा |
| ” | २२ | भ | ग |
| २८ | ७ | क्ष | क्षु |
| ” | १८ | | न्द्र |
| ” | २३ | भ | ग |
| ३१ | १० | न | ने |
| ३३ | १ | | क |
| ” | ११ | हा | रा |
| ३४ | ४ | क | य |
| ” | ६ | क | क |
| ” | १५ | र | रि |
| ” | २२ | | प |

| पृष्ठ | पंक्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| ३५ | २८ | म | त |
| ” | २८ | ह | हु |
| ३६ | ७ | ने | प्रे |
| ” | २५ | · | प |
| ” | ३० | .। | प |
| ३७ | ३ | ग | प |
| ” | २३ | : | हु |
| ” | ३० | छ | छा |
| ” | ३० | म | म्य |
| ३९ | ५ | पा | वा |
| ” | १७ | श्य | ष्य |
| ” | २० | ” | ता |
| ” | ” | श्य | ष्य |
| ४० | ३ | भ | भि |
| ४१ | ३ | तै | स्तै |
| ४३ | ४ | रारम | रास |
| ४४ | २२ | .शं | सं |
| ” | २३ | म | मि |
| ४५ | ५ | ... | कौडिन्य |
| ” | २० | ल | लि |
| ” | २२ | प्र | प्रा |
| ” | २८ | ययी | रूपी |
| ४६ | २० | महादेवी | सरस्वती |
| ” | २१ | नवौं | आठौं |
| ५२ | ३० | श | सं |
| ” | ३१ | च | च्छ |
| ५३ | १५ | प्र | प्रा |
| ” | २७ | ` | सै |
| ” | ३० | ” | म |
| ५५ | ४ | ड | ड |

| पृष्ठ | पंक्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| ५९ | २४ | सा | मा |
| ५९ | २१ | सू | मू |
| ६१ | ४ | कं | कों |
| ६२ | ३ | ब | बा |
| ६४ | ३ | चे | ले |
| ६४ | २९ | का | क |
| ६९ | १७ | ि | पि |
| ” | १९ | ाच | चि |
| ७० | १७ | वी | पी |
| ” | २८ | • | प |
| ” | ” | ” | ग |
| ७१ | १२ | ’ | श. |
| ७२ | २८ | न | नि |
| ७३ | ५ | मा | म |
| ७३ | १७ | थ. | था |
| ७५ | ६ | न | नि |
| ७८ | १ | हँ | हाँ |
| ८० | ९ | ने | नी |
| ८३ | १९ | हि | ति |
| ८७ | ९ | ल | स |
| ” | २६ | छे | छो |
| ८८ | १ | ई | इ |
| ” | २३ | ठी | ठि |
| ” | २४ | आत्म | आत्म- |
| ” | २८ | फनु | फनू |
| ८९ | ३ | छ्यौ | छ्यौं |
| ” | १६ | त | स |
| ” | २७ | मिग | मिगे |
| ९० | ३ | का | क |
| ९१ | २४ | ई | इ |

| पृष्ठ | पंक्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| ९२ | २९ | भ | भा |
| ९३ | १४ | सू | सु |
| ९४ | २ | ध | ग |
| ९४ | २० | र | × |
| ,, | ३१ | पुगी | पुगे र |
| ९५ | ११ | य | व |
| ,, | १७ | ऊ | ऊँ |
| ९६ | २ | नि | मि |
| ,, | १७ | ग | भ |
| ९७ | ८ | ली | लि |
| ,, | १५ | स | श |
| ,, | १८ | स | श |
| ,, | २१ | डया | ड्या |
| ९८ | ६ | अ | आ |
| ,, | १३ | योनै | यिनै |
| ,, | २७ | प्र | स |
| ९९ | ६ | सु | सू |
| ,, | ८ | म्रो | म्रा |
| १०० | १ | मु | गु |
| ,, | ,, | वि | बि |
| ,, | ६ | ल | ला |
| ,, | ११ | क | म्क |
| ,, | १७ | ठ | ट |
| ,, | ,, | व | ब |
| ,, | ,, | सी | शी |
| ,, | २१ | व | व |
| १०२ | १ | तं: | तं |
| ,, | २ | थ | था |
| ,, | ५ | एव | एय |
| ,, | २३ | वै | वै |

| पृष्ठ | पंक्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| १०३ | ९ | ध | व |
| ,, | १० | एक प्रात्र | एक मात्र |
| ,, | १४ | वै | वै |
| १०३ | १५ | शू य | शून्य |
| १०४ | १० | मी | मि |
| ,, | १८ | अ य | अत्य |
| ,, | २३ | त्मा | त्म्य |
| १०७ | ४ | डिन्थ | डिन्थ |
| ,, | ८ | प | य |
| ,, | १५ | ब | वृ |
| ,, | २१ | बि | वि |
| ,, | २५ | द | द्र |
| १०८ | २ | म्प | म्य |
| ,, | ८ | क | क |
| ,, | १२ | व | प |
| ११० | ४ | र्व | र्व |
| ,, | १२ | ब | व |
| १११ | १२ | ब | व |

Acc. 1053/90423

मुद्रकः— आदर्श छापाखाना, थापाथली, फो. नं. १२४२६